# अन्तिम लेखापरीक्षण प्रतिवेदन

## पटेर्वा सुगौली गाउँपालिका
## पर्सा

आर्थिक वर्ष २०७९/८०





महालेखापरीक्षकको कार्यालय
काठमाडौं, नेपाल

# अन्तिम लेखापरीक्षण प्रतिवेदन

## पटेर्वा सुगौली गाउँपालिका
## पर्सा

आर्थिक वर्ष २०७९/८०




महालेखापरीक्षकको कार्यालय
काठमाडौं, नेपाल

# अन्तिम लेखापरीक्षण प्रतिवेदन

## पटेर्वा सुगौली गाउँपालिका

## पर्सा

आर्थिक वर्ष २०७९/८०

महालेखापरीक्षकको कार्यालय
काठमाडौं, नेपाल

## दूरदृष्टि
## (VISION)

जवाफदेहिता, पारदर्शिता र निष्ठा प्रवर्द्धन गर्ने विश्वसनीय संस्था

*(Be Credible Institution in Promoting Accountability, Transparency and Integrity)*

## गन्तव्य
## (MISSION)


राष्ट्रलाई स्वतन्त्र एवं गुणस्तरीय लेखापरीक्षण सेवा प्रदान गर्ने

*(Provide independent and Quality Audit Service to the Nation)*

## मूल्य मान्यता
## (Core Values)

| | |
|---|---|
| निष्ठा | *(Integrity)* |
| स्वतन्त्रता | *(Independence)* |
| व्यावसायिकता | *(Professionalism)* |
| पारदर्शिता | *(Transparency)* |
| जवाफदेहिता | *(Accountability)* |

# महालेखापरीक्षकको भनाइ



नेपालको संविधानको धारा २४१ मा संघ, प्रदेश र स्थानीय तहको लेखा कानुन बमोजिम नियमितता, मितव्ययिता, कार्यदक्षता, प्रभावकारिता र औचित्य समेतको विचार गरी महालेखापरीक्षकबाट लेखापरीक्षण हुने व्यवस्था छ। त्यसैगरी लेखापरीक्षण ऐन, २०७५ को दफा २० को उपदफा २ मा महालेखापरीक्षकले प्रत्येक स्थानीय तहको लेखापरीक्षण सम्पन्न गरी अलग अलग प्रतिवेदन जारी गर्न सक्ने व्यवस्था छ । लेखापरीक्षण गर्दा नेपाल सरकारी लेखापरीक्षणमान, लेखापरीक्षण मार्गदर्शन, स्थानीय तह लेखापरीक्षण निर्देशिका, महालेखापरीक्षकको वार्षिक लेखापरीक्षण योजना र स्थानीय तहसँग सम्बन्धित ऐन, नियमलाई आधार लिईएको छ । यस स्थानीय तहको २०७९/८० को लेखापरीक्षणबाट देखिएका व्यहोरा उल्लेख गरी प्रारम्भिक प्रतिवेदन जारी गरिएकोमा सो उपर प्राप्त प्रतिक्रिया समेत विचार गरी राय सहितको प्रतिवेदन जारी गरिएको छ ।

वित्तीय विवरणको शुद्धता, प्रचलित कानुनको परिपालना, बजेट तथा योजना तर्जुमा एवं कार्यक्रम कार्यान्वयन, खरिद व्यवस्थापन, सार्वजनिक सेवा प्रवाह, आन्तरिक नियन्त्रण प्रणाली, आन्तरिक आय परिचालन, जनशक्ति व्यवस्थापन, जिम्मेवारी एवं जवाफदेहिता लगायतका विषयहरूको अध्ययन, विश्लेषण तथा मूल्याङ्कन गर्नुका साथै स्रोत साधनको प्राप्ति, उपयोग एवं परिचालन सन्दर्भमा मितव्ययिता, कार्यदक्षता र प्रभावकारिता समेतलाई दृष्टिगत गर्दै कार्यान्वयनयोग्य सुझाव प्रदान गरी सुशासन कायम गर्न सहयोग गर्नु लेखापरीक्षणको उद्देश्य रहेको छ । समय, जनशक्ति, स्रोतको उपलव्धता लगायतका सीमा रहेता पनि स्थानीय तह सम्म नै उपस्थित भई लेखापरीक्षण सम्पन्न गर्ने नीति लिइएको छ।यसै गरी लेखापरीक्षणको क्रममा स्थानीय तहका पदाधिकारी तथा जिम्मेवार कर्मचारीहरूसँग लेखापरीक्षणबाट देखिएका व्यहोरा उपर छलफल गरिएको छ।

यस वर्ष स्थानीय तहको लेखापरीक्षणबाट कार्यसम्पादनका लागि आवश्यक पर्ने कतिपय कानुन निर्माण हुन बाँकी रहेको, कानुनको पूर्ण परिपालना हुन नसकेको, बजेट अनुशासन कमजोर रहेको, आन्तरिक आय न्यून रहेको, प्रशासनिक तथा अनुत्पादक खर्चमा वृद्धि हुँदै गएको, एउटै योजना समेत टुक्र्याई कार्य गर्ने गरेको, वर्षान्तको खर्च उच्च रहेको, निर्माणको सुनिश्चितता नभएका आयोजनाहरुको समेत परामर्शदाताद्वारा विस्तृत आयोजना प्रतिवेदन तयार गरी खर्च गरेको, जटिल प्रकृतिका कार्यहरू समेत उपभोक्ता समितिबाट गराएको, जनशक्ति व्यवस्थापन हुन नसक्दा सेवा प्रवाह प्रभावकारी हुन नसकेको, स्वीकृत दरबन्दी बेगरका कर्मचारी समेत नियुक्ति गरेको, आन्तरिक नियन्त्रण र लेखाङ्कन तथा प्रतिवेदनमा सुधार गर्नु पर्ने देखिएको, सार्वजनिक सम्पत्ति संरक्षण र उपयोग प्रभावकारी रुपमा हुन नसकेको, स्थानीय तहमा लेखापरीक्षण प्रतिवेदन उपर छलफल र बेरुजु फर्स्यौट सम्बन्धी स्पष्ट कार्यविधि तर्जुमा गर्न बाँकी रहेको जस्ता व्यहोरा देखिएका छन्। त्यस स्थानीय तहसँग सम्बन्धित व्यहोरा सहितको राय संलग्न गरिएको छ । एकै प्रकृतिका व्यहोराहरू वर्षेनी दोहोरिने गरेकोले वित्तीय अनुशासनमा अपेक्षित रुपमा सुधार हुन सकेको छैन ।अतः लेखापरीक्षणबाट औंल्याएका ब्यहोराहरू उपर आवश्यक कारबाही गरी वित्तीय अनुशासन कायम गर्नुका साथै सेवा प्रवाहलाई प्रभावकारी बनाउन त्यस स्थानीय तहबाट थप पहल कदमी हुने विश्वास लिएको छु ।

अन्तमा, स्थानीय तहको लेखापरीक्षणमा सहयोग पुऱ्याउने स्थानीय तहका पदाधिकारी तथा कर्मचारीप्रति आभार व्यक्त गर्दछु । साथै लेखापरीक्षण कार्यमा संलग्न यस कार्यालयका कर्मचारीहरूको कार्यसम्पादनको लागि विशेष धन्यवाद व्यक्त गर्दछु ।

**(तोयम राया)**

२०८१ **महालेखापरीक्षक**

महालेखापरीक्षकको कार्यालय
अनामनगर/बबरमहल, काठमाडौं, नेपाल

**प्रादेशिक लेखापरीक्षण महानिर्देशनालय**
मधेश प्रदेश

मितिः२०८१।०२।११

प.सं. २०८०।८१

च.नं.११६

विषयः **लेखापरीक्षण प्रतिवेदन ।**

श्री अध्यक्ष ज्यू ,

पटेर्वा सुगौली गाउँपालिका, गाउँ कार्यपालिकाको कार्यालय,

पटेर्वा सुगौली , पर्सा ।

१. **कैफियत सहितको राय** – हामीले पटेर्वा सुगौली गाउँपालिकाको आर्थिक वर्ष २०७९/८० को प्राप्ती र भुक्तानीको विवरण, त्यससँग सम्बन्धित अनुसूची तथा अन्य विवरणको लेखापरीक्षण गरेका छौं ।

हाम्रो रायमा, यस प्रतिवेदनको कैफियत सहितको राय व्यक्त गर्ने आधार खण्डमा उल्लेख भएका विषयले पार्ने असर बाहेक पेस भएको २०८० आषाढ ३१ मा समाप्त भएको आर्थिक वर्ष २०७९/८० को प्राप्ती र भुक्तानीको विवरण र त्यससँग सम्बन्धित अनुसूची तथा अन्य विवरण समावेश भएको वित्तीय प्रतिवेदनले यस पालिकाको वित्तीय कारोबार र प्रतिवेदनसँग सम्बन्धित प्रचलित कानुन बमोजिम सारभूतरूपमा सही तथा यथार्थ अवस्था चित्रण गर्दछ।

२. **कैफियत सहितको राय व्यक्त गर्ने आधार**

२.१. पालिकाले अन्तरसरकारी अख्तियारी, आन्तरिक आय तथा विविध कोष लगायतको वित्तीय विवरण महालेखापरीक्षकबाट स्वीकृत नेपाल सार्वजनिक क्षेत्र लेखामानको ढाँचा पूर्ण रुपमा प्रयोग गरेर तयार गरेको छैन ।

२.२. लेखापरीक्षणबाट रू. ७ करोड ४३ लाख ६ हजार बेरुजू देखिएको छ । सो सम्बन्धमा प्रतिक्रिया प्राप्त नभई बाँकी बेरुजु असुल गर्नुपर्ने रू.१९ लाख , प्रमाण कागजात पेस गर्नुपर्ने रू. ६ करोड ३२ लाख ४४ हजार, नियमित गर्नुपर्ने रु. ४५ लाख ५२ हजार र पेश्की बाँकी रु.४६ लाख ९ हजार समेत गरी यस वर्ष रु. ७ करोड ४३ लाख ६ हजार बेरुजू कायम रहेको छ । पटेर्वा सुगौली गाउँपालिकाको गतवर्ष सम्म रु.१८ करोड १९ लाख १५ हजार बेरुजू बाँकी रहेकोमा हालसम्मको अद्यावधिक बेरुजू रु.२५ करोड ६२ लाख २१ हजार रहेको छ । पटेर्वा गाउँपालिकाको बेरुजु वर्गीकरण, अद्यावधिक बेरुजु स्थिति र बेरुजु सम्परीक्षणको व्यहोरा यसैसाथ संलग्न छ ।

हाम्रो लेखापरीक्षण कार्य नेपालको संविधान, लेखापरीक्षण ऐन तथा महालेखापरीक्षकको कार्यालयले अवलम्बन गरेका नेपाल सरकारी लेखापरीक्षण मान, मार्गदर्शन तथा लेखापरीक्षणसँग सम्बन्धित अन्य प्रचलित कानुन बमोजिम गरिएको छ । वित्तीय प्रतिवेदन तयार गर्ने पटेर्वा सुगौली गाउँपालिकासँग हामी स्वतन्त्र छौं। त्यसका लागि प्रचलित कानुन र स्वीकृत आचारसंहिता अनुसार हामीले कार्य गरेका छौं ।लेखापरीक्षणको क्रममा प्राप्त गरेका लेखापरीक्षण प्रमाणहरू हाम्रो राय व्यक्त गर्ने आधारका लागि पर्याप्त र उपयुक्त छन् भन्ने कुरामा हामी विश्वस्त छौं।

३. **अन्य व्यहोरा -** ऐन नियमको परिपालना, आन्तरिक नियन्त्रण व्यवस्था, सम्पत्तिको संरक्षण, स्रोत साधनको प्राप्ति र उपयोग, बजेट व्यवस्थापन र राजस्व संकलन, सार्वजनिक खरिद व्यवस्थापन, कार्यक्रम स्वीकृति एवं कार्यान्वयन, उपभोक्ता समितिलाई अनुदान वितरण तथा अनुगमन र सेवा प्रवाहलगायतका विषयमा सुधार गर्नुपर्ने देखिएका छन् ।

४. **वित्तीय विवरण उपर व्यवस्थापन तथा पदाधिकारीको जिम्मेवारी -** नेपाल सार्वजनिक क्षेत्र लेखामान (नगदमा आधारित) बमोजिम आर्थिक कारोवारको सही र यथार्थ अवस्था चित्रण हुने गरी एकीकृत वित्तीय विवरण तयार गर्ने तथा गल्ती (Fraud) वा त्रुटिका कारणबाट वित्तीय विवरण सारभूत रुपमा गलत आँकडा रहित स्वरुपमा बन्ने गरी आवश्यक आन्तरिक नियन्त्रण प्रणाली लागु गर्ने जिम्मेवारी पटेर्वा सुगौली गाउँपालिकाको व्यवस्थापनमा रहेको छ । पालिकाका अध्यक्ष र प्रमुख प्रशासकीय अधिकृत वित्तीय प्रतिवेदन प्रकृयाको अनुगमनका लागि जिम्मेवार हुनेछन् ।

५. **वित्तीय विवरणको लेखापरीक्षण उपर लेखापरीक्षकको जिम्मेवारी -** वित्तीय प्रतिवेदन समग्रमा गल्ती (Fraud) वा त्रुटिका कारण सारभूत रुपमा गलत आँकडा रहित रहेको छ भनी यथोचित आश्वस्तता प्राप्त गरी राय सहितको लेखापरीक्षण प्रतिवेदन जारी गर्नु लेखापरीक्षणको उद्देश्य हो ।लेखापरीक्षणमा यथोचित आश्वस्तताले उच्च स्तरको आश्वस्तता प्रदान गरेको हुन्छ । लेखापरीक्षण ऐन तथा महालेखापरीक्षकको कार्यालयले अवलम्वन गरेका नेपाल सरकारी लेखापरीक्षण मान, मार्गदर्शन तथा लेखापरीक्षणसँग सम्बन्धित अन्य प्रचलित कानुन बमोजिम लेखापरीक्षण कार्य सम्पादन गरेको अवस्थामा समेत आन्तरिक नियन्त्रण र वित्तीय प्रतिवेदनको प्रकृति, लेखापरीक्षणका विधि तथा लेखापरीक्षण सम्पन्न गर्न लागेको समय जस्ता लेखापरीक्षणका अन्तरनिहित सीमाहरुका कारण वित्तीय विवरण वा आर्थिक कारोवारमा भएका सबै प्रकारका गल्ती (Fraud) वा त्रुटि पत्ता लाग्न सक्ने निश्चितता हुदैन । वित्तीय विवरणका उपयोगकर्ताले सामान्यतया गर्ने आर्थिक निर्णयमा फरक पार्ने अवस्था देखिएका गल्ती (Fraud) वा त्रुटिका एक वा समग्र सूचनालाई सारभूत रुपमा गलत आँकडा मानिएको छ ।

( श्यामप्रसाद भण्डारी )

**नायब महालेखापरीक्षक**

# पटेर्वा सुगौली  गाउँपालिका,
# पटेर्वा सुगौली ,पर्सा

## १. चालु वर्ष २०७९।८० को बेरुजु

### बेरुजु वर्गीकरण (विनियोजन, राजस्व, धरौटी र अन्य कारोबार)

(रु. हजारमा)

| प्रारम्भिक बेरुजु | | | प्रतिक्रियाबाट फस्योंट | | | बाँकी बेरुजु | | | बेरुजु | | | | | | |
|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|
| | | | | | | | | | असुल गर्नु पर्ने | नियमित गर्नुपर्ने | | | | | पेस्की |
| दफा संख्या | | | दफा संख्या | | | दफा संख्या | | | | | | | | | |
| सैद्धान्तिक | लगती | रकम | सैद्धान्तिक | लगती | रकम | सैद्धान्तिक | लगती | रकम | असुल गर्नु पर्ने | अनियमित भएको | प्रमाण कागजात पेश नभएको | जिम्मेवारी नसारेको | सोधभर्ना नलिएको | जम्मा | पेस्की |
| १२१ | ३०८ | ७४३०६ | | | | १२१ | ३०८ | ७४३०६ | १९०० | ४५५२ | ६३२४४ | | | ६९६९६ | ४६०९ |

## २. अद्यावधिक बेरुजु स्थिति (२०७९।८० सम्मको)

(रु. हजारमा)

| जिल्ला | गत वर्ष सम्मको बाँकी | समायोजन | यो वर्ष फस्योंट | बाँकी बेरुजु | यो वर्ष सम्परीक्षणबाट कायम बेरुजु | यो वर्षको बेरुजु | कुल बेरुजु बाँकी |
|---|---|---|---|---|---|---|---|
| पर्सा | १८१९१५ | | | १८१९१५ | | ७४३०६ | २५६२२१ |

## ३. बेरुजु सम्परीक्षणको विवरण

| क्र. सं | आर्थिक वर्ष | बेरुजुको दफा | छोटकरी व्यहोरा | सम्परीक्षण भएको रकम |
|---|---|---|---|---|
| | २०७९।८० (चालु वर्षको) | पेश नभएको | | |
| १ | ०७९।८० | | | |
| २ | ०७९।०८० | | | |
| ३ | ०७९।०८० | | | |
| | चालु वर्षको जम्मा | | | |
| | गत विगत वर्षतर्फको | | | |
| | २०७८।७९ | | | |
| | २०७७।७८ | | | |
| | २०७६।७७ | | | |
| | गत विगतको जम्मा | | | |
| | कुल जम्मा | | | |

पालिकाको अन्तिम लेखापरीक्षणको विवरण तल उल्लेख गरिएको छ ।

# परिचय

## १ परिचय

**(क) कार्यालय परिचय -** स्थानीय सरकारले संचालन गर्ने कार्यमा सहकारिता, सह—अस्तित्व र समन्वयलाई प्रवर्दन गर्नु र स्थानीय सरकारका काममा जनसहभागि ता, उत्तरदायित्व, पारदर्शिता सुनिश्चित गरी नागरिकलाई गुणस्तरीय सेवा प्रदान गर्नु यस पालिकाको उद्देश्य रहेको छ ।

**(ख) लेखापरीक्षणको उद्देश्य -** लेखापरीक्षण गरिने निकायको वित्तीय विवरण तथा कारोबारको परीक्षण गरी उचित आश्वस्तता (Reasonable Assurance) प्रदान गर्नु वित्तीय लेखापरीक्षणको उद्देश्य हो । यस कार्यालयको आर्थिक वर्ष २०७९।८० को सबै प्रकारका आर्थिक कारोबारको परीक्षण एवं प्रचलित कानूनको परिपालनाको मूल्याङ्कन गरी प्रतिवेदन गर्नु लेखापरीक्षणको उद्देश्य हुनेछ।

**(ग) लेखापरीक्षणको क्षेत्र र अवधि -** यस कार्यालयको विनियोजन, राजश्व, धरौटी, कोष तथा अन्य आय-व्यय, मौज्दात हिसाब, आर्थिक व्यवस्थापन, कार्यक्रम सञ्चालन, जिन्सी व्यवस्थापन, जनशक्ति व्यवस्थापन तथा सेवा प्रवाह लगायत आर्थिक वर्ष २०७९।८० मा सञ्चालित क्रियाकलापलाई लेखापरीक्षण क्षेत्रमा समावेश गरिएको छ । स्थलगत लेखापरीक्षणको अवधि २०८०।९।१ देखि २०८०।९।३ सम्म रहेको छ ।

**(घ) लेखापरीक्षण विधि -** लेखापरीक्षण ऐन, २०७५ र नेपाल सरकारी लेखापरीक्षण मानदण्ड तथा मार्गदर्शनमा नमूना छनौट गरी लेखापरीक्षण सम्पन्न गर्न सकिने आधार तथा कार्यालयले स्वीकृत गरेको जोखिममा आधारित लेखापरीक्षण योजनाका आधारमा निकायको आन्तरिक नियन्त्रणको परीक्षण तथा विश्लेषणात्मक र विस्तृत परीक्षण विधि अवलम्वनबाट लेखापरीक्षण सम्पन्न गरी प्रतिवेदन जारी गरिएको छ । लेखापरीक्षण गर्दा देखिएका व्यहोरा सम्बन्धमा कार्यालय प्रमुख तथा लेखा प्रमुख लगायतका पदाधिकारीहरूसँग छलफल सम्पन्न गरी कायम भएका व्यहोराहरू यस प्रतिवेदनमा समावेश गरिएको छ ।

**(ङ) लेखापरीक्षणको सीमा -** लेखापरीक्षण ऐन, २०७५ र नेपाल सरकारी लेखापरीक्षण मानदण्ड, २०७७ तथा मार्गदर्शनमा नमूना छनौट गरी लेखापरीक्षण सम्पन्न गर्न सकिने आधार तथा महालेखापरीक्षकको कार्यालयले नेपाल लेखापरीक्षण व्यवस्थापन प्रणाली (NAMS) अवलम्बन गरी स्वीकृत भएको जोखिममा आधारित लेखापरीक्षण योजना, लेखापरीक्षण गरिएको निकायबाट पेश भएका लेखा एवं सोसँग सम्बन्धित कागजात, विवरण, लिखित प्रतिनिधित्व पत्र, लेखापरीक्षण अनुबन्ध पत्र समेतको आधारमा लेखापरीक्षण सम्पन्न गरी प्रतिवेदन जारी गरिएको छ । आम्दानी तथा खर्चलाई नतिजासँग तुलना गरी विश्लेषण गर्नका लागि पर्याप्त भौतिक एवं स्थलगत अवलोकन गर्न

भौगोलिक कठिनाइ, समय सीमा, स्रोतको उपलब्धता, प्रमाणको प्रकृति तथा पहुँच जस्ता अन्तर्निहित जोखिमहरु सीमाको रुपमा रहेका छन् । सारभूत रूपमा उल्लेखनीय नदेखिएका व्यहोरालाई प्रतिवेदनमा समावेश गरिएको छैन ।

**(च) आर्थिक कारोबारको स्थिति -** कार्यालयको आय – व्ययतर्फ रु. ५५,९२,२१,३०२.५०, सम्पत्ति तथा दायित्व तर्फ रु. ० को गरी जम्मा रु. ३२५९०९३३.६४ को लेखापरीक्षण सम्पन्न गरिएको छ । सो को बिष्तृत विवरण अनुसूची -१ मा संलग्न छ ।

**(छ) लेखापरीक्षणमा परीक्षण गरिएका मुख्य विषयहरु -** लेखापरीक्षण योजना अनुसार परीक्षण गरिएका विषयहरु अनुसूची –२ मा संलग्न छ ।

**(ज) लेखापरीक्षणको क्रममा असुली -** लेखापरीक्षणको क्रममा निम्नानुसारको रु.३५६६८। असुल भइ दाखिला प्रमाण पेश भएको छ ।

| सि.नं | बिवरण | रकम रु. |
|---|---|---|
| १ | बढी भुक्तानी र कर कट्टी रकम असुली भई दाखिला भएको | ३५६६८ |

# लेखापरीक्षणबाट देखिएका व्यहोराहरु

२ **वित्तीय प्रतिवेदन -** स्थानीय सरकार सञ्चालन ऐन, २०७४ को दफा ७२ मा नेपाल सरकारले निर्धारण गरे बमोजिमको आय र व्ययको वर्गीकरण तथा खर्च शीर्षक सम्बन्धी व्यवस्था अवलम्बन गर्नुपर्ने तथा दफा ७६(२) मा महालेखा परीक्षकबाट स्वीकृत भए बमोजिमको ढाँचामा लेखा राख्नुपर्ने व्यवस्था गरेको छ । पालिकाले २०७६।२।१९ मा महालेखापरीक्षकबाट स्वीकृत भएको सार्वजनिक क्षेत्र लेखामान (NPSAS) अनुसार लेखाङ्कन तथा प्रतिवेदन गर्नुपर्दछ । पालिकाले उपलब्ध गराएको स्थानीय सरकारको कोषको प्राप्ति र भुक्तानीको एकीकृत वार्षिक प्रतिवेदन (म.ले.प.फा.नं २७२) सम्बन्धमा निम्नअनुसार देखिएको छः

| विवरण | यस वर्ष रु. | | | गतवर्ष रु. |
|---|---|---|---|---|
| | बजेट | आफैले गरेको प्राप्ति/भुक्तानी | जम्मा | आफैले गरेको प्राप्ति/भुक्तानी |
| प्राप्ती (क+ख) | ४५७८९३७१७.१० | ३६५९२६७५५.९५ | ३६५९२६७५५.९५ | ३६३९९३१३८.५२ |

| | | | | |
|---|---|---|---|---|
| क. प्राप्ति (संचितकोषमा आम्दानी बाँधिने) | ४५७४५४९५५.१० | ३५८८२३९०५.८५ | ३५८८२३९०५.८५ | ३६१८२०६३८.५२ |
| ११००० कर | ८९९३२०००.०० | ८२०२२५३६.५५ | ८२०२२५३६.५५ | ७९२१६६३८.५२ |
| १३००० अनुदान | ३१३३१३०००.०० | २७६८०१३६९.३० | २७६८०१३६९.३० | २८२६०४०००.०० |
| संघीय सरकार | २९८३६५०००.०० | २६१९५४०८६.३० | २६१९५४०८६.३० | २६८३६७०००.०० |
| प्रदेश सरकार | १४९४८०००.०० | १४८४७२८३.०० | १४८४७२८३.०० | १४२३७०००.०० |
| १४००० अन्य राजस्व | ९४१००००.०० | ० | ० | ० |
| १५००० विविध प्राप्ति | २०००० | ० | ० | ० |
| ३२००० वित्तीय सम्पत्ति | ४४७७९९५५.१० | ० | ० | ० |
| ख. अन्य प्राप्ति | ४३८७६२.०० | ७१०२८५०.१० | ७१०२८५०.१० | २१७२५००.०० |
| वितरण गर्न बाकी राजस्व | ० | ० | ० | ० |
| कोषहरु | ४३८७६२.०० | ३५०६००.०० | ३५०६००.०० | ० |
| धरौटी | ० | ६७५२२५०.१० | ६७५२२५०.१० | २१७२५००.०० |
| संघीय, प्रदेश सरकार वा अन्य कार्यक्रम | ० | ० | ० | ० |
| भुक्तानी (ग+घ) | ४५७८९३७१७.१० | ३८७०६१३४८.१६ | ३८७०६१३४८.१६ | ३८४४२५३९९.२४ |
| ग. भुक्तानी (सञ्चित कोषबाट) | ४५७४५४९५५.१० | ३७९९८१३९१.२२ | ३७९९८१३९१.२२ | ३७७०३६७२४.२० |
| २१००० पारिश्रमिक / सुविधा | १२५४५३०००.०० | ११७११६७२४.१० | ११७११६७२४.१० | २९२०३४३०.९३ |
| २२००० मालसामान तथा सेवाको उपयोग | १२४८२७९५५.१० | ९०१८६१६८.०२ | ९०१८६१६८.०२ | ८३२२३१९३.४८ |
| २५००० सहायता | ७२७५०००.०० | ४३०७०८९.१० | ४३०७०८९.१० | ८४७७१३४७.८९ |

| | | | | |
|---|---|---|---|---|
| (Subsidy) | | | | |
| २७००० सामाजिक सुरक्षा | ७३३१०००.०० | ५२४६४६२.०० | ५२४६४६२.०० | ५२१७६६१.०० |
| २८००० अन्य खर्च | २६०००००.०० | २५७३३२०.०० | २५७३३२०.०० | ४२०९७६३१.९० |
| ३१००० गैर वित्तीय सम्पत्ती / पूँजीगत खर्च | १८९९६८०००.०० | १६०५५१६२८.०० | १६०५५१६२८.०० | १३२५२३४५९.०० |
| घ. अन्य भूक्तानी | ४३८७६२.०० | ७०७९९५६.९४ | ७०७९९५६.९४ | ३८४४२५३९९.२४ |
| कोषहरु | ४३८७६२.०० | ३०५८९६.०० | ३०५८९६.०० | १५८०८३८.०० |
| धरौटी | ० | ६७७४०६०.९४ | ६७७४०६०.९४ | ५८०७८३७.०४ |
| संघीय, प्रदेश सरकार वा अन्य कार्यक्रम | ० | ० | ० | ० |
| ङ. यो वर्षको बचत (न्युन) | | (२११३४५९२.२१) | (२११३४५९२.२१) | (२०४३२२६०.७२) |
| च. गतवर्षको जिम्मेवारी रकम (अ.ल्या) | | ७०८६०२८५.९६ | ७०८६०२८५.९६ | ८३६५४१०.०९ |
| वर्षान्तको बाकी रकम (ङ + च) | | ४९७२५६९३.७५ | ४९७२५६९३.७५ | (१२०६६८५०.६३) |
| | | | | |
| बैंक तथा नगद बाकी | | ४९३७५०९३.७५ | ४९३७५०९३.७५ | ३३७९५४१५.९५ |

३ **वित्तीय विवरणको यथार्थता** - पालिकाको आर्थिक कार्यप्रणालीको लेखाङ्कनको गर्न स्थानीय सञ्चित कोष व्यवस्थापन प्रणाली (सुत्र) प्रयोगमा रहेको छ । आर्थिक कारोबार गर्दा सुत्रको प्रयोग गरी सम्पूर्ण आर्थिक कारोवारको लेखाङ्कन तथा प्रतिवदेन गर्नुपर्दछ भने सोही प्रणालीबाट स्थानीय सरकारको कोषको प्राप्ति र भुक्तानीको एकीकृत वार्षिक प्रतिवेदन (म.ले.प.फा.नं २७२) तयार गर्नुपर्छ । पालिकाले सामाजिक सुरक्षा तथा संरक्षणको रु.७,५४,५७,०००, एकीकृत स्वास्थ्य पूर्वाधार विकास कार्यक्रमको रु.३,९६,७५,३९१, र अन्य रु. समेत गरी रु.११,५१,३२,३९१। सुत्रमा लेखाङ्कन गरेको छैन । जसले गर्दा सुत्रबाट तयार भएको वित्तीय विवरणसमेत पूर्ण नहुँदा पालिकाको यथार्थ आर्थिक अवस्थाको चित्रण गरेको छैन । तसर्थ सबै आर्थिक कारोबार सुत्र मार्फत हुने र सबै कारोबार वित्तीय विवरणमा समावेश गर्ने व्यवस्था गर्नुपर्दछ ।

४ **फरक हिसाब** - यस पालिकाले सुत्रबाट तयार गरेको स्थानीय सरकारको कोषको प्राप्ति र भुक्तानीको एकीकृत वार्षिक प्रतिवेदन (म.ले.प.फा.नं.२७२) ले सबै कारोबार नसमेटेको कारण लेखापरीक्षणका क्रममा पालिकाबाट भएका सबै कारोबार समेटिने गरी एकीकृत आर्थिक विवरण तयार गर्न लगाइएकोमा उक्त दुई विवरणमा देहायअनुसार गत वर्षको जिम्मेवारी रु.१९९३९६२२.२ , यस वर्षको प्राप्ति रु. १४२३७३८८३.७,यस वर्षको भुक्तानी रु.१३९५६९०२१.७र बैङ्क मौज्दात रु.१६७८४१६०.१ फरक परेको छ । सुत्रमा पालिकाको सम्पूर्ण आर्थिक कारोबारहरु समाविष्ट गरी म.ले.प.फा.नं.२७२ ले पालिकाको समष्टिगत आर्थिक कारोबारको यथार्थ अवस्था चित्रण गर्ने व्यवस्था गर्नुपर्दछ ।

| विवरण | गतवर्षको जिम्मेवारी | यसवर्षको प्राप्ति | यसवर्षको भुक्तानी | बैङ्क मौज्दात |
|---|---|---|---|---|
| सुत्र अनुसारको वार्षिक प्रतिवेदन (म.ले.प.फा.नं.२७२) | ७,०८,६०,२८५.९६ | ३६,५९,२६,७५५.९५ | ३८,७०,६१,३४८.१६ | ४,९३,७५,०९३.७५ |
| एकीकृत आर्थिक विवरणअनुसार | ५०९२०६६३.८१ | ५०८३००६३९.७ | ५२६६३०३६९.९ | ३२५९०९३३.६४ |
| फरक | -१९९३९६२२.२ | १४२३७३८८३.७ | १३९५६९०२१.७ | -१६७८४१६०.१ |

५ **फरक जिम्मेवारी** - पालिकाले आफ्नो कारोबारको जिम्मेवारी भिडान गरी हिसाब यकिन गर्नुपर्दछ । पालिकाको गतवर्षको लेखापरीक्षण प्रतिवेदनअनुसार रु.५,२०,४७,८४३। मौज्दात रहेकोमा यो वर्ष रु.५,०९,२०,६६३.८१ जिम्मेवारी सारेको छ । जस अनुसार लेखापरीक्षण प्रतिवेदनमा उल्लेख भएको भन्दा रु.११२७१७९.१९ घटी जिम्मेवारी सारेको सम्बन्धमा यकिन गर्नुपर्ने देखिएको रु...

| | |
|---|---|
| प्रमाण पेश नगरेको | ११,२७,१७९.१९ |

६ **बैङ्क हिसाब विवरण** - स्थानीय सरकार सञ्चालन ऐन २०७४ को दफा ७६ अनुसार पालिकाको कारोबार, आय व्ययको लेखा प्रणाली तथा राजस्व र खर्च शीर्षकको वर्गीकरणअनुसार लेखाङ्कन र बैङ्क हिसाब मिलान विवरण (म.ले.प.फा.नं.२१२) तयार गरी हिसाब भिडान समेत गर्नुपर्दछ । पालिकाले बैङ्क हिसाब मिलान विवरण तयार नगरेको कारण वर्षान्तमा स्रेस्ता र बैङ्क मौज्दात देहायअनुसार छः

| खाता | स्रेस्ताअनुसार मौज्दात रु. | बैङ्क स्टेटमेन्टअनुसार वर्षान्तको मौज्दात रु. | फरक रु. |
|---|---|---|---|
| स्थानीय तह सञ्चित कोष खाता | २३६२२४६९.७३ | १९२१४१३.३ | -२१७०१०५६.४३ |

| | | | |
|---|---|---|---|
| चालु खर्च खाता | ० | १२६४९०७७ | १२६४९०७७ |
| पुंजीगत खर्च खाता | ० | ४१९४०५८ | ४१९४०५८ |
| विविध खर्च खाता | १३२८६६ | १३४४०२१.७५ | १२११९५५.७५ |
| धरौटी | ३०९६२६२.११ | १०१९५८०३.७७ | ७०९९५४१.६६ |

पालिकाले म.ले.फा.नं. २१२ तयार गरी स्रेस्ता र बैङ्कबीच हिसाब मिलान गर्नुपर्दछ ।

पालिकाले उपलब्ध गराएको बैंक हिसाब विवरण अनुसार माथि उल्लेखित तालिका अनुसार श्रेस्ता अनुसार मौज्दात भन्दा बैंक मौज्दात घटी देखिएको रु २१७०१०५६.४३यकिन गरि हिसाब मिलान गर्नु पर्ने रु

| | |
|---|---|
| प्रमाण पेश नगरेको | २,१७,०१,०५६.४३ |

७ **राजस्व बैंक हिसाव विवरण** - राजश्व असुल गर्दा रसिद अनुसार असुलि देखिने साविक म.ले.प.फा.न १०५, १०८ जस्ता खाता राखि वैंक दाखिला पश्चात गोश्वारा भौचर उठाई राजश्व असुल गर्नुपर्नेमा रसिदवाट सिधै वैङ्क दाखिला गरी वैंक स्टेटमेन्ट अनुसार आम्दानी जनाउने गरेको छ । जसवाट दाखिला राजश्व खातामा भिडान गर्न सकिएन । खाता तयार गरी आम्दानी भिडान गर्ने व्यवस्था कार्यान्वयन गर्नुपर्दछ ।

८ **आन्तरिक लेखापरीक्षण** - स्थानीय तह सञ्चालन ऐन, २०७४ को दफा ७७ (२) मा स्थानीय तहले आर्थिक कारोबारको नियमितता, मितव्ययिता, कार्यदक्षता र प्रभावकारिताको आधारमा प्रत्येक त्रैमासिक समाप्त भएको एक महिना भित्र आन्तरिक लेखापरीक्षण गराउनु पर्ने उल्लेख छ । तर पालिकाले यस वर्षको आर्थिक कारोबारको आन्तरिक लेखापरीक्षण गराएको छैन । तसर्थ कानुनमा तोकिए बमोजिम आर्थिक कारोबारको आन्तरिक लेखापरीक्षण गराई आन्तरिक नियन्त्रण प्रणालीलाई प्रभावकारी बनाउने तर्फ ध्यान दिनुपर्दछ ।

९ **आन्तरिक नियन्त्रण प्रणाली** - स्थानीय सरकार संचालन ऐन,२०७४ को दफा ७८ मा आन्तरिक नियन्त्रण प्रणाली तयार गरी लागु गर्नु पर्ने व्यवस्था छ। स्थानीय तहले आन्तरिक नियन्त्रण प्रणाली तयार गरी लागु गरेको पाइएन। यस सम्बन्धमा देखिएका अन्य व्यहोराहरु तपशिल बमोजिम रहेका छन् ।

**बजेट व्यवस्थापनतर्फ**

• स्थानीय सरकार सञ्चालन ऐन २०७४ को दफा ११अनुसार आफ्नो क्षेत्र भित्रको आधारभुत

तथ्यांक संकलन, अभिलेखांकन र व्यवस्थापन गरे नगरेको

• स्थानीय तहले एक आर्थिक वर्ष भित्र भएको आर्थिक कारोवारको अनुसुची ११ बमोजिमको ढाँचामा वार्षिक प्रतिवेदन तयार गरेको पाईएन ।

• अन्तरसरकारी वित्त व्यवस्थापन ऐन, २०७४ को दफा १७ बमोजिम मध्यकालिन खर्च संरचना तयार गर्नुपर्नेमा स्थानीय तहले सो बमोजिमको मध्यमकालिन खर्चको संरचना तयार नगरेको ।

• दीगो विकास लक्ष्य पुरा गर्न वातावरण संरक्षण लगायत आन्तरिकिकरणको लागि एकिकृत दिर्घकालिन योजना तयार नगरेको

• स्थानीय तहले कार्यक्रम संचालन जस्तैः बैठक भत्ता, तालिम, गोष्ठी गर्नको लागि कार्य संचालन निर्देशिका स्वीकृति गरी सोको पालना नगरेको

• स्थानीय तहबाट यस वर्ष संचालित कार्यक्रम तथा योजनाको कार्यान्यिवयन र सेवा प्रवाह समेतको वार्षिक कार्यक्रम अनुसारको प्रगति तयार नगरेको,

**भ्रमण खर्च व्यवस्थापनतर्फ**

• भ्रमण खर्च नियमावली, २०६४ अनुसार कार्यालयले भ्रमण काजमा खटाउँदा भ्रमणअभिलेख व्यवस्थित नगरेको,

• नियमावलीमा उल्लेख भएबमोजिम भ्रमण पश्चात् भ्रमण प्रतिवेदन लिने नगरेको

**खरिद व्यवस्थापन तर्फ**

• स्थानीय तहले सार्वजनिक खरिद नियमावली तर्जुमा नगरेको

• सार्वजनिक खरिद ऐन २०६३ को नियम ६ अनुसार सार्वजनिक निकायले तोकिएको सीमा भन्दा बढी रकमको खरिद गर्दा तोकिए बमोजिम खरिदको गुरु योजना र वार्षिक खरिद योजना तयार गर्नुपर्ने उल्लेख छ। स्थानीय तहले खरिद गुरुयोजना र वार्षिक खरिद योजना तयार नगरेको ।

• सार्वजनिक खरिद नियमावली २०६४ को नियम ९७ अनुसार यस वर्ष कार्यसम्पन्न भएका आयोजना तथा कार्यक्रमहरु उपभोक्ता समितिलाई हस्तान्तरण नगरेको

• सञ्चालित योजनाहरुको उपभोक्ताको योगदान र कार्य सम्पादन लगायतका विषयमा स्पष्ट गरी सरोकारवाला सहितको सार्वजनिक सुनुवाई र सार्वजनिक परीक्षणलाई अनिवार्य गरी परीक्षण नभएको

।

• स्थानीय तहले निर्माण व्यवसायी तथा उपभोक्ता समिति मार्फत कार्य गराएकोमा निर्माण कार्यमा प्रयोग हुने सामानको गुणस्तर परीक्षण नगरेको ।

• उपभोक्ता समितिलाई दिएको कतिपय कामको अनुगमन नगरेको,

• अनुगमन गरेको योजनाको अनुगमन प्रतिवेदनबाट देखिएको व्यहोरा सुधार नगरेको ,

• उपभोक्ता समितिबाट सम्झौताबमोजिम समय, लागत र गुणस्तरमा कार्य सम्पन्न हुन नसकेमा मुल्यांकन नगरेको,

• स्थानीय तहले विगतमा परामर्शदाताबाट विस्तृत परियोजना प्रतिवेदन तयार गरेकोमा सोको कार्यान्वयन र अभिलेख नराखेको

**शिक्षातर्फ**

• स्थानीय तहले स्थानीय तह भित्रका विद्यालय अनुगमन गर्न अनुगमन मापदण्ड तयार गरी अनुगमन गरेको छैन। मापदण्ड तयार गरी नियमित अनुगमन गर्ने र अनुगमन प्रतिवेदन सार्वजनिक गर्ने व्यवस्था नरहेको ।

• शैक्षिक व्यवस्थापन सूचना प्रणाली (IEMIS):- कार्यक्रम कार्यान्वयन पुस्तिका मा IEMIS मा प्रविष्ट तथ्याङ्कलाई सम्बन्धित विद्यालयबाट कक्षागत विद्यार्थीहरुको यथार्थ तथ्याङ्कसँग सत्यापन (भिडान) गराइ शिक्षा अधिकृतबाट प्रमाणित गरी सोका आधारमा विद्यालयहरुलाई अनुदान निकासा दिनुपर्ने कक्षागत विद्यार्थीहरुको यथार्थ तथ्याङ्कसँग सत्यापन गर्ने व्यवस्था कार्यान्वयन नभएको ।

• शिक्षा नियमावली, २०५९ को परिच्छेद ३ नियम १६ मा नं. (झ) मा शिक्षा सेवा आयोगबाट नियुक्ति वा बढुबाको लागी सिफारिस भई आएका शिक्षकलाई नियुक्त गर्ने, सामुदायिक तथा सरकारी विद्यालयमा कार्यरत शिक्षकको नोकरी तथा अन्य विवरण अभिलेख अद्याबधिक गरि राख्नुपर्नेमा नियमावलीको व्यवस्था अनुसारका उक्त अभिलेखहरु तयार नगरेको,

• संस्थागत विद्यालयहरूको दर्ता, नविकरण,शुल्क निर्धारण, अनिवार्य निशुल्क छात्रवृत्ति, वर्गिकरण, अनुगमन र अभिलेख व्यवस्थित नरहेको,

• संस्थागत विद्यालयहरूमा अध्ययनरत विद्यार्थीहरुको तथ्यांक शैक्षिक व्यवस्थापन सूचना प्रणाली

(IEMIS) अद्यावद्धिक नगरेको ,

**विविध तर्फ**

• मुल्य अभिवृद्धि कर नियमावली २०५३ को नियम ६ क अनुसार ठेक्का सम्झौता र कर भुक्तानीको जानाकारी सम्वन्धित आन्तरिक राजस्व कार्यालयलाई नदिई आर्थिक वर्षको अन्तमा मात्र दिइएको तथा इ.टी.डि.एस. नगरेको ।

• कार्यालयले उद्देश्य प्राप्तिमा आइपर्ने सम्भावित जोखिमहरु पहिचान गरि निराकरणको प्रयास गरेको अभिलेख नराखेको ।

• कुनै रकम भुक्तानी दिंदा रित पुगे वा नपुगेको जाँच गरी रसिद विल भर्पाइहरुमा सिलसिलेवार नम्वर राखि कार्यालय प्रमुखले तोकेको कर्मचारीले भुक्तानी भएको जनाउने छाप समेत लगाई दस्तखत गरी प्रमाणित नगरेको

• विविध खर्च गर्दा विभिन्न होटलका विल पेश भएको भएतापनि खर्च पुष्टि हुने आधार सहितको प्रमाण संलग्न गरेको देखिएन । खर्चको स्पष्ट उद्देश्य र यथार्थता प्रमाणित हुने आवश्यक प्रमाण संलग्न गरेर खर्च गर्ने र विल मात्र राखि खर्च गर्ने परिपाटी रहेको,

• म. ले. प. फाराम ८०१ देखि ८०५ सम्मका देहायका म. ले. प. फाराम मध्ये कार्यालयसङ्ग सम्बन्धित फारामको अभिलेख नराखेको

• मन्त्रालयको मिति २०७३।१२।२५ को आर्थिक कारोबार तथा खाता सञ्चालन सम्बन्धमा थप स्पष्ट पारिएको परिपत्रको दफा १७ बमोजिम यस स्थानीय तह तथा स्थानीय तहमा समाहित भएका साविक गाउँविकास समिति तथा नाममा रहेको पेश्की तथा बेरुजु अभिलेख समायोजन भएको स्थानीय तहमा कायमगरी नियमानुसार पेश्की फछ्र्यौट तथा बेरुजु सम्परीक्षण कार्य गर्नुपर्नेमा गरे नगरेको

• पालिकाको नाममा रहेको सवारी साधन निजी प्लेट राखेको ।

• पेरोलमा श्रेणी र तह नखुलेकोले तलब स्केल सम्बन्धमा यकीन हुन नसकिएको

• सुशासन व्यवस्थापन तथा सञ्चालन नियमावली, २०६५ को अनुसार नागरिक वडापत्रमा उल्लेखित सेवाहरुको कार्यान्वयन स्थिती अनुगमन गर्न अनुगमन संयन्त्र तयार गरेको पाईएन ।

• स्थानिय तहले आफ्नो क्षेत्रमा कार्यान्वयन गर्नुपर्ने आयोजनाको बिश्लेषण गरी कार्यान्वयन गर्नुपर्ने सम्भाब्य आयोजनाको बैंक खडा गरेको देखिएन ।

• स्थानीय सरकार संचालन ऐन,२०७४ को दफा १६(४ख) मा पालिकाको उपप्रमुखले योजना तथा कार्यक्रमको अनुगमन तथा सुपरीवेक्षण गरी सो को प्रतिवेदन बैठकमा पेश गर्नुपर्ने व्यवस्था भएकोमा कतिपय योजनाको अनुगमन उपप्रमुखबाट भएको र प्रतिवेदन पेश गरेको पाईएन ।

तसर्थ आन्तरिक नियन्त्रण प्रणाली तयार गरी पालिकाको कार्य सञ्चालन तथा व्यवस्थापनलाई प्रभावकारी बनाउनुपर्दछ ।

१० **स्थानीय तथ्याङ्क, अभिलेख तथा स्रोत नक्साङ्कन -** स्थानीय सरकार सञ्चालन ऐन, २०७४ को दफा ११ बमोजिम स्थानीयतहले आफ्नो क्षेत्रभित्रको आधारभुत तथ्याङ्क सङ्कलन, अभिलेख र सोको व्यवस्थापन गर्नुपर्ने तथा आफ्नो क्षेत्रभित्रको शैक्षिक, भौगोलिक अवस्था, प्राकृतिक स्रोत अन्तर्गत खानी, जंगल तथा अन्य स्रोत, पूर्वाधार अन्तर्गत सडक, पुल, खानेपानी लगायतको अभिलेख तथा श्रोत नक्साङ्कनसहितको पालिकाको प्रोफाइल तयार गर्नुपर्ने व्यवस्था छ । पालिकाले स्थानीय तथ्याङ्क सम्बन्धी नीति, कानून र सोको मापदण्ड बनाएको तथा स्रोत नक्साङ्कन गरेको देखिएन । स्थानीय तहका प्राथमिकीकरणका क्रियाकलाप सञ्चालनमा तथ्याङ्कले महत्वपूर्ण भुमिका खेल्ने हुँदा सोको सङ्कलन र अभिलेख राख्ने कार्य गर्नपर्दछ ।

११ **आय अनुमान -** स्थानीय सरकार सञ्चालन ऐन, २०७४ को दफा ६६ बमोजिम स्रोत अनुमान तथा बजेट सीमा निर्धारण समितिले पालिकामा प्राप्त हुने आन्तरिक आयसमेतको व्यवस्थापन गर्न सक्ने व्यवस्था छ । पालिकाले पेश गरेको आय-व्ययको अनुमानमा आन्तरिक आयतर्फ मालपोत, कर, सेवा शुल्क, दस्तुर वापत अनुमानित रु.१५००००००। प्राप्त हुने प्रक्षेपण गरेकोमा आर्थिक वर्ष २०७९।८० मा रु.८७१४४४६.७२ अर्थात अनुमान भन्दा ४१.९० प्रतिशत बढी आय प्राप्त गरेको छ । आम्दानीका अन्य स्रोतको पहिचान गरी आयको अनुमान यर्थाथपरक बनाई आय आर्जन बृद्धि गर्नेतर्फ विशेष ध्यान दिन आवश्यक देखिएको छ ।

१२ **आन्तरिक आय -** स्थानीय सरकार सञ्चालन ऐन, २०७४ को दफा ६६ बमोजिम स्रोत अनुमान तथा वजेट सीमा निर्धारण समितिले पालिकामा प्राप्त हुने आन्तरिक आय समेतको व्यवस्थापन गर्न सक्ने व्यवस्था छ । पालिकाले आर्थिक वर्ष २०७९।८० मा केन्द्रीय अनुदानबाट गरेको खर्चका तुलनामा आन्तरिक आयको स्थिति देहाय बमोजिम छ ।

| केन्द्रीय अनुदानबाट खर्च | आन्तरिक आय | आन्तरिक आय प्रतिशत |
|---|---|---|
| २४९२९६३६४.३ | ८७१४४४६.७२ | ३.४९ |

उपर्युक्त विवरण अनुसार स्थानीय तहमा प्राप्त केन्द्रीय अनुदानबाट भएको खर्चको तुलनामा आन्तरिक आयको हिस्सा ३.४९ प्रतिशत मात्र रहेको छ । त्यसैले पालिकाको आन्तरिक आय सङ्कलनको दायरालाई फराकिलो पार्दै आन्तरिक आय बृद्धि गर्नेतर्फ ध्यान दिनुपर्ने देखिन्छ ।

१३ **राजस्व अभिलेख -** आर्थिक कार्यविधि तथा वित्तीय उत्तरदायित्व नियमावली बमोजिम राजस्वको अभिलेख अध्यावधिक गरी सोको लेखापरीक्षण गराउने जिम्मेवारी कार्यालय प्रमुखको हुने व्यवस्था रहेको छ । स्थानीय तहहरुबाट लेखापरीक्षणको क्रममा राजस्व आम्दानी र असुली तथा दाखिलासम्मका अभिलेख व्यवस्थित गरी गोश्वारा तयार गरी श्रेस्ता राखेको छैन । यसबाट पालिकाको राजस्व असुली र दाखिला सम्बन्धमा यकीन हुन सकिएन । पालिकाले आन्तरिक आयको व्यवस्थित अभिलेखांकन गर्नुपर्दछ । पालिकाको तथा विभिन्न वडाको आम्दानीको रसिद नम्बरअनुसार दैनिक आम्दानी किताबमा अभिलेख राखेको देखिएन । यसले गर्दा पालिका तथा वडाले प्राप्त गरेको आम्दानीको सम्बन्धमा आश्वस्त हुन सकिएन ।

१४ **अभिलेख -** गाउँपालिकाले नाता प्रमाणित, घरबाटो सिफारिस, व्यक्तिगत घटना दर्ता सिफारिस लगायतको दस्तुर नगदी रसिदबाट संकलन गरेकोमा के कति संख्यामा उक्त सेवाहरु प्रवाह गर्यो भन्ने खुल्ने सेवा प्रवाहको विवरण तयार गरी पेश गर्न नसकेको कारण सेवा प्रवाह र संकलित राजश्व भिडान गर्न सकिएन । सेवा प्रवाहको विवरण तयार गर्ने परिपाटी तर्फ पालिकाको ध्यान जानुपर्ने देखिन्छ ।

१५ **राजस्व लेखा -** पालिकाले आन्तरिक राजस्व तर्फ निम्नानुसारको स्रेस्ता तथा अभिलेख तयार गरेको पाइएन । स्रेस्ता तथा अभिलेख पूर्ण रुपमा र व्यवस्थित नहुँदा पालिकाले नियमित रुपमा उठाउने मालपोत दस्तुर, सिफारिस दस्तुर, एकिकृत सम्पत्ती कर लगायतका विभिन्न् शीर्षकमा प्राप्त गरेको आयको यथार्थता लेखापरीक्षणको क्रममा एकिन गर्न सकिएन । तोकिएका अभिलेख तथा स्रेस्ता तयार नगर्ने तथा व्यवस्थित नगर्ने कर्मचारीलाई कानून बमोजिम जिम्मेवार बनाइ आन्तरिक आयलाई व्यवस्थित, पारदर्शी, गणनायोग्य तथा तुलनायोग्य बनाईनुपर्दछ ।

म.ले.प.फा.नं. १०२- दैनिक राजस्व आम्दानी खाता

म.ले.प.फा.नं. १०३- गोश्वारा भौचर (राजस्व)

म.ले.प.फा.नं. १०४- राजस्व आम्दानीको शिर्षकगत खाता

म.ले.प.फा.नं. १०५- राजस्व आम्दानीको गोश्वारा खाता

म.ले.प.फा.नं. १०६- राजस्व आम्दानीको दैनिक नगद प्राप्त गोश्वारा खाता

म.ले.प.फा.नं. १०७- राजस्व आम्दानीको दैनिक बैंक भौचर प्राप्त गोश्वारा खाता

म.ले.प.फा.नं. १०८- राजस्व आम्दानी बैंक नगदी किताब

१६ **राजश्व दाखिला -** आर्थिक कार्यविधि तथा वित्तीय उत्तरदायित्व ऐन, २०७६ को दफा २८ (२) बमोजिम जिम्मेवार व्यक्तिले आफ्नो जिम्मामा आएको सरकारी नगद सोही दिन वा त्यसको भोलिपल्ट यथास्थानमा दाखिला नगरेको देखिन आएमा सम्बन्धित तालुक कार्यालय वा विभागीय प्रमुखले दश दिनसम्म ढिलो गरेको भए दाखिला गर्न बाँकी रकम र सो रकमको दश प्रतिशतले जरिवाना गरी समेत दाखिला गर्न लगाउने र सोभन्दा बढी ढिलो गरेको भए दश प्रतिशतका दरले जरिवाना गरी दाखिला गर्न लगाई कसुरको मात्र अनुसार प्रचलित कानून बमोजिम विभागीय कारबाही समेत गर्न गराउन व्यवस्था छ । पालिका अन्तर्गत सबै वडाको आम्दानी पालिकाले प्राप्त गरेको राजश्व रकम ऐनमा भएको व्यवस्था अनुसार तोकिएको अवधि भित्र दाखिला गरेको छैन ।पालिकाको मालपोत वापतको आम्दानी २ देखि ३ महिनासम्म पनि ढिलो दाखिला हुने गरेको छ । यसरी ढिला हुने गरी राजश्व रकम बैक दाखिला भएको अवधिको कार्यालयले छानविन गरी, जरिवाना रकम असुल गर्नुपर्ने देखिन्छ ।साथै कसुरको मात्र हेरी विभागीय कारबाहि हुनुपर्दछ । पालिकाले प्राप्त गरेको आन्तरिक राजश्व रकम र बैकमा दाखिला गरेको विवरणमा कार्यालयले विशेष ध्यान दिनुपर्दछ ।

१७ **वहाल विटौरी कर -** स्थानीय सरकार संचालन ऐन, २०७४ को दफा ५९ मा गाउँपालिका तथा नगरपालिकाले आफ्नो क्षेत्रभित्र आफुले निर्माण, रेखदेख वा संचालन गरेको ह्याट वजार वा पसल वा सरकारी जग्गामा वनेका संरचनाको उपयोग वापत बाहल विटौरी शुल्क लगाउने व्यवस्था छ । आर्थिक बर्ष २०७९।८० मा गाउँपालिकाले कुनैपनि बाहल विटौरी कर संकलन गरेको पाइएन । यस पालिकाले आफ्नो क्षेत्रभित्र उठ्नुपर्ने बाहल विटौरी कर एकिन गरी असुल गर्नुपर्दछ ।

१८ **आवधिक योजना -** स्थानीय सरकार सञ्चालन ऐन, २०७४ को दफा ७१ बमोजिम पालिकाले आफ्नो अधिकार क्षेत्रभित्रको विकासका लागि आवधिक योजना बनाई लागू गर्नेमा यस पालिकाले आवधिक योजना तयार गरेको छैन । आवधिक योजना नहुँदा पालिकाले वार्षिक बजेट तथा कार्यक्रम तयार गर्दा आवधिक योजनाका दीर्घकालीन विषयलाई भन्दा सालवसाली विषयहरुलाई समावेश गरेको देखिन्छ । स्थानीय तहको समग्र विकासका लागि आवधिक योजना तर्जुमा गरी कार्यान्वयन गर्नुपर्दछ ।

१९ **बजेट सीमा निर्धारण समिति -** स्थानीय सरकार सञ्चालन ऐन, २०७४ को दफा ६६(१) बमोजिम पालिकामा प्राप्त हुने आन्तरिक आय, राजश्व बाँडफाँडबाट प्राप्त हुने रकम, अनुदान, ऋण र अन्य आयको प्रक्षेपण तथा सोको सन्तुलित वितरणको खाका र बजेट सीमा निर्धारण गर्न ७ सदस्यीय स्रोत अनुमान तथा बजेट सीमा निर्धारण समिति गठनको व्यवस्था छ । उक्त समितिले आयको

प्रक्षेपण, साधनको सन्तुलित वितरणको खाका, बजेटको कूल सीमा, बजेटको क्षेत्रगत सीमा निर्धारण, बजेट तथा कार्यक्रमको प्रथमिकिकरण, विषयक्षेत्रगत बजेट तर्जुमा मार्गदर्शन तय गर्नुपर्ने जस्ता कार्यहरु फाल्गुन महिनाभित्र सम्पन्न गरिसक्नुपर्ने र बजेट प्रक्षेपण गर्दा बजेट वर्षपछिको थप दुई वर्षको समेत प्रक्षेपण तयार गर्नुका साथै तयार भएको आगामी आर्थिक वर्षको बजेट सीमा प्रमुख प्रशासकिय अधिकृतले चैत्र १५ गतेभित्र पालिकाका विषयगत शाखा तथा वडा समितिलाई उपलब्ध गराउनुपर्ने कानुनी व्यवस्था रहेकोमा पालिकाले समितिको गठन गरेको छैन । ऐनमा व्यवस्था भएअनुसार बजेट सीमालगायत क्षेत्रगत विषय समेटी बजेट प्रक्षेपण सम्बन्धी नियम तथा कार्यविधि तर्जुमा एवं सोको पालनामा सम्बन्धित पदाधिकारीको ध्यान जानुपर्दछ ।

२० **बजेट तथा कार्यक्रम तर्जुमा -** स्थानीय सरकार सञ्चालन ऐन, २०७४ को दफा ६७(१) मा ४ सदस्यीय बजेट तथा कार्यक्रम तर्जुमा समिति गठन गरी आगामी वर्षको नीति तथा कार्यक्रम, बजेट तथा कार्यक्रम, कार्यक्रमको प्राथमिकीकरण, विषय क्षेत्रगत कार्यक्रम, योजना तथा कार्यक्रममा दोहोरोपना हुन नदिई आपसी तादाम्यता तथा परिपूरकता कायम गर्नुपर्ने व्यवस्था अनुसार समिति गठन गरेको भएता पनि आगामी आर्थिक वर्षको नीति तथा कार्यक्रम, कार्यक्रमको प्राथमिकीकरण, कार्यक्रमबीच परिपूरकता कायम गरेको समेत नदेखिएकाले बजेट तर्जुमा गर्दा ऐनमा भएको व्यवस्थाको परिपालनामा ध्यान दिनुपर्दछ ।

२१ **बजेट पेश, पारित र अख्तियारी -** स्थानीय सरकार सञ्चालन ऐन, २०७४ को दफा ७१ मा स्थानीय तहले आगामी आर्थिक वर्षको राजस्व र व्ययको अनुमान कार्यपालिकाबाट स्वीकृत गराई असार १० गते भित्र पेश गर्ने र यसरी पेश भएको बजेट छलफल गरी असार मसान्तभित्र सभाबाट पारित गर्नुपर्ने व्यवस्था छ । सोही ऐनको दफा ७३ मा सभाबाट बजेट स्वीकृत भएको ७ दिनभित्र स्थानीय तहका प्रमुखले प्रमुख प्रशासकीय अधिकृतलाई बजेट खर्च गर्ने अख्तियारी प्रदान गर्नुपर्ने व्यवस्था छ । यस पालिकाको उपप्रमुखले मिति २०७९।३।१० मा रु. ४५ करोड ७४ लाखको बजेट सभा समक्ष पेश गरेकोमा सभाबाट मिति २०७९।३।३१ मा पारित भएको छ । यसैगरी स्थानीय तहका प्रमुखले मिति २०७९।५।९ मा प्रमुख प्रशासकीय अधिकृतलाई बजेट खर्च गर्ने अख्तियारी प्रदान गरेको देखिन्छ ।आर्थिक वर्ष भित्र सम्पन्न गरिसक्ने गरी बजेट, कार्यक्रम र योजना व्यवस्थापन गर्नु पर्दछ ।

२२ **योजना प्राथमिकीकरण -** स्थानीय सरकार सञ्चालन ऐन,२०७४ को दफा २४ मा स्थानीय तहले आवधिक योजना बनाई लागू गर्नुपर्ने उल्लेख गरेको छ । स्थानीय तहले योजना तथा बजेट तर्जुमा दिग्दर्शन, २०७४ को दफा ५.२.४ सँग सम्बन्धित अनुसूची ३ मा आयोजना प्राथमिकीकरणका आधारहरू गरिवी निवारण, उत्पादनमूलक, रोजगारी, लागत सहभागिता, स्थानीय स्रोत र साधन, समावेशी विकास, दिगो र वातावरण संरक्षण र भाषिक र सांस्कृतिक विकास उल्लेख गरेको छ र सोही अनुसार गणना गरी प्राथमिकता आधारमा योजना छनौट गर्नु पर्ने व्यवस्था छ। तर पालिकाले आर्थिक वर्ष २०७९।८० मा निम्नअनुसार ५ वडाको लागि वडागत र पालिकास्तरका कुल ४९६ योजनामा वजेट विनियोजन गरेको छ।

उपर्युक्त विवरणअनुसार पालिकाले साना र वितरणमुखी योजनाहरु सञ्चालन गरेको देखिन्छ । जसले गर्दा सञ्चालित योजनावाट दीर्घकालिन प्रतिफल प्राप्त नहुनका साथै चालु प्रकृतिका खर्चमा बृद्धि भै लागत प्रभावी नहुने तथा निर्माण कार्यको गुणस्तरमा समेत प्रश्न उठ्ने गरेको छ ।त्यसैगरी यो वर्ष सभाले पारित गरेका उल्लेखित योजना मध्ये ३८६ योजनामात्र कार्यान्वयन भई ११० योजना कार्यान्वयन हुन सकेको देखिएन । तसर्थ पालिकाले योजना वस्तुनिष्ठ तवरले प्राथिमिकीकरण र छनौट गरी प्रभावकारी कार्यान्वयन गर्नुपर्दछ ।

---

२३ **न्यून प्रगति -** आर्थिक कार्यविधि तथा वित्तीय उत्तरदायित्व ऐन, २०७६ को दफा १९ मा आफ्नो कार्यालय तथा मातहतको कार्यालयको लागि स्वीकृत बजेट लक्ष्य अनुरुप खर्च नभएमा त्यसको जिम्मेवारी लेखाउत्तरदायी अधिकृतको हुने उल्लेख छ । त्यस्तै स्थानीय सरकार सञ्चालन ऐन, २०७४ मा प्रमुख प्रशासकीय अधिकृतले कार्य दक्षता एवं प्रभावकारी तवरले खर्च गर्नुपर्ने व्यवस्था छ । यस पालिकाको गाउँ सभाले यो वर्ष पूँजीगत तर्फ रु.१८ करोड ९९ लाख ६८ हजार विनियोजन गरेकोमा रु.१६ करोड ५ लाख ५१ हजार अर्थात ८४.५१ प्रतिशत खर्च गरेको देखियो ।स्वीकृत कार्यक्रममध्ये संघीय सरकार, प्रदेश सरकारबाट प्राप्त विनियोजित विभिन्न कार्यक्रमहरु पूर्ण रुपले कार्यान्वयन हुन नसकी बजेट फ्रिज भएको छ । निम्न बमोजिम विभिन्न योजना तथा कार्यक्रमहरुमा शून्य प्रगति रहेको छ । पालिकाले कार्य योजना तयार गरी बजेटको प्रभावकारी कार्यान्वयनमा जोड दिनुपर्दछ ।

| क सं | कार्यक्रम/आयोजना/क्रियाकलापको नाम | विनियोजन | खर्च |
|---|---|---|---|
| १ | गाउँ कार्यपालिकाको प्रशासनिक भवनको निर्माण | ५०,०० | ० |
| २ | कोल्ड स्टोर अध्ययन सञ्चालन र निर्माण | ५,०० | ० |
| ३ | विभिन्न सफटवेयर खरिद तथा जडान | ५,०० | ० |
| ४ | ताल निर्माणको लागि DPR तयार | ५,०० | ० |
| ५ | वडा ५ निचुटाको प्रभु साहको घर देखि उतर अधुरो नाला निर्माण | ३,०० | ० |
| ६ | सुब्बाटोल मठको पश्चिम तर्फको बाटोमा माटोपुरी ग्रेभल | २,५० | ० |
| ७ | वडा नं. ३ लक्ष्मी धर्मपुर दहैतको घरदेखि कज्वे सम्म सडक ढलान | ५,०० | ० |
| ८ | वडा नं. २ भगवती माई निरको बाटो संरक्षण | ५,०० | ० |
| ९ | दक्षिण सुगौलीको सडक देखि स्वास्थ्य चौकी हुदै गुदरबाबा सम्म सडक ढलान | १०,०० | ० |
| १० | आकवा देखि सुगौली जाने बाटोमा माटो पुरी ग्रेवल तथा कल्भर्ट निर्माण | १५,०० | ० |

| | | | |
|---|---|---|---|
| ११ | पश्चिम देकुली दलित बस्तीमा कलभर्ट निर्माण | ८,०० | ० |
| १२ | वृक्षारोपनको लागि डोल खरिद | २,५० | ० |
| १३ | वृक्षारोपनको लागि विरुवा खरिद(प्र.मं.का.) | ५,०० | ० |
| १४ | वडा नं. ५ महन्थ ओझैयाको घरदेखि मनोज चौधरीको घरसम्म नाला निर्माण | ५,०० | ० |
| १५ | रंगपुर चौकीको शौचालय निर्माण | २,०० | ० |
| १६ | पश्चिम देकुलीमा सार्वजनिक सौचालय निर्माण | ९० | ० |
| १७ | वेलवा विश्वजितको घर छेउमा चौतारा निर्माण | २,०० | ० |
| १८ | हनुमान मन्दिर मर्मत,रंगरोगन तथा सिमेन्टको वेन्च खरिद | २,५० | ० |
| १९ | पिलर खरिद तथा जडान | २,५० | ० |
| २० | भुमरीमाईमा थारु संग्रालय निर्माण | २०,०० | ० |
| २१ | वेलवा वाइपासमा होमपाइप खरिद तथा जडान | २,०० | ० |
| २२ | कन्चनपुर अधुरो दलित मन्दिर निर्माण | ७५ | ० |
| २३ | वेलवामा अधुरो अन्तयोष्टी स्थल निर्माण | २,०० | ० |
| २४ | सोनवर्षा नया विद्यालय भवनको अगाडी पूर्व होम पाइप कलभर्ट निर्माण तथा माटो पुर्ने | २,०० | ० |
| २५ | ब्रहमस्थानको धारामा चौतरा निर्माण तथा धारा मर्मत | ५० | ० |
| २६ | वडा कार्यालयको शौचालय निर्माण | २,०० | ० |
| २७ | भूलडेङ्गी पुलमा कवारा जडान/निर्माण | १,०० | ० |
| २८ | बबलु पंडितको घर देखि उत्तर नाला निर्माण | ५,०० | ० |

२४ **वार्षिक खरिद योजना/गुरुयोजना -** वार्षिक खरिद योजना/गुरुयोजना : सार्वजनिक खरिद ऐन, २०६३ ले सार्वजनिक निकायले तोकेको सीमाभन्दा बढी रकमको खरिद गर्दा तोकिए बमोजिमको खरिद गुरुयोजना र वार्षिक खरिद योजना तयार गर्नुपर्ने व्यवस्था छ । यस्तै सार्वजनिक खरिद नियमावली, २०६४ को नियम ७ ले वार्षिक १० करोडभन्दा बढीको खरिद गर्दा गुरुयोजना तयार गर्नुपर्ने नियम ८ ले वार्षिक १० लाखभन्दा बढीको खरिद गर्दा वार्षिक खारिद योजना बनाउनुपर्ने व्यवस्था छ । यस पालिकाले विभिन्न शीर्षक अन्तर्गत वार्षिक रु.16 करोड ५ लाख पूँजीगत खर्च/खरिद

निर्माण कार्य गरेको छ । तर पालिकाले आफ्नो खरिद नियमावली नबनाएको अवस्थामा उक्त ऐन, नियम बमोजिम वार्षिक खरिद योजना र गुरुयोजना नबनाई खरिद कार्य गरेको देखियो । अतः पालिकाले उक्त नियमावली बमोजिम खरिद योजना/गुरुयोजना बनाई व्यवस्थित र प्रभावकारी हुने गरी खरिद कार्य गर्नुपर्दछ ।

२५ **क्षेत्रगत बजेट र खर्चको स्थिति -** क्षेत्रगत बजेट र खर्चको स्थितिः स्थानीय तहको एकीकृत, समानुपातिक र दिगो विकासका क्षेत्रगत रुपमा समानुपातिक बजेट विनियोजन गरी खर्च गर्नुपर्ने हुन्छ । यस पालिकाको २०७९।८० को क्षेत्रगत बजेट र खर्चको स्थिति देहायअनुसार रहेको देखिन्छ ।

| क.स | क्षेत्र | बजेट | खर्च | खर्च प्रतिशत |
|---|---|---|---|---|
| १ | आर्थिक विकास | ३४७७०००० | २३४९६२३४ | ६७.५७ |
| २ | पूर्वाधार विकास | १३८१७५००० | ११४५०४६३३ | ८२.८६ |
| ३ | सामाजिक विकास | १९७६६०००० | १६९३१९०९०.१३ | ८५.६६ |
| ४ | संस्थागत विकास, सेवा प्रवाह र सुशासन | १९४५२९५५.१ | ११६५४२६९.५ | ५९.९१ |
| ५ | अन्य कार्यालय सञ्चालन तथा प्रशासनिक | ६७३९७००० | ६१००७१६४.५९ | ९०.५१ |
| जम्मा | | ४५७४५४९५५.१ | ३७९९८१३९१.२ | |

उपर्युक्त विवरण अनुसार सभाले विनियोजन गरेको बजेट मध्ये अन्य कार्यालय सञ्चालन तथा प्रशासनिक मा सबैभन्दा बढी ९०.५१ प्रतिशत र आर्थिक विकास मा सबै भन्दा घटीमा ६७.५७ प्रतिशत रहेको छ ।

२६ **खर्च बिश्लेषण -** पालिकाले यसवर्ष कुल आन्तिरक आयबाट रु.८७ लाख १४ हजार राजस्व बाँडफाँड र अनुदानबाट रु.३६ करोड ९२ लाख ६९ हजार समेत रु.३७ करोड ७९ लाख ८३ हजार आम्दानी भएकोमा चालु तर्फ रु.२१ करोड ९४ लाख ३० हजार र पूँजिगत तर्फ रु.१६ करोड ५ लाख ५२ हजार समेत रु.३७ करोड ९९ लाख ८२ हजार खर्च भएको छ । खर्च मध्ये आन्तरिक आयको हिस्सा -२.२९ प्रतिशत रहेको छ । यसवर्ष पदाधिकारी सुबिधामा रु. १ करोड ७ लाख १५ हजार खर्च भएको छ जुन आन्तरिक आयको १२२.९६ प्रतिशत रहेको छ । पालिकालाई प्राप्त भएको सबै अनुदान र राजस्व बाँडफाँडको रकमबाट ५७.७५ प्रतिशत चालु र ४२.२५ प्रतिशतमात्र पूँजिगत निर्माणमा खर्च भएको देखिन्छ । यसबाट पालिकाले विकास निर्माण कार्यक्रम सञ्चालनमा न्युन खर्च गरी प्रशासनिक कार्यमा बढी खर्च गरेको देखिन्छ । प्रशासनिक खर्च नियन्त्रण गर्दै प्राप्त अनुदान र राजस्व बाँडफाँडको रकम अधिकरुपमा विकास निर्माणमा परिचालन गरिनुपर्दछ

।

२७ **त्रैमासिक पूँजीगत खर्च -** त्रैमासिक पूँजीगत खर्चः आर्थिक कार्यविधि तथा वित्तीय उत्तरदायित्व नियमावली, २०७७ को नियम ३५ बमोजिम बजेट तथा कार्यक्रम कार्यान्वयन गर्ने कार्यालयले त्रैमासिक प्रगति विवरण वनाई कार्यसम्पादन गर्नुपर्ने व्यवस्था छ । पालिकाले उपलव्ध गराएको विवरण अनुसार त्रैमासिक पूँजीगत खर्चको स्थिति देहाय बमोजिम छ ।

| बजेट उपशिर्षक | कुल खर्च | त्रैमासिक खर्च | | | | आषाढ महिनाको खर्च |
|---|---|---|---|---|---|---|
| | | प्रथम | दोस्रो | तेश्रो | चौथो | |
| पुँजीगत खर्चतर्फ | १६०५५१६२८ | १९९००० | ६७१३०२७ | ४७१५९२७६ | १०६४८०३२५ | ६४९९०९२२ |
| प्रतिशत | १०० | ०.१२ | ४.१८ | २९.३७ | ६६.३२ | ४०.४७ |

पालिकाले उपलब्ध गराएको विवरणअनुसार वार्षिक रु. १६०५५१६२८ निकासा भएकोमा प्रथम त्रैमासिकमा रु. १९९००० (०.१२ प्रतिशत), दोस्रो त्रैमासिकमा रु. ६७१३०२७ ( ४.18प्रतिशत), तेस्रो त्रैमासिकमा रु. ४७१५९२७६ (२९.३७ प्रतिशत) र चौथो त्रैमासिकमा रु. १०६४८०३२५ (६६.३२ प्रतिशत) खर्च गरेको देखिएको छ । यसरी नै आषाढ महिनामा मात्र रु. ६४९९०९२२ (४0.47 प्रतिशत) खर्च देखिनुले आषाढमा आएर खर्चको चाप बढेको देखिएकाले सन्तुलित खर्च व्यवस्थापन भएको देखिएन । स्वीकृत कार्यक्रम अनुसार चौमासिक रुपमा सन्तुलित खर्च हुने गरी कार्यक्रम कार्यान्वयन गरिनुपर्दछ । वर्षान्तमा हतारमा काम गराउँदा कामको गुणस्तरमा असर पर्ने देखिएकोले नियममा भएको व्यवस्था अनुरुप आषाढमा खर्च गर्ने परिपाटीमा नियन्त्रण गर्नुपर्दछ ।

२८ **कानून र सञ्चालन स्थिति -** स्थानीय सरकार सञ्चालन ऐन, २०७४ को दफा १०२ अनुसार स्थानीय तहहरुले आफ्नो अधिकारक्षेत्र भित्रका विषयमा ऐन तथा सोको अधिनमा रही नियम निर्देशिका, कार्यविधि र मापदण्ड बनाई कार्यान्वयनमा ल्याउन सक्ने व्यवस्था छ । जसअनुसार स्थानीय तह सञ्चालनको लागि संघीय मामिला तथा सामान्य प्रशासन मन्त्रालयबाट नमूना कानूनहरु बनाई उपलब्ध गराएकोमा यस पालिकाले हालसम्म ३ वटा ऐन, ४ कार्यविधि लगायत ७ वटा कानुन निर्माण गरी कार्यान्यनमा ल्याएको छ । साथै पालिकाले ३ वटा कानूनहरु निर्माण गरी सभा।कार्यपालिकाबाट स्वीकृत गरेतापनि उक्त कानूनहरु राजपत्रमा प्रकाशन गरेको छैन। तसर्थ उक्त कानूनहरु राजपत्रमा प्रकाशन गरी कार्यान्वयनमा ल्याउनु पर्दछ ।

२९ **न्यायिक समिति -** स्थानीय सरकार सञ्चालन ऐन, २०७४ को दफा ४६ देखि ५३ सम्म न्यायिक समितिको अधिकार क्षेत्र तथा न्याय सम्पादन प्रक्रियाको व्यवस्था गरेको छ । समितिमा परेको

उजुरीमध्ये मेलमिलाप प्रकृतिका आधारमा विवाद दर्ता भएको ३ महिनाभित्र टुङ्गो लगाउने व्यवस्था छ । तर लेखापरीक्षणको क्रममा प्राप्त विवरण अनुसार गतवर्ष फस्यौंट वा कारबाही किनारा गरी टुङ्गो लगाउन बाँकी ४ र यो वर्ष थप भएको २९ गरी कुल ३३ विवाद दर्ता भएकोमा २० वटा मात्र फस्यौंट भई १३ बाँकी देखिन्छ । न्याय सम्पादन प्रक्रियालाई ऐनले तोकेको म्यादभित्र फस्यौंट वा कारबाही किनारा गरी टुङ्गो लगाउनुपर्दछ ।

३० **धरौटी फिर्ता -** सार्वजनिक खरिद नियमावली, २०६४ को नियम १२४ बमोजम निर्माण व्यबसायीको रिटेन्सन मनि वापत बिलवाट कट्टि गरी राखेको रकम फिर्ता गर्दा आन्तरिक राजस्व कार्यालयमा कर विवरण पेश गरेको प्रमाण पेश गरेपछि मात्र दिनुपर्ने व्यवस्था छ। तर पालिकाले कर विवरण पेश गरेको र मु.अ.कर समायोजन गरेको पत्र वेगर माग गरेको आधारमा धरौटी फिर्ता गरेको देखिएकोले कर चुक्ताको प्रमाण पत्र र मु.अ.कर समायोजन गरेको प्रमाण पेश हुनुपर्ने रु

| गो. भा . न र मिति | निर्माण ब्यबसायी र सप्लायर्स को नाम | रकम |
|---|---|---|
| २२।२०७९।८।२१ | ध्यान सिंह कन्सट्रकसन | २१३७७ |
| २७।२०७९।८।२७ | जसौली निर्माण सेवा | १६७९८१ |
| ३३।२०७९।८।२९ | अनुज कन्सट्रकसन | २१४४१ |
| ३४।२०७९।९।४ | साइफ्रा कन्सट्रकसन | २१२२९ |
| ३५।२०७९।९।४ | तराई निर्माण सेवा | २१३३१ |
| ३५।२०७९।९।४ | अनिता कन्सट्रकसन | ८५५५ |
| ४२।२०७९।९।४ | राजकुमार निर्माण सेवा | २९६७५ |
| ४३।२०७९।९।४ | न्यु आलोक निर्माण सेवा | ३३९५३ |
| ४४।२०७९।९।४ | सफल निर्माण सेवा | २१२०६ |
| ४८।२०७९।९।२८ | सुमित एंड संदेश निर्माण सेवा | १३८८२१ |
| ६०।२०७९।११।१८ | संजना निर्माण सेवा | २१३३१ |
| ६१।२०७९।११।१८ | राजेश कन्सट्रकसन | २१२७३ |
| ६२।२०७९।११।१८ | राजेश कन्सट्रकसन | ८५०२.३१ |
| ७८।२०७९।१२।९ | श्री रोयल कन्सट्रकसन | १२७६१ |
| ७९।२०७९।१२।१० | ऋशव कन्सट्रकसन | ६२९१८ |

| | | |
|---|---|---|
| ८२।२०७९।१२।१३ | पी .प्रजापति सप्लायर्स | २५००० |
| ८२।२०७९।१२।१३ | आर.एस ट्रेड एंड सप्लायर्स | २५००० |
| ८२।२०७९।१२।१३ | सहनी ब्रदर्स इन्टरप्राईजेस | २५००० |
| | जम्मा | ६८७३५४.३१ |

| | |
|---|---|
| प्रमाण पेश नगरेको | ६,८७,३५४.३१ |

३१ **सम्पत्ति उपयोग र संरक्षण -** स्थानीय सरकार सञ्चालन ऐन, २०७४ को दफा ११ मा गाउँपालिका वा नगरपालिकाको अधिकार क्षेत्रमा सार्वजनिक, ऐलानी र पर्ती जग्गा, सार्वजनिक भवन तथा भौतिक पूर्वाधारको संरक्षण र सुरक्षा सम्बन्धी व्यवस्था रहेको छ । पालिकाले आफ्नो क्षेत्रभित्र रहेको सार्वजनिक, ऐलानी र पर्ती जग्गा, सार्वजनिक भवन तथा भौतिक पूर्वाधारको अभिलेख राखेको देखिएन । पालिकाको सम्पत्तिको संरक्षण र उपयोग नीति र मापदण्ड बनाएको देखिएन ।यसले गर्दा पालिका भित्रको सार्वजनिक पर्ति ऐलानी जग्गा तथा सम्पत्तिको अतिक्रमण भएको सम्बन्धमा अनुगमन पनि नभएको हुनाले सार्वजनिक जग्गाको सदुपयोग नभई दुरुपयोग हुने सक्ने अवस्था देखिएको पाइयो । पालिका आफ्नो क्षेत्रभित्रको जग्गा तथा सार्वजनिक सम्पत्तिको संरक्षणको लागि मापदण्ड बनाई संरक्षण गर्नेतर्फ पहल गर्नुपर्दछ ।

३२ **जिन्सी व्यवस्थापन**

३२.१ सार्वजनिक खरिद नियमावली, २०६४ को नियम ११५(१) अनुसार सार्वजनिक निकायले आपूर्ति गरेका मालसामान सम्झौतामा उल्लेखित प्राविधिक स्पेशिफिकेसन र गुणस्तर बमोजिम भए नभएको निरीक्षण वा परीक्षण गर्नु गराउनु पर्ने व्यवस्था छ । कार्यालयबाट खरिद गरिएका मालसामानको भुक्तानी गर्दा स्फेसिफिकेसन बमोजिम भए नभएको गुणस्तर परीक्षण गरेको छैन । अतः ती सामानहरुको गुणस्तर सम्बन्धमा सुनिश्चित गरिनुपर्दछ ।

३२.२ **जिन्सी निरीक्षण -** आर्थिक कार्यविधि तथा वित्तीय उत्तरदायित्व नियमावली, २०७७ को नियम ९९ मा सोही नियमावलीको नियम ९४, ९५ र ९६ बमोजिम जिन्सी मालसामानको लगत खडा गरी राखुपर्ने, सोको निरीक्षण गरी प्रतिवेदन तयार गर्नुपर्ने, प्रतिवेदनमा उल्लेखित सामान मध्ये मर्मत गर्नुपर्ने सामान ३ महिना भित्र र लिलाम गर्नुपर्ने सामान ६ महिना भित्र लिलाम गरी सक्नु पर्ने व्यवस्था छ ।तर पालिकाले यस वर्ष जिन्सी निरीक्षण गराई प्रतिवेदन तयार गरेको छैन। जसले गर्दा पालिकाको जिन्सीको अवस्था बारे यकिन गर्न सकिएन । नियमावलीको व्यवस्था अनुसार जिन्सी निरीक्षण गराई सोको आधारमा मर्मत सम्भार, लिलामी लगायतका कार्य गरी जिन्सी

व्यवस्थापन गर्नुपर्दछ ।

• यस पालिका अन्तर्गतका साविक गाउँ विकास समितिबाट भएका सम्पत्ति हस्तान्तरण सम्बन्धमा अभिलेख अद्यावधिक गरेको छैन ।

• सहायक जिन्सी खातामा गत वर्षको खर्च भएर नजाने सामानको जिम्मेवारी सारेको छैन ।

• नियमावलीको व्यवस्था अनुसार जिन्सी निरीक्षण गराई सोको आधारमा मर्मत सम्भार, लिलामी लगायतका कार्य गरी जिन्सी व्यवस्थापन गर्नुपर्दछ। जिन्सी निरीक्षण प्रतिवेदनमा उल्लेख भएका सामानहरुको मर्मत तथा लिलाम गरी जिन्सी अधावधिक गर्नुपर्दछ ।

३२.३ **वडा तर्फको सम्पत्तिको लेखांकन तथा प्रतिवेदन -** आर्थिक कार्यविधि तथा वित्तीय उत्तरदायित्व नियमावली, २०७७ को नियम ७८ मा कार्यालयले आफूले खरिद गरेको, निर्माण गरेको वा अन्य कुनै माध्यमबाट प्राप्त गरेको चल अचल मालसामान तथा सम्पत्ति मूल्य खुलाई खर्च भएर जाने प्रकृतिको सामान भए मले प फा नं ४०७ र खर्च भएर नजाने प्रकृतिको सामान, सम्पत्ति म ले प फा नं ४०८ को ढाँचामा अभिलेख राख्नुपर्ने व्यवस्था छ । सरकारी सम्पत्तिको अभिलेख राख्ने प्रयोजनको लागि महालेखा नियन्त्रकको कार्यालयले सार्वजनिक सम्पत्ति व्यवस्थापन प्रणाली (PAMS) नामको कम्प्यूटर सफ्टवेयर तयार गरी २०७८/७९ देखि अनिवार्य रुपमा प्रयोग गर्ने गरी लागु गरेको छ । २०७८/७९ देखि जिन्सी अभिलेख म्यानुअल (रजिष्टर) मा राख्न मिल्दैन । त्यस कार्यालयले वडा तर्फको खरिद भएका मालसमान PAMS मा जिन्सी अभिलेख राखेको पाइएन । जिन्सी खाता म्यानुअल राखेता पनि व्यवस्थित नराखेको, जिन्सी खाता पाना नम्बर उल्लेख नभएको, सामानहरु दाखिला गरेको प्रमाण पेश नभएको, माग फारामहरु व्यवस्थित नराखेको कारण को कस्ले कुन सामान प्रयोग गरेको हो यकिन गर्ने स्थित रहेको देखिएन । जिन्सी सम्बन्धमा थप विश्लेषण गरी यकिन गर्नुपर्ने देखिएको छ ।

३२.४ **वडा कार्यालयबाट सामाग्री खरिद -** नगरपालिकाले प्रमुख प्रशासकीय अधिकृतबाट वडा सचिवलाई खर्चको अख्तियारी दिएको छैन ।यस्तो अवस्थामा नगरपालिका कार्यालयबाटै खर्च गर्ने व्यवस्था मिलाउनुपर्दछ । साथै पालिकाबाट वडाहरुलाई मसलन्द तथा कार्यालय सामग्री ठुलो संख्यामा खरिद भएको र वडाले पनि खरिद गरेकोले एउटै प्रकृतिको कार्यमा पालिका र वडाले पनि खर्च गरेको छ । यसले गर्दा वार्षिक खरिदको यकिन विवरण अध्यावधिक हुन सक्दैन ।अतः वडामार्फत हुने मसलन्द तथा कार्यालय सामान खरिदलाई पालिबाट केन्द्रित गरी एउटै खर्चमा हुने दोहोरोपनालाई नियन्त्रण गर्नुपर्दछ ।

३३ **बरबुझारथ गरेको प्रमाण** - आर्थिक कार्यविधि तथा वित्तीय उत्तरदायित्व नियमावली,२०७७ को नियम

१०३ अनुसार कर्मचारी सरुवा हुँदा वा सेवाबाट अलग हुँदा आफ्नो जिम्मा रहेको रहेको सरकारी जिन्सी मालसामानहरु फिर्ता गर्नुपर्दछ ।यस कार्यालयबाट सरुवा भई गएको र सेवाबाट अलग भई गएको पदाधिकारी/कर्मचारीको नाममा रहेको सामान बरबुझारथ गरेको प्रमाण पेश नभएकोले बरबुझारथ गरे नगरेको सम्बन्धमा यकीन हुन सकिएन । निजहरुको नाममा रहेको जिन्सी सामान बरबुझारथ गरेको प्रमाण पेश हुनुपर्दछ ।

३४ **तलवी प्रतिवेदन -** निजामती सेवा ऐन २०४९, स्वास्थ्य सेवा ऐन, २०५३ तथा स्थानीय सरकार सञ्चालन ऐन, २०७४ मा तलवी प्रतिवेदन पारित गराएर मात्र तलब खर्च लेख्नु पर्ने उल्लेख छ। पालिकाले यो वर्ष तलवी प्रतिवेदन पारित नगराई सङ्घीय सरकारबाट हस्तान्तरित चालु अन्तर्गत शिक्षा तर्फको शिक्षकहरुको रु.४ करोड ८८ लाख २ हजार, स्वास्थ्य तर्फको कर्मचारीको रु.१ करोड ६५ लाख ३५ हजार र पालिकाका कर्मचारीको रु.५९ लाख ७९ हजार गरी रु.७ करोड १३ लाख १६ हजार खर्च लेखेको छ ।तलबी प्रतिवेदन पारित नगरी खर्च लेख्न पाउने भन्दा बढी तलब भत्ता ग्रेड भुक्तानी हुन सक्ने तथा लेखापरीक्षणको क्रममा भुक्तानीको तुलना गर्न नसकिने भएकोले तलबी प्रतिवेदन पारित गराएर तलब भत्ता भुक्तानी गर्नुपर्दछ ।

३५ **आर्थिक सहायता -** पालिकाले स्पष्ट मापदण्ड र कार्यविधि तर्जुमा गरी तथा बजेट विनियोजन गरेर मात्र आर्थिक सहायता वितरण गर्नु पर्दछ। पालिकाले मापदण्ड र कार्यविधि तयार नगरी विभिन्न संघसंस्था र व्यक्तिहरुलाई रु.४ लाख ३७ हजार आर्थिक सहायता वितरण गरेको छ । उक्त रकम पालिकाको कुल आन्तरिक आय रु.८७ लाख १४ हजारको ५.०१ प्रतिशत हुन आउँछ । निश्चित विधि र मापदण्ड वेगर आर्थिक सहायता वितरण गर्ने प्रक्रियामा नियन्त्रण हुनु पर्दछ ।

३६ **कर्मचारी व्यवस्था -** स्थानीय सरकार सञ्चालन ऐन, २०७४ को दफा ८३ (८) मा नगर प्रहरी, सवारी चालक, सयस, बगैंचे, प्लम्बर लगायतका पद तथा सेवामा बाहेक करारमा नियुक्त गर्न पाइने व्यवस्था छैन ।पालिकाले उल्लेखित पदहरुमा बाहेक कर्मचारी करारमा नियुक्त गरी तलव भत्ता रु.११५९१४५०।भुक्तानी गरेको पाइयो । ऐनको व्यवस्था विपरीत कर्मचारी नियुक्त गरी भुक्तानी गर्ने कार्यमा नियन्त्रण हुनुपर्दछ ।

| पद | नियुक्ति संख्या | तलव भत्ता रु. |
|---|---|---|
| अ.न.मी.चौथो तह | ९ | ३८४९५३४ |
| अ.हे.ब.चौथो तह | ४ | १७१०९०४ |
| हे.अ.पांचौ तह | ४ | १८०५९६० |
| ईन्जिनियर | १ | ५६७९५७ |
| उर्जा प्रा. | १ | ५६७९५७ |

| | | |
|---|---|---|
| सब ईन्जि.पांचौ तह | १ | ४५१४९० |
| सहायक पांचौ तह | ३ | १३५४४७० |
| सहायक चौथो तह | २ | ८५५४५२ |
| अमीन चौथो तह | १ | ४२७७२६ |
| | जम्मा | ११५९१४५० |

३७ **करार कर्मचारी -** स्थानीय सरकार सञ्चालन ऐन, २०७४ को दफा 83 मा स्थानीय तहले आफ्नो अधिकार क्षेत्र र कार्यबोझको विश्लेषण गरी संगठन तथा व्यवस्थापन सर्भेक्षणको आधारमा स्थायी प्रकृतिको कामको लागि आवश्यक पर्ने तथा सेवा करारमा लिने कर्मचारीको लागि लाग्ने खर्च व्यहोर्ने स्रोत समेत विश्लेषण गरी दरबन्दी प्रस्ताव गर्नुपर्ने र यस्तो दरबन्दीको व्यवस्थापन सर्वेक्षण गरी सभावाट स्वीकृत गराउनुपर्ने व्यवस्था छ ।पालिकाले पेश गरेको विवरणको आधारमा पालिकाले विभिन्न पदमा कर्मचारीहरु करारमा राखि रु.९७,७३,९२८। । खर्च लेखेको छ । नयाँ भर्ना भएको कर्मचारीको नामावली पेश नभएकोले कर्मचारी पदपूर्ति प्रक्रिया सम्बन्धमा यकीन हुन नसकिएको तथा करार कर्मचारीहरुको संझौता पेश नभएको निजहरुलाई भुक्तानी हुने तलब भत्ता सम्बन्धमा आश्वस्ता हुन सकिएन ।पालिकाले दरबन्दीको व्यवस्थापन सर्वेक्षण नगरेकोले कार्यालयमा रहेको विभिन्न करार कर्मचारीहरु आवश्यकता हो होइन सम्बन्धमा यकीन हुन सकिएन ।जसले गर्दा प्रशासनिक खर्चमा वृद्धि हुनुका साथै अन्य कार्य उपलव्धिमा समेत नकारात्मक असर पर्दछ ।

३८ **डोर हाजिर -**पालिकाले करार सेवामा गरेका कर्मचारीहरुको लागि गरेको खर्चका अतिरिक्त विभिन्न व्यक्तिहरुलाई डोर हाजिरमा काम गरेको भनी पालिकाले पेश गरेको विवरणको आधारमा यो वर्ष रु.१०८०००। खर्च गरेको देखिन्छ। पालिकाले संगठन तथा व्यवस्थापन सर्वेक्षणको माध्यमबाट वास्तविक आवश्यक दरबन्दी एकिन बिना केहि आधारमा विभिन्न व्यक्तिहरुलाई होर हाजिरमा राखी तलब खर्च लेखेको उचित देखिएन । यसरी दरबन्दी एकिन नगरी र वास्तविक कार्य मूल्याकनद्वारा पद सिर्जना नगरी डोर हाजिरमा राखि पारिश्रमिक खर्च लेखिएका कर्मचारीहरुवाट भएको कार्य सम्पादन सम्बन्धमा आश्वस्त हुन सकिएन । डोर हाजिरीको कर्मचारीलाई के को आधारमा राखेको हो सो को प्रमाण समेत गरेको देखिएन ।साथ कार्य गरेको अवधिको डोर हाजिरी समेत पेश नभएकोले ती कर्मचारीहरु के कति दिन कार्य गरेको सो सम्बन्धमा समेत यकीन हुन सकिएन । डोर हाजिरमा तलब भुक्तानी भएका व्यक्तिहरुवाट वास्तवमा कार्य सम्पादन भए नभएको एकिन गर्नुपर्दछ ।साथै प्रतिस्पर्धाको आधारमा सेवा करार नगरी डोर हाजिरीबाट यसरी जनशक्ति नियुक्ति गरेको नियमसम्मत देखिएन ।

३९ **अवकास कोष -** स्थानीय सरकार संचालन ऐन,२०७४ को दफा ९१ बमोजिम स्थानीय तहले स्थानीय सेवाका कर्मचारीले निजको सेवाशर्त तथा कानून बमोजिम अवकास हुँदा प्राप्त गर्ने

योगदानमा आधारित उपदान वा निवृत्ति भरण, औषधि उपचार लगायतका सुविधा उपलब्ध गराउन एक अवकास कोष स्थापना गर्नुपर्ने व्यवस्था छ ।उक्त अवकास कोषमा स्थानीय तहले आफ्नो दरबन्दीमा कार्यरत प्रत्येक कर्मचारीले खाईपाई आएको मासिक तलबबाट १० प्रतिशत रकम कट्टा गरी सो रकम बराबरले हुन आउने रकम थप गरी जम्मा सहित गर्नुपर्ने व्यवस्था छ ।कोषको व्यवस्था अनुरुप स्थानीय तहले कोषको लागि आवश्यक पर्ने रकम जम्मा गर्नुपर्ने व्यवस्था छ ।गाउँपालिका अन्तर्गत कार्यरत स्थानीय सेवाका कर्मचारीको लागि सेवा वा पदबाट अलग हुँदा दिनुपर्ने अवकास सुविधा कोष स्थापना नगरेको र यो वर्ष यस्तो दायित्व सिर्जना गरेको छैन । ऐन प्रारम्भ भएको २०७४ आश्विन २९ अर्थात कार्तिक देखि १० प्रतिशतको योगदान व्यवस्था अपनाउनुपर्नेमा अपनाएको देखिएन ।कानूनको व्यवस्था तत्काल पालना गरिनुपर्दछ ।

४० **महोत्सव र चाडपर्व खर्च -** पालिकाले स्पष्ट मापदण्ड र कार्यविधि तर्जुमा गरी तथा बजेट विनियोजन गरेर मात्र महोत्सव र चाडपर्व खर्चको लागि आर्थिक सहायता वितरण गर्नु पर्दछ। पालिकाले मापदण्ड र कार्यविधि तयार नगरी विभिन्न संघसंस्था र व्यक्तिहरुलाई यस वर्ष रु.१९,७०,५००। महोत्सव र चाडपर्वमा खर्च गरेको देखियो । कानून तर्जुमा गरी आवश्यकताको आधारमा महोत्सव र चाडपर्व खर्चमा नियन्त्रण गर्नुपर्दछ ।

४१ **पेश्की बाँकी** - आर्थिक कार्यविधि तथा वित्तीय उत्तरदायित्व नियमावली, २०७७ को नियम ५० मा पेश्की दिईएको रकम तोकिएको म्याद भित्र फस्यौंट गर्नु गराउनु पेश्की लिने दिने दुवै थरिको कर्तव्य हुने उल्लेख छ । पालिकाले निम्न कर्मचारी तथा संस्थालाई दिएको पेश्की आर्थिक वर्षको अन्त्यसम्म फस्यौंट नभई रु.४६०९१७५। बाँकी रहेको देखिन्छ । सो मध्ये निम्नानुसारको म्याद नाघेको पेश्की रु.४६०९१७५। फस्यौंट गर्न बाँकी रहेकोले उक्त पेश्की नियमानुसार फस्यौंट गर्नुपर्ने रु...

| | |
|---|---|
| पेश्की | ४६,०९,१७५ |

**(विस्तृत विवरण बेरूजु दफा ४१ सँग सम्बन्धित अनुसूचीमा संलग्न छ ।)**

४२ **प्रमाण कागजात पेश गर्नु पर्ने -** सम्झौता को बि.ओ.क्यु मा समाबेश भएको प्रोभिजनल सम को रकम भुक्तानी गर्दा निर्माण ब्यबसायी ले पेश गरेको बिजकको आधारमा भुक्तानी गर्नु पर्ने व्यवस्था छ । पालिका ले निम्नानुसार को योजना मा प्रोभिजनल सम को रकम भुक्तानी गर्दा बिजक बेगर भुक्तानी गरेको ले बिल भरपाई पेश गर्नु पर्ने अन्यथा असुल हुनु पर्ने रु

| **खरिद/ कार्यकम** | **ठेक्का नम्वर** | **कार्य** | **भुक्तानि रकम** |
|---|---|---|---|
| भालुवाही खोलामा तटबन्ध निर्माण | ०६/७९/८० | बिमा | ५०००० |
| प्रसुती गृह निर्माण | ०७/७९/८० | बिधुतिकरण | १७५००० |

| | | | |
|---|---|---|---|
| | | खानेपानी जडान तथा सरसफाई कार्य | १५०००० |
| | | गुणस्थर परिक्षण | १०००० |
| | जम्मा | | ३८५००० |

| | |
|---|---|
| प्रमाण पेश नगरेको | ३,८५,००० |

४३ **रितपूर्बकको कर बिजक** - मूल्य अभिवृद्धि कर ऐन, २०५२ को दफा १४ बमोजिम मूल्य अभिवृद्धि करमा दर्ता भएका फर्मसँग तोकीएको ढाँचाको कर वीजक लिई खरिद गर्नुपर्ने व्यवस्था छ । तर पालिकाले रित पूर्कककोे कर वीजक बेगर (बिजक नम्बर उल्लेख नभएको ) एपेक्स कन्स्ट्रक्सन (६०८२९७४३२७) बाट मु.अ.कर रु.३२७८२२.९२ समेत रु.२८४९५३७.६८ सडक ढलान बापत भुक्तानी गरेको छ । तसर्थ उक्त कन्स्ट्रक्सन रितपूर्वकको कर बिजक वेगर पालिकाबाट भुक्तानी लिएको मू.अ.कर समायोजन गरेको प्रमाण पेश हुनुपर्ने रु.

| | |
|---|---|
| प्रमाण पेश नगरेको | ३,२७,८२२.९२ |

४४ **ठेक्कामा प्रतिस्पर्धा** - सार्वजनिक खरिद ऐन,२०६४ को दफा दफा ६२ (४) वमोजिम वोलपत्रदाताहरु वा प्रस्तावकहरु विच कृत्रिम वा अप्रस्तिपर्धी तरिकाले काम गर्ने वोलपत्र पेश गर्नु अघि वा पछि मिलेमतो वा गुटवन्दीमा संलग्न हुन नपाउने व्यवस्था छ । यसरी मिलेमतो वा गुटवन्दी भएमा दफा ६३ ( क) वमोजिम कार्यालयले छानविन गरी मिलेमतो हो होइन एकिन गर्नुपर्ने व्यवस्था छ । यस कार्यालय अन्तर्गत यस वर्ष भएका निम्नानुसारका वोलपत्रमा खरिद कार्यमा लागत अनुमानको तुलनामा कबोल अंक -२.९२४ देखी -४.१३९ प्रतिशत मात्रै घटि देखिएको छ । ऐनको दफा ६९ र नियमावलीको नियम १४६ वमोजिम विद्धुतीय संचार माध्यमको आधारमा ई-विडिङ समेत गरेको देखिएन । कार्यालयले लागत अनुमानको तुलनामा कबोल अंक प्रतिशत मात्र न्युन रहेकोमा ऐनको व्यवस्था वमोजिम मिलोमतो भएको हो होइन भन्ने सम्वन्धमा कार्यालयले जाँचवुझ गरेको पाइएन ।कार्यालयले यस सम्वन्धमा ध्यान दिनु पर्दछ ।

| खरिद/ कार्यकम | ठेक्का नम्वर | लागत अनुमान | कबोल रकम | न्युन प्रतिशत | प्रकृया |
|---|---|---|---|---|---|
| अधुरो सामुदायिक भवनमा तला थप | 05/PSKMUN/WORKS/2079/080 | १९९९९४२ | १९८८८७० | ०.५५ | हार्ड कपी |
| Supply and Delivery of Electric Pump | 03/PSKMUN/WORKS/2079/080 | १९९३७२६ | १९७२१६६ | १.०८ | हार्ड कपी |
| Supply and installation of Eletri Pole | 14/PSRMUN/WORKS/2079/080 | १९५६३६१ | १८९५३३२ | ३.११ | हार्ड कपी |

४५ **मूल्य अभिवृद्धि कर कट्टी** - मूल्य अभिवृद्धि कर कट्टी- आर्थिक ऐन, २०७६ ले गरेको व्यवस्था अनुसार सरकारी कार्यालयले २०७८ । २ । १६ देखिको ठेक्का वा करार अन्तर्गतको भुक्तानीमा

मू. अ. कर रकमको ३० प्रतिशत सम्बन्धीत राजस्व शीर्षकमा र बाँकी ७० प्रतिशत सम्बन्धीत फर्मलाई भुक्तानी दिनुपर्ने उल्लेख छ । तर पालिकाले कृषि मोटर खरिद वापत रु १९७२१६६।४० को विल पेश भएकोमा ५० प्रतिसत अनुदान वापत भौ.न ४१।२०७९।१०।२५ वाट मु.अ.कर समेत रु ९८२८२८।०० खर्च लेखेको छ । पालिकाले नियमानुसार ३० प्रतिशत कर रु ६८०६५।०० कट्टी नगरी फर्मलाई मु.अ.कर भुक्तानी दिएको देखिन्छ । यसरी कट्टि गर्नुपर्ने रकम नगरेकोले सम्बन्धीत आन्तरिक राजस्व कार्यालयबाट कर समायोजनको प्रमाण पेश गर्नुपर्ने रु

| | |
|---|---|
| प्रमाण पेश नगरेको | ६८,०६५ |

४६ **नापी किताब प्रबिष्टी एवं अभिलेख** - निर्माण कार्यको विस्तृत अभिलेखाङ्कनका लागि स्वीकृत ढांचाको नापी किताब म.ले.प.फा.न. ५०३ मा ठेक्का नं., आर्थिक वर्ष, कार्यालयको नाम, निर्माण व्यवसायीको नाम, कामको नाम र स्थान, चेनेज, काम शुरु भएको मिति, सम्पन्न हुनुपर्ने मिति र सम्पन्न भएको मितिका साथै अघिल्लो बिलसम्म भएको कामको परिमाण र भुक्तानी रकम, हालको बिलबाट भएको कामको परिमाण र भुक्तानी हुने रकम समेत हालसम्म भएको कामको परिमाण र रकम समेत स्पष्ट रुपमा उल्लेख हुनुपर्ने व्यवस्था छ । पालिकाले तयार गरेको नापी कितावमा अधिकांशमा उक्त व्यहोरा उल्लेख नगरी कामको परिमाण र रकम मात्र उल्लेख गर्ने गरेको छ ।

पालिका कार्यालयले नापी सम्बन्धी अभिलेख नापी किताबमा नराखी लुज सिट मा तयार गर्ने गरेको पाईयो । तोकिएको ढाँचामा सबै व्यहोरा खुलाई एउटै नापी किताव नराखी, सम्झौता मिति, सम्पन्न मिति, नापजाँच गरेको मिति लगायत नखुलाई, ठेक्का बिल अनुसार अलग-अलग नापी किताब राख्दा आवश्यक सूचना लिन, अभिलेख व्यवस्थापन गर्न कठिन पर्ने तथा अघिल्लो रनिङ बिलको रकम भुक्तानी गर्दा दोहोरीने सम्भावना रहने देखिन्छ ।क्रमागत तथा बहुवर्षीय योजना कार्यक्रमको लागि गत बिगतसम्म के कति भुक्तानी भए सो को अध्ययन तथा जानकारीको लागि नापी किताब अत्याबश्क रहने हुनाले सम्बन्धीत नापी किताब लुज सिटको रुपमा श्रेस्तासाथ मात्र नराखी अभिलेख ब्यबस्थापनमा समेत सहयोगी हुनेगरी सम्झौता मिति,सम्पन्न मिति, नापजाँच गरेको मिति लगायत खुलाई व्यवस्थित रुपमा राख्नुपर्दछ ।

४७ **प्रोभिजनल सम** - प्रोभिजनल सम वापतको रकम भुक्तानी गर्दा सो रकम वरावरको विलभर्पाइ पेश गरेरको अवस्थामा मात्र भुक्तानी दिनु पर्दछ । पालिकाले ४ नम्वर वडा कार्यालय भवन निर्माण कार्यको प्रथमा रनिङ विल वापत रु १६८८४८३।०० भुक्तानी गरेकोमा प्रोभिजनाल सममा व्यवस्था गरेको रु १४९४९९।२५ समेत भुक्तानी गरेकोमा नेशनल इन्स्योरेन्स कम्पनी लिमिटेडको कर विजक पेश नभएको र रिसिप्ट नम्वर उल्लेख नभएको प्राप्तीको रसिद मात्र पेश भएकोले कर विजक पेश गर्नुपर्ने अन्यथा उक्त रकम निर्माण व्यावसायी रितेश कन्सट्रक्सनवाट अशुल गर्नुपर्ने रु

| | |
|---|---|
| प्रमाण पेश नगरेको | १,४९,४९९.२५ |

४८ **मूल्य अभिवृद्धि कर कट्टी** - आर्थिक ऐन, २०७६ ले गरेको व्यवस्था अनुसार सरकारी कार्यालयले २०७८ । २ । १६ देखिको ठेक्का वा करार अन्तर्गतको भुक्तानीमा मू. अ. कर रकमको ३० प्रतिशत सम्बन्धीत राजस्व शीर्षकमा र बाँकी ७० प्रतिशत सम्बन्धीत फर्मलाई भुक्तानी दिनुपर्ने उल्लेख छ ।पालिकाले वडा न.१ देखी ५ सम्म सडक वत्ति जडान र परामर्श सेवा वापत देहायको भौचर नम्वर र मितिवाट रु ३४३५५१६।०० खर्च लेखेकोमा ३० प्रतिशतले हुने मु.अ.कर कट्टा नगरी पुरै मु.अ.कर भुक्तानी भएकोले मुल्य अभिवृद्धि कर समायोजनको प्रमाण पेश हुनु पर्ने रु

| गो. भा . न र मिति | फर्मको नाम | भुक्तानी रकम | ३० प्रतिशत कर |
|---|---|---|---|
| ४९।२०७९।११।४ | वि. आर नेशनल सप्लायर्स | ९४८५२२ | ३२७३७ |
| २०५।२०८०।३।२४ | वि. आर नेशनल सप्लायर्स | ५२६४४४ | १८१६९ |
| ८७।२०७९।१२।१२ | इको - टेक सिभिल कन्सल्टेन्टस | १९६०५५० | ६७६६५ |
| जम्मा | | | ११८५७१ |

| | |
|---|---|
| प्रमाण पेश नगरेको | १,१८,५७१ |

४९ **श्रेस्ता पेश नभएको** - आर्थिक कार्यविधी तथा वित्तीय उत्तरदायित्व ऐन,२०७६ दफा ३५ मा सवै प्रकारका आयव्यय तथा कारोवारको तोकिए वमोजिमको लेखा पेश गर्नुपर्ने तथा दफा ३६ मा माग गरिएका लेखा तथा विवरण तोकिएको म्याद भित्र दाखिला गर्नु जिम्मेवार व्यक्तिको कर्तव्य हुने समयमा दाखिला नगरे दफा ५७ अनुसार सजाय हुने व्यवस्था छ ।पालिकाको लेखापरीक्षणको क्रममा रु १७२५३२५।०० को लेखा सम्वन्धी कागजात पेश भएन ।ऐन अनुसार परिपालना गरी श्रेस्ता पेश हुनु पर्ने रु १७२५३२५।००

| गो. भा . न र मिति | भुक्तानी पाउनेको नाम | रकम |
|---|---|---|
| ७४।२०७९।११।२१ | न्यु आकाश निर्माण सेवा | ८५२२२२ |
| १२०।२०८०।१।१० | वडा न. ५ निचुटा सागर यादवको घरदेखी अगाडी नाला र स्यलाव निर्माणको कार्य | ९९८९८ |
| १२३।२०८०।१।१४ | वडा न. २ विश्रामपुर पोखरियामा माटो पुर्ने कार्य | ३६१५५ |
| १२५।२०८०।१।१७ | कार्यालय सामाग्री खरिद | ६३८४५० |

| | | |
|---|---|---|
| १२९।२०८०।१।३१ | मेशिनरी औजार | ९८६०० |
| जम्मा | | १७२५३२५ |

| | |
|---|---|
| प्रमाण पेश नगरेको | १७,२५,३२५ |

५० **कर समायोजन** - मुल्य अभिवृद्धि कर ऐन, २०५२ को दफा १४ वमोजिम मुल्य अभिवृद्धि करमा दर्ता भएका फर्मसँग तोकिएको ढाँचामा कर वीजक लिई खरिद गर्नुपर्ने व्यवस्था छ ।तर पालिकाले रित पुर्वकको कर विजक वेगर गो.भौ.न १७८।२०८०।३।१७ वाट प्यान नम्वर ६०८४११०९७ भएको निर्माण व्यावसायी राजेश कन्सट्रक्सनले पेश गरेको विजक न.२ ( हातले लेखेको) फर्मवाट मुल्य अभिवृद्धि कर रु ५४५२४।०० समेत रु ४७३९४०।०० को समान तथा सेवा खरिद गरेको छ ।तसर्थ उक्त निर्माण व्यावसायी तथा परामर्शदाताले रित पुर्वकको कर विजक वेगर पालिकावाट भुक्तानी लिएको मु.अ. कर समायोजन गरेको प्रमाण पेश हुनुपर्ने रु ५४५२४।००

| | |
|---|---|
| प्रमाण पेश नगरेको | ५४,५२४ |

५१ **सडक कालोपत्रे कार्य**

५१.१ ठेक्का नम्वर 01/PSKMOM/WORKS/2079/080 हुलाकी सडक मनिहर्वा चौक देखी निचुटा ,सगौली हुँदै रेञ्ज पोष्ट सोनवर्षा सम्म सडक कालोपत्रे को रु ६४५२७०२।०० मा सम्झौता भई प्राविधिक मुल्याङकन तथा कार्यसम्पन्न प्रतिवेदन अनुसार गो.भा.न ७९।०७९।१२।३ र २१७।०८०।३।२४ वाट रु ६४५२२४२।०० खर्च लेखेकोमा फाइल परीक्षणवाट देखिएको व्यहोरा निम्नानुसार रहेक छ।

५१.२ **ट्याक कोट -** सडक विभागवाट स्वीकृत भएको सडक निर्माणको स्पेसिफिकेसन,२०७३ संसोधन समेतको SECTION 1300 – BITUMINOUS SURFACE AND BASE COURSE पृष्ट २१५ मा ट्याक कोट प्रति वर्ग मिटर औषत ०.४ देखी ०.६० लिटर सम्म हुने उल्लेख छ । पालिकाले कालोपत्रे कार्यमा ट्याक कोट स्पेसिफिकेसनमा उल्लेख गरेको परिमाण भन्दा औषत ०.७० लिटरका दरले भुक्तानी गरेको पाइयो तसर्थ आइटम नम्वर ८ मा ट्याक कोटको प्रति वर्ग मिटर ०.६० स्प्रे दरले हुने २५२८.२६ लिटरको मुल्याङकन भइ भुक्तानी हुनु पर्नेमा २९४९.६१ लिटरको प्रति लिटर रु ७६।९५ का दरले मुल्याङकन भइ भुक्तानी भएकोले वढी ४२१.३७ लिटरको मु.अ.कर समेत वढी भुक्तानी भुक्तानी निर्माण व्यावसायीवाट अशुल गर्नुपर्ने रु

| | |
|---|---|
| असुल गर्नुपर्ने | ३६,६४० |

५१.३ प्रोभिजनल समःप्रोभिजनल सम वापतको रकम भुक्तानी गर्दा सो रकम वरावरको विलभर्पाइ पेश

गरेरको अवस्थामा मात्र भुक्तानी दिनु पर्दछ । पालिकाले विमा वापतको कुल रु ५० ०००।०० भुक्तानी दिएकोमा रु २७२३९।०० को मात्र विल पेश गरेकोले विल भन्दा वढी भुक्तानी भएको रु २२७६१।०० को अशुल गर्नुपर्ने रु २२७६१।००

| | |
|---|---|
| असुल गर्नुपर्ने | २२,७६१ |

५१.४ प्रोभिजनल समः प्रोभिजनाल सममा व्यवस्था भएको ल्याव टेष्ट वापत रु २००००।०० भुक्तानी भएकोमा रु १२४३०।०० को मात्र विल पेश भएकोले विल भन्दा वढी भुक्तानी भएको अशुल गर्नुपर्ने रु

| | |
|---|---|
| असुल गर्नुपर्ने | ७,५७० |

५२ **गत वर्षको खर्च -** आर्थिक कार्यविधि तथा बितिय उतरदायित्व ऐन २०७६ मा चालु वर्षको बजेटले नथाम्ने गरी बढी खर्च हुने गरी दायित्व सिर्जना गर्न नहुने र विशेष कारण एवम् परिस्थितिवश कुनै व्यक्ति फर्म, संस्था वा कम्पनीसँग भएको सम्झौता बमोजिमको रकम खर्च शीर्षकहरुमा चालु बर्षको बजेटले नखामेको खर्च व्यहोर्नु पर्ने भएमा बीलभरपाई बमोजिमको रकम आगामी वर्षमा भुक्तानी दिन पर्ने कारण खोली महालेखापरीक्षकको कार्यालयले तोकेको ढाँचामा भुक्तानी दिन बाँकीको कच्चावारी म.ले.प.फा.न. २२१ मा चढाई श्रावण १५ गते भित्र कार्यालय प्रमुख र कोष तथा लेखा नियन्त्रक कार्यालयबाट प्रमाणित गराई राख्नु पर्ने र त्यस्तो भुक्तानी दिन बाँकीको कच्चावारी आर्थिक विवरणका साथ तालुक कार्यालय, सम्बन्धित मन्त्रालय, कोष तथा लेखा नियन्त्रक कार्यालय तथा महालेखापरीक्षकको कार्यालयमा पठाउनु पर्ने र उपनियम मा उल्लेखित खर्च बाहेक अन्य खर्चहरुको भुक्तानी स्वीकृत वार्षिक कार्यक्रममा समावेश भएको अवस्थामा दिन सकिने उल्लेख छ । तर पालिकाले उपभोक्ता समितिले समयमा सम्झौता बमोजिम सम्पन्न गर्न नसकेको कार्यलाई भुक्तानी दिन बाँकीको कच्चावारी नियममा उल्लिखित भएको प्रक्रिया नपुर्याई तयार गरी पालिका अध्यक्ष,प्रमुख प्रशासकिय अधिकृत प्रमाणित गरी राखेको आधारमा भुक्तानी दिने गरेको पाइयो । यसरी भुक्तानी दिदा गत वर्षकै खर्च पुनः खर्च लेखिने सम्भावना पनि रहने र चालु वर्षमा गर्नुपर्ने योजना प्रभावित हुने तथा वजेट चक्रमा समेत असर पर्ने हुदा यसरी खर्च लेखिनु उचित देखिएन । पालिकाले यो वर्ष गत वर्षको भुक्तानी बाँकीको रुपमा नगरपालिका चालु तथा पुँजिगत तर्फ विभिन्न योजनाको रु ३९८१०००।०० भुक्तानी दिएको पाइयो । समयमै कार्य नगर्ने नगराउने तथा समयमै भुक्तानी समेत | नगर्ने सम्बन्धीत पदाधिकारीलाई कानून बमोजिम जिम्मेवार बनाई खर्च दोहोरो भुक्तानी सम्बन्धमा समेत यकिन गरिनुपर्दछ ।

५३ **वढी भुक्तानी** - ने.रा.मा.वि.निचुटाको नाला निर्माण तथा माटो पुर्ने कार्यको लागि प्राविधिक मुल्याङकन तथा कार्यसम्पन्न प्रतिवेदन अनुसार रु ४९५०६२।०० खर्च लेखेको छ । पालिकाले

M15 Grade (1:2:4 Mix) pcc work in foundation को पालिकाको स्वीकृत दररेट अनुसार प्रति घ. मी. रु ९७३९।०० का दरले लागत अनुमान स्वीकृत गरी खरिद गर्नुपर्नेमा रु ११६२८।०० का दरले स्विकृत गरी खरिद गर्दा प्रति घन मिटर रु १८८८९।०० ले १५.३२ घन मिटरको मु.अ.कर समेत वढी भुक्तानी अशुल गर्नुपर्ने रु ३२७०२।००

| असुल गर्नुपर्ने | ३३,७०२ |
|---|---|

५४ **ठेक्कामा प्रतिस्पर्धा** - सार्वजनिक खरिद ऐन,२०६४ को दफा दफा ६२ (४) वमोजिम वोलपत्रदाताहरु वा प्रस्तावकहरु विच कृत्रिम वा अप्रस्तिपर्धी तरिकाले काम गर्ने वोलपत्र पेश गर्नु अघि वा पछि मिलेमतो वा गुटवन्दीमा संलग्न हुन नपाउने व्यवस्था छ । यसरी मिलेमतो वा गुटवन्दी भएमा दफा ६३ ( क) वमोजिम कार्यालयले छानविन गरी मिलेमतो हो होइन एकिन गर्नुपर्ने व्यवस्था छ । यस कार्यालय अन्तर्गत यस वर्ष भएका निम्नानुसारका वोलपत्रमा खरिद कार्यमा लागत अनुमानको तुलनामा कबोल अंक ०.५८ देखी १.९५ प्रतिशत मात्रै घटि देखिएको छ । ऐनको दफा ६९ र नियमावलीको नियम **१४६** वमोजिम विद्धुतीय संचार माध्यमको आधारमा ई-विडिङ समेत गरेको देखिएन । कार्यालयले लागत अनुमानको तुलनामा कबोल अंक प्रतिशत मात्र न्युन रहेकोमा ऐनको व्यवस्था वमोजिम मिलोमतो भएको हो होइन भन्ने सम्वन्धमा कार्यालयले जाँचवुझ गरेको पाइएन ।कार्यालयले यस सम्वन्धमा ध्यान दिनु पर्दछ ।

| खरिद/ कार्यकम | ठेक्का नम्वर | लागत अनुमान | कबोल रकम | न्युन प्रतिशत | प्रकृया |
|---|---|---|---|---|---|
| भालुवाही खोलामा तटबन्ध निर्माण | ०६/७९/८० | ९७४१८३९.२३ | ९६८५५५६.६७ | ०.५८ | Hard Copy Bidding |
| नदि नियन्त्रण गाडी गाउ | ०९/७९/८० | ३१६५६३१.४८ | ३१४६३१६.६८ | ०.६१ | Hard Copy Bidding |
| प्रसुती गृह निर्माण | ०७/७९/८० | ६८२८०६५.५४ | ६७८७१९४.६८ | ०.७ | Hard Copy Bidding |
| हज्रोता सडक ढलान | 17/७९/८० | २९०७३९५.९६ | २८५०७०१.७४ | १.९५ | Hard Copy Bidding |

५५ **लागत सहभागिता -** पालिकाले आयोजना/कार्यक्रम छनौट गर्दा उपभोक्ता समितिको तर्फबाट नगद लागत सहभागिता जुट्ने आयोजनालाई प्राथमिकता दिनुपर्ने, नगद सहभागिता तोकिएको अवस्थामा सहभागिता वापतको रकम सम्बन्धित स्थानीय तहको खातामा दाखिला गरी सो को भौचर प्राप्त भएपछि मात्र उपभोक्ता समितिसँग योजना सम्झौता गर्नुपर्ने गर्नुपर्दछ । तर पालिकाले लागत सहभागिता सहितका लागत अनुमान तयार गरेको देखिएन् । अतः नगद लागत सहभागिता जुट्ने आयोजनालाई प्राथमिकता दिनुपर्दछ ।

५६ **मुल्य अभिवृद्धि कर वढी भुक्तानी** - सार्वजनिक खरिद नियमावली , २०६४ को नियम ९७ मा

उपभोक्ता समिति मार्फत भएको कार्यमा मुल्य अभिवृद्ध कर भुक्तानी दिदा उपभोक्ताले मुल्य अभिवृद्धि कर लाग्ने सामाग्री खरिद गर्दा तिरेको मुल्य अभिवृद्धि कर मात्र भुक्तानी दिनु पर्दछ । निम्नानुसारको योजनामा निम्न सामाग्री खरिदमा उपभोक्ताले खरिदमा तिरेको मुल्य अभिवृद्धि कर भन्दा वढी मुल्य अभिवृद्धि कर तिरेको देखिएकोले वढी भुक्तानी भएको मुल्य अभिवृद्धि कर अशूल गर्नुपर्ने रु

| | |
|---|---|
| असुल गर्नुपर्ने | ८६,३६२ |

**(विस्तृत विवरण बेरूजु दफा ५६ सँग सम्बन्धित अनुसूचीमा संलग्न छ ।)**

५७ **वढी भुक्तानी** - पालिकाले जिल्ला दरको आधारमा आफ्नो पालिका भित्र निर्माण कार्य गर्नको लागि दर विष्लेषण गरी दररेट निर्धारण गरेको छ । पालिकाले आफुले स्वीकेत गरेको दररेट भन्दा वढी दरले देहायको कार्यमा भुक्तानी दिएकोले वढी भुक्तानी भएको रकम अशुल गर्नुपर्ने रु ३३४०५२।००

| गो. भा . न र मिति | कार्य | घन मिटर | स्वीकृत दर | भुक्तानी दर | वढी भुक्तानी |
|---|---|---|---|---|---|
| २९।०७९।१०।१६ | पिसिसि १ः २ : ४ | १४.२२ | ९०४१ | १०७७७ | २४६८५ |
| ३३।२०७९।१०।१९ | पिसिसि १ः २ : ४ | ७.३६ | ९७३९।४९ | ११६२० | १३८४१ |
| ३३।२०७९।१०।१९ | पिसिसि १ः २ : ४ | ९.७८ | ९७३९।४९ | ११६०० | १८१९६ |
| ३७।२०७९।१०।२२ | पिसिसि १ः २ : ४ | २३.७१ | ९७३९.४९ | ११५७० | ४३४०१ |
| ८९,१०८ | पिसिसि १ः २ : ४ | ९७.०६ | ९०४१ | १०७७७ | १६८४९६ |
| २०१।२०८०।३।२३ | पिसिसि १ः २ : ४ | ३७.३७ | ९७३९।४९ | ११४९१ | ६५४३३ |
| जम्मा | | | | | ३३४०५२ |

| | |
|---|---|
| असुल गर्नुपर्ने | ३,३४,०५२ |

५८ **उपभोक्ता समितिको कार्य** - उपभोक्ता समितिको कार्यःसार्वजनिक खरिद नियमावली २०६४ को नियम ९७ मा उपभोक्ता समिति मार्फत कार्य गराउन सक्ने व्यवस्था छ । उपभोक्ता समिति मार्फत हुने सबै निर्माण कार्यको गुणस्तर परीक्षण नगरेको, सम्झौता बमोजिम समय, लागत र गुणस्तरमा कार्य सम्पन्न हुन नसकेमा त्यस्ता उपभोक्ता समितिको लगत नराखेको, आयोजना उपभोक्तालाई हस्तान्तरण भएको नभएको, मर्मत सम्भार कोष खडा नभएको, रकम प्राप्त गर्नेको डोर हाजिर तथा अन्य खर्चको भर्पाइ गर्ने एवं ढुवानी गर्ने व्यक्तिको पहिचान खुलेको कागजात स्पष्ट नभएकोले यस्तो

कार्यमा सुधार हुनु पर्दछ ।

५९ **क्रमागत योजना अभिलेख र कार्यान्वयन स्थिति** - स्थानीय सरकार सञ्चालन ऐन, २०७४ अनुसार स्थानीय तहले समयमै योजना सम्झौता गरी कार्य सम्पन्न गर्नुपर्दछ । पालिकाले यस आ.ब अन्तर्गत योजना छनौट गरी समयमै सम्झौता तथा सम्पन्न गर्नुपर्नेमा आ.व २०७९।८० मा छनौट गरिएका योजना कति सम्पन्न भए, कतिको रनिङ बिल मात्र भुक्तानी भए , अद्यावधिक कार्य कति छ सो को अभिलेख पालिकाले राखेको छैन । पालिकाले वडा भवन मर्मत, भवन निर्माण, सडक निर्माण , सिचाई लगायतका योजनाहरु एकैपल्ट नगरी क्रमागत रुपमा गर्ने भएकोले सम्बन्धित आर्थिक बर्षसम्म कुन अवस्थासम्म कार्य भयो सोको अभिलेख नराख्नाले आगामि बर्षहरुमा पुन क्रमागत बजेटमार्फत योजना बनाउँदा पहिले भुक्तानी भएका परिमाण दोहोरिन सक्ने सम्भाबना देखिन्छ। परिमाण सहितको क्रमागत योजनागत अभिलेख नराखिँदा दोहोरो भुक्तानी हुने, बढी परिमाणको ओभरल्याप भुक्तानी हुने जोखिम हुन्छ । पालिकाले तर्जुमा गरेको योजना कार्यान्वयन , सम्झौता तथा कार्यान्वयन नभएका योजना, भुक्तानी गर्न बाँकी रनिङ बिल लगायतको बिवरण अद्यावधिक राखी तथा यकिन गरी अभिलेख व्यवस्थापन गर्नुपर्दछ ।

६० **फर्म वर्कमा मु.अ.कर वढी भुक्तानी** - सार्वजनिक खरिद नियमावली , २०६४ को नियम ९७ मा उपभोक्ता समिति मार्फत भएको कार्यमा मुल्य अभिवृद्ध कर भुक्तानी दिदा उपभोक्ताले मुल्य अभिवृद्धि कर लाग्ने सामाग्री खरिद गर्दा तिरेको मुल्य अभिवृद्धि कर मात्र भुक्तानी दिनु पर्दछ । निम्नानुसारको योजनामा निम्न सामाग्री खरिदमा उपभोक्ताले खरिदमा तिरेको मुल्य अभिवृद्धि कर भन्दा वढी मुल्य अभिवृद्धि कर तिरेको देखिएकोले वढी भुक्तानी भएको मुल्य अभिवृद्धि कर अशूल गर्नुपर्ने रु

| | |
|---|---|
| असुल गर्नुपर्ने | १,८९,४४८ |

**(विस्तृत विवरण बेरूजु दफा ६० सँग सम्बन्धित अनुसूचीमा संलग्न छ ।)**

६१ **प्राविधिक बिल र कार्य सम्पन्न -** सार्वजनिक खरिद नियमावली २०६४ को नियम १२३(१) मा खरिद सम्झौता अनुसार सार्वजनिक निकायले रनिङ बिल वा अन्य कुनै बिल बिजकको भुक्तानी गर्दा प्राविधिक नापजाँच गरी नापी कितावमा उल्लेख भएको वास्तविक कार्यसम्पादनको आधारमा भुक्तानी गर्नुपर्ने व्यवस्था रहेको छ । उपभोक्ता समितिहरुबाट सञ्चालित योजनाको ठेक्का बिलहरुमा लागत अनुमान र वास्तविक कामको मूल्याङ्कनमा बरावर परिमाण र रकम उल्लेख भएको देखिन्छ । लागत अनुमान बरावर नै मूल्याङ्कन भएको देखिएकाले वास्तविक काम कति भएको हो भन्ने सम्बन्धमा आश्वस्त हुन सक्ने अवस्था देखिएन । प्राविधिकले पेश गर्ने कार्य सम्पन्न प्रतिवेदनमा कार्य सम्पन्न गर्नुपर्ने मिति र कार्य सम्पन्न भएको मिति लगायतका इन्जिनियरिङ नर्म्स अनुसार बिलमा खुलाउनुपर्ने तथ्याङ्क उल्लेख गरेको पाईएन । यसले गर्दा कुन काम कहिले सम्पन्न गर्नुपर्ने

र तोकिएको अवधिमा सम्पन्न भए/नभएको विषयमा यकिन हुन नसकिएको हुँदा प्राविधिकले इन्जिनियरिङ नर्म्स अनुसारको उपभोक्ता समितिको बिल बनाउँदा नापजाँचलाई वास्तविक कार्यसम्पादनमा आधारित बनाउनुपर्दछ ।

६२ **वढी भुक्तानी** - १८४।२०८०।३।२०-आकवा नौरंगियाघाट कल्भर्ट निर्माण उ.स प्राविधिक मुल्याङकन तथा कार्यसम्पन्न प्रतिवेदनको आधारमा रु २१५६३९६।खर्च लेखेकोमा आइटम नम्वर १२ मा ३*१* १ को ग्याविन वक्स १२६ घन मिटर मुल्याङकन भई भुक्तानी हुनुपर्नेमा १२९ घन मिटरको मुल्याङकन भई भुक्तानी भएकोले प्रति ३ घन मिटरको रु ५५९१।७० को रु १६७७५।०० सम्वन्धित उपभोक्ता समितिवाट अशुल गर्नुपर्ने रु

| | |
|---|---|
| असुल गर्नुपर्ने | १६,७७५ |

६३ **वढी भुक्तानी** - २७।२०७९।१०।१६- Hume Pipe 900mm dia/Np3 को जिल्ला दररेट अनुसार प्रति र.मि रु ११७६०।०० का दरले लागत अनुमान वनाई खरिद गर्नुपर्नेमा प्रति र.मि रु १३०२०।०० का दरले लागत अनुमान वनाइ खरिद गरेको देखिएकोले प्रति र.मि रु १२६०।०० का दरले ७.५ र.मि को मु.अ.कर समेत वढी भुक्तानी भएको सम्वन्धित सप्लायर्सवाट अशुल गर्नुपर्ने रु

| | |
|---|---|
| असुल गर्नुपर्ने | १०,६७८ |

६४ **परामर्श सेवा खरिद**

६४.१ **परामर्श सेवा खरिद -** पटेर्वा सुगौली गाँउपालिका वडा न.५ मा ०.५ मेगावाटको ग्रिड कनेक्ट सोलार परियोजनाको सम्भाव्यत अध्ययन कार्यको लागि मुल्य अभिवृद्धि कर समेत रु १४९७२५०।०० को लागत अनुमान स्वीकृत भएकोमा सवै भन्दा कम कवोल गर्ने Highland Associates Nepal प्रा.लि लाई परामर्श सेवा खरिद वापत गो.भौ.न १४४।२०८०।२।१८ मा रु १३९७८१०।०० खर्च लेखेको छ । उक्त फाइल परीक्षणवाट देखिएका व्यहोरा निम्न छन् ।

६४.२ आर्थिक कार्यविधि तथा वित्तीय उत्तरदायित्व ऐन,२०७६ दफा २४(२) मा सरकारी रकम खर्च गर्दा साधन स्रोतको उच्चतमा प्रतिफल प्राप्त हुने र प्राप्त प्रतिफलको उचित गुणस्तर कायम हुने गरी मितव्ययी तरिकाले गर्नु पर्दछ ।सम्झौता अनुसारको अवधिमा कार्यसम्पन्न हुन नसक्नाको कारण सोलार परियोजनाको लागि जग्गा एकिन नमईसकेकोले सम्भाव्यता अध्ययन कार्य अगाडि वढाउन नसकिएको व्यहोरा जनाई परामर्शदातावाट म्यादथप माग गरेकोमा म्याद थप गरेको पाइयो । यसरी जग्गाको एकिन नभई सम्भाव्यत अध्ययन गर्दा जग्गाको विवाद भएमा सम्भाव्यत अध्ययन वापत खर्च भएको रकम उपादयता नहुने हुनाले जग्गा एकिन भएको प्रमाण पेश गर्नुपर्ने रु

| | |
|---|---|
| प्रमाण पेश नगरेको | १३,९७,८१० |

६४.३ फिनान्सियल प्रोपोजलको आइटम नम्वर १४ मा प्रोफेसनल लायविलिटी इन्स्योरेन्स वापत रु ५००००।०० व्यवस्था गरी मुल्ल अभिवृद्धि कर समेत रु ५६५००।०० भुक्तानी भएकोमा विमा गरेको प्रमाण पेश नभएकोले विमा गरेको प्रमाण पेश हुनुपर्ने अन्यथा उक्त रकम अशुल गर्नुपर्ने रु

| | |
|---|---|
| असुल गर्नुपर्ने | ५६,५०० |

६४.४ फिनान्सियल प्रोपोजलको आइटम नम्वर ९ मा Preparation of unit rate, Quantity Estimate and Cost Estimate वापत ३० दिनको रु ३५००।०० का दरले मुल्य अभिवृद्धि कर समेत रु ११८६५०।०० भुक्तानी भएको पाइयो । माथि उल्लेखित कार्यको लागि नै जनशक्तिको व्यवस्था भई सोही अनुसार भुक्तानी दिएको अवस्थामा पुन सोही कार्यको लागि उक्त रकम भुक्तानी दिन नमिल्ने देखिदा अशुल हुनुपर्ने रु

| | |
|---|---|
| असुल गर्नुपर्ने | १,१८,६५० |

६४.५ फिनान्सियल प्रोपोजलको आइटम नम्वर १० मा अन्य खर्च वापत रु ५००००।०० राखी १३ प्रतिशत मुल्ल अभिवृद्धि कर समेत रु ५६५००।०० भुक्तानी भएकोले देखिएकोले सवै खर्च वुक गरेको अवस्थामा अन्य खर्च भनि भुक्तानी दिनु औचित्यपुर्ण नदेखिएकोले अशुल गर्नुपर्ने रु

| | |
|---|---|
| असुल गर्नुपर्ने | ५६,५०० |

६५ **परामर्स सेवा खरिद** - सार्वजनिक खरिद नियमावली, २०६४ मा सार्वजनिक निकायमा कार्यरत जनशक्तिबाट नभ्याउने र बढी दक्षता आवश्यक पर्ने कार्य परामर्श सेवाको लागत अनुमान तयार गरी प्रतिस्पर्धाको माध्यमले खरिद गर्नुपर्ने व्यवस्था छ ।पालिकाले आफ्नै जनशक्तिवाट उक्त कार्य गराउन सक्ने नसक्ने सम्वन्धमा पालिकावाट निर्णय गरेको पाइएन भने सार्वजनिक खरिद नियमावली २०६३ को नियम १२ (२) को आधार तथा अनुसूची १ (क) को ढाँचामा लागत अनुमान तयार गरेको समेत पाइएन । तसर्थ उल्लिखित कमजोरीमा सुधार गर्दै प्राप्त डिपिआर कार्यान्वयनमा लानु पर्दछ ।

**(विस्तृत विवरण बेरूजु दफा ६५ सँग सम्बन्धित अनुसूचीमा संलग्न छ ।)**

६६ **कार्यसम्पन्न प्रतिवेदन पेश नभएको** - पालिकाले भौचर नम्वर २७।०७९।१०।१६ वाट पालिका भित्र विभिन्न ठाँउमा ह्युमपाइप जडानको लागि कोटेसनको माध्यमवाट निर्माण व्यावसायी आयुष सप्लायर्स प्रा.लि लाई देहायका सामाग्री खरिद गरी जिन्सी खातामा दाखिला गरेकोमा खरिदको

प्राविधिक मुल्याङकन तथा कार्यसम्पन्न प्रतिवेदनको आधारमा भुक्तानी दिएकोले उक्त हुयुम पाइप जडान भएको प्राविधिक मुल्याङकन र कार्यसम्पन्न प्रतिवेदन पेश गर्नुपर्ने रु ४३९३८५।००

| ह्यमपाइपको साइज | र . मी | रकम |
|---|---|---|
| Hume Pipe 900mm dia/Np3 | 7.5 | ९६००० |
| Hume Pipe 600mm dia/Np3 | 22.5 | १५३३३७ |
| Hume Pipe 450mm dia/Np3 | 20 | १०४९०० |
| Hume Pipe 300mm dia/Np3 | 10 | ३४६०० |
| मु. अ . कर | | ५०५४८ |
| जम्मा | | ४३९३८५ |

| | |
|---|---|
| प्रमाण पेश नगरेको | ४,३९,३८५ |

६७ **सोझै खरिद** - सार्वजनिक खरिद ऐन, २०६३ को दफा ८(२) मा खरिद गर्दा प्रतिस्पर्धा सिमित हुने गरी टुक्रा—टुक्रा पारी खरिद गर्नु नहुने व्यवस्था छ भने नियमावली, २०६४ को नियम ३ ३१(१)मा रु.२० लाख रुपैंया भन्दा बढि लागत अनुमान भएको निर्माण कार्य, मालसामान वा जुनसुकै सेवा खरिद गर्नु पर्दा खुला बोलपत्रको माध्यमद्वारा खरिद गर्नुपर्ने व्यवस्था छ । त्यसैगरी नियम ८५(४) अनुसार १ लाख रुपैंया भन्दा बढि रकमको सोझै खरिद गर्दा मौजुदा सुचिमा रहेका कम्तिमा ३ वटा आपूर्तिकर्ताबाट लिखित रुपमा दरभाउपत्र माग गरी खरिद गर्नुपर्ने व्यवस्था छ । त्यस कार्यालयले यो वर्ष मसलन्द तथा कार्यालय सामग्रीमा रु.२९ लाख ६३ हजार, गाडी भाडामा रु.१७ लाख ९५ हजार र सुचना प्रकाशनमा रु.१४ लाख १९ हजार खर्च गरेको छ । उस्तै प्रकृतिको विभिन्न खरिद कार्यलाई प्याकेजीङ्ग गरी सिलबन्दी दरभाउ तथा बोलपत्रको माध्यमबाट गराउन सकिने अवस्थामा समेत अलग अलग ससाना टुक्रा (कुनै पनि खरिद कार्यको) लागत अनुमान तयार नगरी सोझै खरिद गरेको छ ।साथै पालिकाले कुनै पनि सामाग्री खरिद गर्दा बजार दररेट विश्लेषण नगरी खरिद गरेको देखियो ।एउटै सामान विभिन्न फर्मसँग फरक फरक दरमा खरिद गरेको देखियो ।साथै कतिपय खरिदमा खरिद भएको सामग्रीहरु उक्त संस्थाले विक्री गर्न पाउने सम्बन्धमा उक्त संस्थाहरुको प्यान दर्तामा सामग्रीसँग कारोबार समेत मिलेको देखिएन । एउटै प्रकृतिको खरिदको कामलाई उपयुक्त प्याकेज बनाई सिलबन्दी दरभाउ पत्र मार्फत तथा खुला बोलपत्र आव्हान गरी मितव्ययी तरिकाले खरिद गर्नुपर्दछ ।

६८ **सम्पति कर** - स्थानीय सरकार संचालन ऐन, २०७४ को दफा ५५ मा गाउँपालिका तथा नगरपालिकाले आफ्नो क्षेत्रभित्रको घर र घर जग्गामा सम्पति कर लगाउने व्यवस्था गरिएको छ ।

आर्थिक बर्ष २०७९।८० मा पालिकाले कुनै पनि सम्पती कर संकलन गरेको पाइएन । यस पालिकाको क्षेत्रभित्र उठ्नुपर्ने एकिकृत सम्पती कर एकिन गरी असुल गर्नुपर्दछ ।

६९ **मनोरञ्जन कर** - स्थानीय सरकार संचालन ऐन, २०७४ को दफा ६४ बमोजिम सिनेमा, भिडियो हल, सांस्कृतिक प्रदर्शन हल, संगीत, थियटर मनोरञ्जन प्रदर्शन स्थल, ऐतिहासिक स्थलको प्रवेश शूल्कमा कर लिनुपर्ने व्यवस्था छ । आर्थिक वर्ष २०७९।८० मा पालिकाले कूनैपनि मनोरञ्जन कर संकलन गरेको पाईएन । यस पालीकाको क्षेत्रभित्र उठ्नु पर्ने मनोरञ्जन कर एकिन गरि असुल गर्नुपर्दछ ।

७० **व्यवसाय कर** - स्थानीय सरकार संचालन ऐन, २०७४ को दफा ५८ मा गाउँपालिकाले आफ्नो कार्यक्षेत्र भित्र रहेका विभिन्न व्यवसाय गर्ने व्यक्तिबाट व्यवसाय कर उठाउनूपर्ने व्यवस्था रहेको छ । पालिकाले व्यवसायीहरुको लगत राखी राजस्व असुल गर्नूपर्नेमा व्यवसायीहरुको लगत मात्र राखेको कर रकम संकलन गरेको पाईएन । गाउँपालिकाले व्यक्तिगत स्वघोषणाका आधारमा मात्र व्यवसाय दर्ता र नविकरण गर्ने गरेको तथा व्यवसाय दर्ता नभएका व्यवसायहरुको अनुगमन गरेको पाईएन । पालिका क्षेत्र भित्रका व्यवसायीको अभिलेख अध्यावधिक गरी करको दायराभित्र ल्याउनु पर्दछ ।

७१ **दाखिला गर्नुपर्ने** - अन्तर सरकारी बित्त ब्यबस्थापन ऐन २०७४ मा ढुङ्गा गिट्टी बालुवाको प्राप्त गरेको आयको ४० प्रतिसत रकम प्रदेश सन्चित कोष मा दाखिला गर्नुपर्ने ब्यबस्था छ । पालिकाले निम्नानुसारको ठेक्काबाट प्राप्त आय रु ८५७३२५३ को ४० प्रतिसत रु ३४२८८०० प्रदेश सन्चित कोष मा दाखिला गरेको देखिएन । ऐन अनुसार प्राप्त आय को ४० प्रतिसत प्रदेश सन्चित कोष मा दाखिला हुनुपर्ने रु

| ठेक्का नम्बर | आय रकम | ४० प्रतिसत ले हुने रकम |
|---|---|---|
| १/७९/८० | ५१४७००० | २०५८८०० |
| २/७९/८० | ३४२६२५३ | १३७०००० |
| जम्मा | ८५७३२५३ | ३४२८८०० |

| | |
|---|---|
| प्रमाण पेश नगरेको | ३४,२८,८०० |

७२ **एम्बुलेन्सको रसिद** - कार्यालयले राजस्वको अभिलेख अध्यावधिक गरी सोको लेखापरीक्षण गराउने जिम्मेवारी कार्यालय प्रमुखको हुने व्यवस्था रहेको छ । पालिकाबाट एम्बुलेन्स चालकलाई नगदी रसिद कति दिएको भनि अभिलेख पालिकामा रहेको देखिएन । यसबाट एम्बुलेन्सबाट प्रासर हुनुपर्ने आम्दानी प्राप्त भएको सम्बन्धमा आश्वुस्त हुन सकिएन । साथै आम्दानीको व्यवस्थित अभिलेख राख्नेख प्रयोजनार्थ मासिक र वार्षिक आम्दानी विवरण राखेको देखिएन । अतः कार्यालयले आगामी

दिनमा एम्बुलेन्सबाट प्राप्त। हुने आम्दानीलाई सफ्टवेयरबाट रसिद प्रयोग गरी आम्दानी यथार्थ बनाउनु पर्दछ ।राजश्व असूली सम्बन्धमा विशेष ध्यान पुर्याउनुपर्ने देखियो ।

७३ **सवारी कर** - स्थानीय सरकार संचालन ऐन, २०७४ को दफा ६४ मा गाउँपालिकाले आफ्नो क्षेत्र भित्रका सवारीमा तोकिए बमोजिम सवारी दर्ता तथा वार्षिक सवारी कर र आफ्नो क्षेत्रमा आउने सबै प्रकारको सवारीमा तोकिए बमोजिम सवारी कर उठाउने उल्लेख छ । सम्वन्धित निकायसँग समन्वय गरी हरेक वर्ष दर्ता हुने सवारीको अभिलेख राखि कर असूलीलाई प्रभाबकारी बनाउने तर्फ सम्वन्धित निकायको ध्यान जानु पर्दछ ।

७४ **विद्यालयगत निकासा -** विद्यालय कार्यक्रम संचालन सम्बन्धी व्यवस्था अनुसार पालिकाले प्रत्येक बिद्यालयलाई निकासा जाने सबै रकमहरु देखिने गरी बिद्यालयगत निकासा खाता अध्यावधिक गरी राख्नु पर्ने व्यवस्था छ ।पालिकाले विद्यालयगत निकासा खाता तेरिज तयार गरेको देखिएन। यसबाट निकासाका रुपमा जाने तलव, भत्ता र बिभिन्न अनुदान रकमहरुको बिद्यालयगत स्थिति स्पष्ट हुने गरी भिडान गर्न सकिएन।अतः बिद्यालयलाई जाने सबै रकमहरु देखिने गरी तेरिज तयार र सफ्टवेयरमा प्रविष्टि गरी बिद्यालयगत रकम निकासाको एकिकृत अभिलेख तयार गर्नुपर्दछ ।

७५ **सेनीटरी प्याड** - स्यानिटरी प्याड (वितरण तथा व्यवस्थापन) कार्यविधि,२०७६ को दफा ४ मा पालिकाले खरिद गरेको स्यानिटरी प्याड गुणस्तरमा कमी नआउने गरी भण्डारण गर्नुपर्ने उल्लेख छ। पालिकाले आरभ एण्ड विष्णु सप्लायर्सबाट १०८७० थान स्यानिटरी प्याड गौ.भौ. २४३, २०८०/०३/२४बाट रु ८२६००० (मु अ कर समेत)मा खरिद गरेको छ।पालिकाले गुणस्तर परिक्षण गरि समयमा प्याड खरिद गर्नुपर्दछ।प्रतिस्पर्धाबाट बजारको खुद्रा मूल्यभन्दा बढी नहुने गरी खरिद गरिनुपर्दछ।पालिकाले बर्षको अन्तमा खरिद गरि ९७९२ थानको मात्र विद्यालयलाइ वितरण भरपाइ पेश गरेको छ।उक्त सेनिटरी प्याड सम्बन्धित विद्यालयहरुले आफ्नो जिन्सी खातामा आम्दानी बाँधेको र विद्यार्थीहरुलाई वितरण गरेको पालिकाले सुनिश्चित गर्नुपर्दछ भने बाँकी १०७८ थानको विद्यालयलाई वितरण गरेको भरपाई पेश हुनुपर्ने रु

| | |
|---|---|
| प्रमाण पेश नगरेको | ७२,५०६ |

७६ **बैंक आदेश र खर्चको निर्णय** - आर्थिक कार्यविधि तथा वित्तीय उत्तरदायित्व नियमावली, २०७७ को नियम ३९(५) बमोजिम सरकारी रकम खर्च गर्दा त्यस्तो खर्च पुष्टि गर्ने बिल, भरपाई, प्रमाण र कागजात संलग्न हुनु पर्ने व्यवस्था छ । पालिकाले प्रत्येक विद्यालयको खातामा कति रकम गएको हो भनि बैंकलाई दिएको आदेश अधिकांश श्रेस्तामा संलग्न नगरेको र अन्य प्रमाणित पुष्टाइ विवरणहरु सम्बन्धित फाइलमा सिलसिलेबार रुपमा नराखिएको हुदाँ भुक्तानी सम्बन्धमा आश्वस्त हुन सकिएन।स्पष्ट टिप्पणी तथा निर्णय र बैंकबाट प्रमाणित बैंक आदेश सम्बन्धित भौचरमा संलग्न हुनुपर्दछ ।

७७ **श्रेस्ता पेश नभएको** - आर्थिक कार्यविधि तथा वित्तीय उत्तरदायित्व ऐन, २०७६ को दफा ३५ मा

सबै प्रकारका आयव्यय तथा कारोबारको तोकिए बमोजिमको लेखा पेश गर्नु पर्ने तथा दफा ३६ मा माग गरिएका लेखा तथा विवरण तोकिएको म्यादभित्र दाखिला गर्नु जिम्मेवार व्यक्तिको कर्तव्य हुने व्यवस्था छ। बाँकी श्रेस्ता सम्बन्धमा तहाँ कार्यालयबाट यकीन गरी श्रेस्ताहरु फाइलमा सिलसिलेबर रुपमा व्यवस्थित तरिकाले अभिलेख राख्नुपर्दछ ।पालिकाको लेखापरीक्षणको क्रममा रु.९५६,००० को शिक्षासँग सम्बन्धित कागजात पेस भएन । ऐनमा भएको व्यवस्था परिपालना गरी स्रेस्ता पेश हुनु पर्ने रु

| गौ भौ नं र मिति | भुक्तानी पाउने | रकम |
|---|---|---|
| २४५, २०८०/०३/२४ | श्री नेपाल राष्ट्रिय माध्यमिक विद्यालय रंगपुर टांडी | ६५०,००० |
| २४७, २०८०/०३/२४ | डाइनामीक टेक्नोसफ्ट प्रा.लि. | ३०६,००० |
| जम्म | | ९५६,००० |

| | |
|---|---|
| प्रमाण पेश नगरेको | ९,५६,००० |

७८ **नेट जडान** - पालिका अन्तर्गतका २४ विद्यालयहरुलाइ गौ भौ ११६ बाट निशुल्क नेट जडान कार्यको लागि प्रति विद्यालय रु १२००० का दरले निकासा दिएको देखियो। कार्यक्रम कार्यान्वयन पुस्तिका २०७९।८० मा विद्यालयले नेट संचालन भए नभएको अनुगमन स्थानीय तहले गर्नुपर्ने व्यवस्था छ। तर सो सम्बन्धमा अनुगमन प्रतिवेदन पेश नभएकोले विद्यालयमा अनुगमन गरी अनुगमन प्रतिवेदन पेश हुनुपर्दछ।

७९ **पाठ्यपुस्तक वितरण** - कार्यक्रम कार्यान्वयन पुस्तिका २०७९।८० को कृयाकलाप नं.२.४.६.१ अनुसार सत्यापन गराएर मात्र निशुल्क पाठ्यपुस्तक दुइ पटकमा वितरण गर्नुपर्ने व्यवस्था छ।पालिकाले २४ विद्यालयलाइ पाठ्यपुस्तक वापत गौ भौ नं १२९,१३७ र २०७ कुल रु ३९३७,८६२ रकम निकासा गरेको छ। विद्यार्थी संख्यालाइ सत्यापन नगराइ पाठ्यपुस्तक रकम निकासा गरेको हुदाँ रकम बढि निकासा भएको छैन भन्न सक्ने अवस्था छैन।शिक्षा शाखाले निर्देशिका बमोजिम IEMIS मा प्रविष्ट तथ्यांकलाइ कक्षागत विद्यार्थीहरुको यथार्थ तथ्यांकसगँ सत्यापन गराई निकासा गरेको रकम बमोजिम पाठ्यपुस्तक बितरण भए नभएको पालिकाले भिडान गरी पाठ्यपुस्तक बितरणको सुनिश्चितता प्रदान गर्नुपर्दछ।देहायबमोजिमको विद्यालयको पाठ्यपुस्तक निकासाको बिल भरपाइ पेश नभएकोले पेश हुनुपर्ने रु

| विद्यालयको नाम | निकासा रकम |
|---|---|
| ने. रा. आ. वि. रंगपुर | ५४७९३ |

| | |
|---|---|
| ने.रा.आ.वि पूर्व देउकुली | ३४१४७ |
| अरुणोदय कोपिला आ.वि. | ३३,३३२ |
| ने.रा.आ.वि. उत्तरबारी सुगौली | ५४२४६ |
| ने.रा.आ.वि.थरकट्टी | ५२६३५ |
| जम्मा | २२९१५३ |

| | |
|---|---|
| प्रमाण पेश नगरेको | २,२९,१५३ |

८० **शिर्षक फरक पारी खर्च -** महालेखा नियन्त्रक कार्यालयलको एकीकृत आर्थिक संकेत वर्गिकरण र व्याख्या, २०७४ बमोजिम खर्च शिर्षक अनुसार सम्बन्धित प्रयोजनको खर्च सम्बन्धित शिर्षकबाट लेख्नुपर्ने व्यवस्था छ । कार्यक्रम कार्यान्वयन पुस्तिका २०७९।८० को क्रियाकलाप नं १.१.३.३ को द्रष्टव्य नं १ मा उक्त क्रियाकलापको शीर्षक सशर्त अनुदानका रुपमा आएको हुनाले उक्त रकम तलब भत्ता बाहेक अन्य शीर्षकमा खर्च लेख्न नपाइने स्पष्ट व्यवस्था छ।पालिकाले सशर्ततर्फ देहायको रकम जुन शीर्षकको लागि विनियोजन भएको हो सो शीर्षकमा खर्च नगरी अन्य शीर्षकमा खर्च गरेको छ ।गाउँपालिकाले खर्च शिर्षक अनुसार सम्बन्धित प्रयोजनको खर्च सम्बन्धित शिर्षकबाट खर्च गर्नुपर्दछ।

| गो भौ नं मिति | खर्च हुनुपर्ने शीर्षक | खर्च भएको | खर्च रकम |
|---|---|---|---|
| २०७, २०८०।०३।२२ | शिक्षकको थप तलब भत्ता | विद्यार्थीहरुका लागि निशुल्क पाठ्यपुस्तक अनुदान | १७०,००० |
| | जम्मा | | १७०,००० |

८१ **छात्रवृत्ति** - कार्यक्रम कार्यान्बयन पुस्तिका आ.ब .२०७९।८० को क्रियाकलाप.नं ७.२.१.१ अनुसार सामुदायिक विद्यालयमा अध्ययनरत कक्षा १ देखि ८ सम्मका विद्यार्थीहरुका लागि संख्या सत्यापन गराइ गैर आवासीय छात्रवृति वितरण गर्नु पर्दछ।पालिकाले छात्रवृत्ति वापत २२ विद्यालयलाइ गौ भौ नं १६१ बाट रु १३०२२०० निकासा गरेको छ। विद्यार्थी संख्यालाइ सत्यापन नगराइ छात्रवृत्ति रकम IEMISको विद्यार्थी संख्याको आधारमा मात्र निकासा गरेको हुदाँ रकम बढि निकासा भएको छैन भन्न सक्ने अवस्था छैन। शिक्षा शाखाले निर्देशिका बमोजिम IEMIS मा प्रविष्ट तथ्यांकलाइ कक्षागत विद्यार्थीहरुको यथार्थ तथ्यांकसगँ सत्यापन गराई निकासा गरेको रकम बमोजिम छात्रवृत्ति बितरण भए नभएको पालिकाले भिडान गरी छात्रवृत्ति बितरणको सुनिश्चितता प्रदान गर्नुपर्दछ।देहायबमोजिमको विद्यालयको छात्रवृत्ति निकासाको बिल भरपाइ पेश नभएकोले पेश हुनुपर्ने रु

| क.स. | विद्यालयको नाम | निकासा रकम |
|---|---|---|
| १ | नेपाल राष्ट्रिय माध्यमिक विद्यालय रंगपुर टांडी | १३६४०० |
| २ | नेपाल राष्ट्रिय आधारभूत विद्यालय पटेर्वा | ९१४०० |
| ३ | नेपाल राष्ट्रिय माध्यमिक विद्यालय सुगौली दाप पर्सा | १६२८०० |
| ४ | जनता आधारभुत विधालय पथरैया | ३४००० |
| ५ | नेपाल राष्ट्रिय माध्यमिक विद्यालय निचुटा | २०१६०० |
| ६ | नेपाल राष्ट्रिय आधारभूत विद्यालय मनिहर्वा | ५८८०० |
| ७ | नेपाल राष्ट्रिय आधारभूत विद्यालय वेलवा | ६०००० |
| | जम्मा | ७४५००० |

८२ **शिक्षकको अभिलेख तथा तलब भत्ता वितरण** - शिक्षा नियमावली २०५९ को परिच्छेद ३ नियम १६ मा जिल्ला शिक्षा अधिकारीको काम कर्तव्य र अधिकार सम्बन्धमा व्यवस्था छ। जस अन्तर्गत बुदां न (झ) मा शिक्षा सेवा आयोगबाट नियुक्ति वा बढुवाको लागि सिफारीस भई आएका शिक्षकलाई नियुक्ति गर्ने, सामुदायिक तथा सरकारी विद्यालयमा कार्यरत शिक्षकको नोकरी तथा अन्य विवरण अभिलेख अधावधिक गरी राख्नुपर्ने व्यवस्था रहेको छ।त्यस्तै शिक्षक दरबन्दी (मिलान तथा व्यवस्थापन) कार्यविधि,२०७६ मा स्थानीय तहहरुसँग समन्वय गरी तत् स्थानीय तहमा रहेको खुद रिक्त दरबन्दी, करारमा रहेको शिक्षक, अस्थायी शिक्षक तथा स्थायी शिक्षकहरुको विवरण र सूची आफ्नो अभिलेखसँग भिडाइ एकिन गर्ने (दफा १३) र स्थानीय तहले इकाइसँग समन्वय गरी रिक्त दरबन्दी, करार, राहत र दरबन्दीका शिक्षकको विवरण उपलब्ध गराउनु पर्ने (दफा१२) व्यवस्था छ ।प्रत्येक विद्यालयको माग र भरपाइ फारम व्यवस्थित तरिकाले सिलसिलेवार रुपमा राखिएको छैन। पालिकाले शिक्षकको दरबन्दी अभिलेख, काजमा आएका, काजमा गएका, सरुवा भई आएका तथा गएका, सेवा निवृत भएका, विदामा रहेका, नया नियुक्ति भएका, राहत कोटा र दरबन्दीमा कार्यरत शिक्षक सम्बन्धी विवरण, मृतक र अवकाशको विवरण आदिको बारेमा नियमावली र कार्यविधिमा व्यवस्था भए बमोजिमको अद्यावधिक अभिलेख तयार नगरेको हुदा कार्यरत शिक्षकको तलब भत्ता वितरणमा वास्तविक हो भनी एकिन हुन सकिएन। शिक्षकको अभिलेख सम्बन्धमा नियमावली र कार्यविधिमा भएको व्यवस्था कार्यान्वयनतर्फ ध्यान दिनुपर्दछ।

८३ **लागत सहभागिता नभएको** - सम्पुरक अनुदान सम्बन्धि कार्यविधि २०७७ को दफा ६ मा लागत साझेदारी सम्बन्धी व्यवस्था रहेको छ। सोअनुसार आयोजना कार्यक्रम गर्नको लागि कार्यक्रमको तर्फबाट अधिकतम ५०% र स्थानीय तहबाट न्युनतम ५०% लागत सहभागिता रहने उल्लेख छ।

पालिकाले यसबर्ष सम्पुरक अनुदान सम्बन्धि कार्यविधि अन्तर्गत निम्नानुसारको कार्यहरु गरेकोमा सम्पूर्ण रकम कार्यक्रमको तर्फबाट मात्रै व्यहोरेको देखियो । तसर्थ पालिकाको लागत साझेदारी वापत हुन आउने रकम नेपाल सरकार संघीय कोषमा दाखिला हुनुपर्ने देखिएको रु

| गो. भा . न र मिति | कार्यक्रमको नाम | पालिका ले भुक्तानी गरेको | भुक्तानी हुनु पर्ने | फिर्ता गर्नु पर्ने |
|---|---|---|---|---|
| 16।२०८०।०१।८ | वडा नं ४ को भलुवाही खोलामा तटबन्ध निर्माण | ४९६४७५५ | ४८३४६९१.५ | १३००६३.५ |
| | जम्मा | ४९६४७५५ | ४८३४६९१.५ | १३००६३.५ |

| | |
|---|---|
| प्रमाण पेश नगरेको | १,३०,०६३.५ |

८४ **बढी अनुदान** - प्रधानमन्त्री कृषि आधुनिकीकरण परियोजना कार्यान्वयन म्यानुअलको परिच्छेद ७.१ मा उत्पादनोपरान्त तथा कृषि व्यवसाय सेवा पूर्वाधारहरुमा बढीमा ८५ प्रतिशत र कृषि तथा पशु व्यवसाय पूर्वाधाहरुमा बढीमा ५० प्रतिशत अनुदान दिने व्यवस्था रहेको छ। तर पालिकाले गो.भो न २१६/२०८०/३/२३ बाट तरकारी बालि पकेट बिकाश कार्यक्रम अन्तरग सहकारी संस्था लि लाई बिषादी म्यानुअल बिपरित ५० प्रतिसत अनुदान हुने रु ५५२५० दिनु पर्ने मा १०० प्रतिसत नै अनुदान सहकारीलाई दिएकोले बढी रकम रु ५५२५० असुल गरि सन्चित कोष दाखिला हुनु पर्ने रु

| | |
|---|---|
| असुल गर्नुपर्ने | ५५,२५० |

८५ **परम्परागत विद्यालय अनुदान -** कार्यक्रम कार्यान्वयन पुस्तिका २०७९।८० को क्रियाकलाप नं. २.७.१३.११ मा स्थानीय तहले सामुदायिक विद्यालयका रुपमा अनुमति लिइ सञ्चालनमा रहेका परम्परागत शिक्षा दिने गुरुकुल/आश्रम,गुम्बाबिहार,मदरसा जस्ता विद्यालय यकिन गर्ने र यस प्रकारका विद्यालयले राहत शिक्षक अनुदान स्वीकृत दरवन्दी प्राप्त गरेको भए यस क्रियाकलापमा उल्लेखित अनुदान रकम उपलब्ध नपाउने व्यवस्था छ। यदि यस प्रकृतिका विद्यालयले राहत शिक्षक अनुदान स्वीकृत दरबन्दी प्राप्त गरेमा सो फिर्ता गरी अनुदान मात्र लिन चाहेमा एकमुष्ट अनुदान लिन सकिने व्यवस्था रहेको देखिन्छ । त्यस्तै दरबन्दी / राहत शिक्षक अनुदान फिर्ता गर्ने निर्णय गरेको विद्यालयको विवरण फागुन मसान्तभित्र यस केन्द्रमा पठाउनुपर्ने व्यवस्था छ ।पालिकाले मदर्सा सुलेमानिया दारुल उलुम सोनबर्षा बैरिया टोल गदयानी पर्सा भौ नं १०४,१०५,११५,१८७ बाट तलब निकासा गरिसकेको र अन्य विद्यालयलाइ सरह अनुदानहरु

दिएको हुदाँ परम्परागत विद्यालयलाई वार्षिक एकमुष्ठ अनुदान वापत गौ भौ नं ११८ मिति २०७९/१२/१२ मा रु २४१,००० निकासा दिएको कार्यक्रम कार्यान्वयन पुस्तिका २०७९।८० विपरित देखिएकाले उक्त क्रियाकलापमा निकासा दिन मिल्ने आधार पेश गर्नुपर्ने अन्यथा सम्बन्धित विद्यालयबाट असुल गरी संघीय सञ्चीत कोषमा दाखिला गर्नुपर्ने रु

| | |
|---|---|
| प्रमाण पेश नगरेको | २,४१,००० |

८६ **दिवा खाजा कार्यक्रम -** पालिकाले यस बर्ष सामुदायिक विद्यालयका प्रारम्भिक बाल विकास देखि कक्षा ६ सम्मका विद्यार्थीहरुलाई कार्यक्रम कार्यान्वयन पुस्तिका २०७९।८० को क्रियाकलाप नं.२.७.११.१ अनुसार प्रति विद्यार्थी १५का दरले देहायको गौश्चारा भौचर नं र मितिबाट २४ वटा विद्यालयको खातामा रु १३४२४५०५ निकासा खर्च लेखेकोमा देखिएका व्यहोराहरु निम्नानुसार छः

८६.१

| गो.भौ./ मिति | रकम |
|---|---|
| २०/२०७९/०६/१३ | १३५३७८० |
| ३४/२०७९/०७/२८ | १२५२३०५ |
| ५२/२०७९/०९/०१ | १४६६५८० |
| ६७/२०७९/०९/०६ | १६९४९८५ |
| ९६/२०७९/१०/२६ | २४७२०३० |
| १२२/२०७९/१२/१९ | ३४५२७० |
| १४१/२०८०/०१/१४ | ८७५९८५ |
| १७२/२०८०/०२/३१ | १७९०४९० |
| १८८/२०८०/०३/१९ | १९८४५०० |
| २०८/ २०८०/०३/२२ | १८८५८० |
| | १३४२४५०५ |

दिवा खाजा मापदण्ड तथा कार्यक्रम सहजिकरण पुस्तिका, २०७६ अनुसुचि ७ बमोजिम विद्यालयले चौमासिक विवरणका आधारमा तथ्याङ्क भरेर माग गर्नुपर्ने व्यवस्था छ।दिवा खाजा व्यवस्थापनको लागि स्थानीय तहमा एक उपसमिति गठन गर्नुपर्ने, अभिभावक आमा समूह गठन गर्नुपर्ने, स्थानीय तहले उपस्थित विद्यार्थी संख्याअनुसार खाजा आपूर्ती भए नभएको अनुगमन तथा मूल्याकंन गर्नुपर्ने र दोस्रो त्रैमासिक देखि निकासा गर्दा उक्त समयभन्दा अगाडि निकासा गरिएको रकम सदुपयोग भएको सुनिश्चित गरेर मात्र निकासा गर्नु पर्दछ। पुस्तिकाको प्रावधान विपरित सत्यापन नगरी, समति,समूह

गठन नगरी,हाजिरी प्रमाणित प्रतिलिपि संकलन नगरी ,खर्च भए नभएको सुनिश्चित नगरी अधिकतम १८० दिनलाइ आधार मानी जम्मा १७४ दिनको लागि विद्यालयले पेश गरेको विद्यार्थी संख्याको आधारमा निकासा गरेको ,विद्यालय व्यवस्थापन समितिबाट प्रमाणित नगरी संकलन भएको ,उपस्थिति संख्या विद्यालयले दिएपनि विलहरु लेखापरिक्षणको क्रममा पेश नभएको हुदाँ दिवा खाजा खर्च कार्यक्रम कार्यान्वयन नियमसम्मत देखिदैन। संघीय सरकार, प्रदेश सरकार र स्थानीय सरकारबाट दिने विदाहरु घटाई दिनुपर्ने र चुनावको विदा समेत कार्यान्वयन भए नभएको एकिन गर्नुपर्दछ। लेखापरीक्षणको क्रममा प्रधानाध्यापकको बैठक माइन्यूट पेश भएको छैन। पालिकाबाट दिवा खर्च निकासा सम्बन्धमा स्थानीय तहमा रहने उपसमितिबाट अनुमगन प्रतिवेदन पेश सहित निकासा भएको रकम र विद्यालयहरुले पेश गरेको दिवा खाजाको वील भरपाई भिडान गरेको शिक्षा शाखाबाट प्रमाणित प्रतिवेदन पेश गर्नुपर्दछ।

८६.२ कार्यान्वयन पुस्तिका २०७९।८० को क्रियाकलाप नं.२.७.११.१ अनुसार IEMIS मा समावेश भएको प्रारम्भिक बाल विकासदेखि कक्षा ६ सम्मको विद्यार्थी संख्यालाइ आधार मानेर प्रथम त्रैमासिक निकासा दिने र दोस्रो त्रैमासिकदेखि EMIS मा प्रविष्ट तथ्याङ्कलाई दोस्रो किस्तामा कक्षागत विद्यार्थीहरुको यथार्थ तथ्याङ्कसँग सत्यापन गराइ संख्या यकिन भएपश्चात् मात्र दिने व्यवस्था छ। पालिकाले २०७९ को EMIS मा प्रविष्ट तथ्याङ्कलाई दोस्रो किस्तामा कक्षागत विद्यार्थीहरुको यथार्थ तथ्याङ्कसँग सत्यापन नगरी देहायबमोजिम अधिक विद्यार्थी संख्यालाइ निकास दिएको हुँदा बढी विद्यार्थी संख्या बराबर हुन आउने रुकम रु११८४३७० को सत्यापन गरेको प्रमाण पेश गर्नुपर्ने अन्यथा सम्बन्धित विद्यालयबाट असुल गरी सञ्घीय संचीत कोषमा दाखिला गर्नुपर्ने रु

| विद्यालयको नाम | IEMIS | भाद्र ६ र असोज १२ दिनको<br>निकासा भएको वि स | अधिक विद्यार्थी | रकम | कार्तिक १७ मंसिर २० पौष२३ | अधिक विद्यार्थी | रकम | माघ १२ फाल्गुण २१ दिन | अधिक विद्यार्थी | रकम | चैत्र ११ दिन | अधिक विद्यार्थी | रकम | कुल बढी रकम |
|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|
| ने रा मा वि रंगपुर | ३९५ | ५०९ | ११४ | ३०७८० | ४८८ | ९३ | ८३७०० | ५०६ | १११ | ५४९४५ | ५०६ | १११ | १८३१५ | १८७७४० |
| ने रा आ वि फरहदवा | ६९ | १२२ | ५३ | १४३१० | १२२ | ५३ | ४७७०० | १३३ | ६४ | ३१६८० | १३३ | ६४ | १०५६० | १०४२५० |
| ने रा आ वि विश्रामपुरटोल गादी ६ | १३६ | १५० | १४ | ३७८० | १४७ | ११ | ९९०० | १४६ | १० | ४९५० | १४६ | १० | १६५० | २०२८० |
| ने रा आ वि बैद्यनाथपुर थरकट्टी | ७२ | १०८ | ३६ | ९७२० | १०३ | ३१ | २७९०० | १०३ | ३१ | १५३४५ | १०५ | ३३ | ५४४५ | ५८४१० |
| ने रा आ वि लक्ष्मीपुर गादी ९ | १३९ | २१८ | ७९ | २१३३० | २०७ | ६८ | ६१२०० | २१४ | ७५ | ३७१२५ | २१४ | ७५ | १२३७५ | १३२०३० |

| | | | | | | | | | | | | | | |
|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|
| ने रा आ वि उत्तरबारी सुगौली | ७९ | १२८ | ४९ | १३२३० | ११९ | ४० | ३६००० | ११९ | ४० | १९८०० | १२७ | ४८ | ७९२० | ७६९५० |
| ने रा आ वि अकवा पर्सा | ४७ | १२६ | ७९ | २१३३० | १२६ | ७९ | ७११०० | १२६ | ७९ | ३९१०५ | १२६ | ७९ | १३०३५ | १४४५७० |
| ने रा आ वि रामपुर पर्सा | १९४ | २०९ | १५ | ४०५० | २०९ | १५ | १३५०० | २०९ | १५ | ७४२५ | २०९ | १५ | २४७५ | २७४५० |
| जनता आधारभुत विद्यालय पथरैया | १५६ | १५९ | ३ | ८१० | | ० | ० | | ० | ० | | ० | ० | ८१० |
| ने रा आ वि कन्चनपुर बैरया | २४४ | २५९ | १५ | ४०५० | | ० | ० | | ० | ० | | ० | ० | ४०५० |
| ने रा आ वि रामभौरी भाठा | १४७ | १९२ | ४५ | १२१५० | १९२ | ४५ | ४०५०० | १९२ | ४५ | २२२७५ | १९२ | ४५ | ७४२५ | ८२३५० |
| ने रा आधारभूत विद्यालय पटेर्वा | १७० | २७३ | १०३ | २७८१० | २६१ | ९१ | ८१९०० | २६६ | ९६ | ४७५२० | २६६ | ९६ | १५८४० | १७३०७० |
| मदर्सा सुलेमानिया दारुल उलुम सोनवर्षा ५ | १६६ | ३०४ | १३८ | ३७२६० | | ० | ० | | ० | ० | ३०४ | १३८ | २२७७० | ६००३० |
| ने रा प्रा वि पुर्व देकुली | ३९ | ९७ | ५८ | १५६६० | १०१ | ६२ | ५५८०० | १०१ | ६२ | ३०६९० | १०१ | ६२ | १०२३० | ११२३८० |
| | | | | २१६२७० | | | ५२९२०० | | | ३१०८६० | | | १२८०४० | ११८४३७० |

| | |
|---|---|
| प्रमाण पेश नगरेको | ११,८४,३७० |

८७ **कार्यसम्पन्न प्रतिवेदन** - सार्बजनिक खरिद नियमावली, २०६४ को नियम १२३ र १२५ मा प्राविधिक पुष्ट्याई सहित कार्यसम्पन्न प्रतिवेदन तयार गर्नुपर्ने व्यवस्था छ। साथै कार्यक्रम कार्यान्वयन पुस्तिका २०७९/८० को क्रियाकलाप न.८.४ (ज) मा स्थानीय तहले अनुसूची ७ बमोजिम नापी किताब/कार्यसम्पन्नि प्रतिवेदन लगायतका कागजात २/२ प्रति प्राविधिकबाट तयार गर्न लगाई सम्बन्धित साईट ईन्चार्ज, विद्यालयको प्र.अ. तथा वि.व्य.स.अध्यक्ष वा विद्यालय निर्माण समितिका अध्यक्ष तथा प्रमुख को दस्तखत गराई एक प्रति स्थानीय तहमा र अर्को प्रति विद्यालयमा राख्रु लगाई सोको लेखा परिक्षण मौजुदा कानुन बमोजिम विद्यालयले आफ्नै स्रोतबाट गराउनुपर्ने र सोको स्थानिय तहले अनुगमन गरी प्रतिवेदन पेश गर्ने व्यवस्था छ। तर पालिकाले स्वीकृत बजेट अनुसार श्री नेपाल राष्ट्रिय मा.वि. निचुटा लाई शिक्षण सिकाईमा ICT को प्रयोग कार्य गर्न रु. ६५०००० अनुदान दिएको देखियो। यसरी दिएको अनुदान रकमबाट तोकिएको कार्य भए नभएको अनुगमन गरी गराई प्रतिबेदन लिएको देखिएन। पालिकाले दिएको अनुदान रकमबाट तोकिएको कार्य सम्पन्न भएको देखिने अनुगमन र कार्यसम्पन्न प्रतिवेदन तयार गर्नुपर्ने रु.

| | |
|---|---|
| प्रमाण पेश नगरेको | ६,५०,००० |

८८ **जोखिम भत्ता -** आर्थिक कार्यविधि तथा वित्तीय उत्तरदायित्व नियमावली,२०७७ को नियम ४५ मा सङ्घीय सञ्चित कोषबाट स्थानीय तहमा वित्तीय हस्तान्तरण भएको रकममध्ये खर्च नभएको रकम सङ्घीय सञ्चित कोषमा फिर्ता गर्नुपर्दछ। स्वास्थ्य तथा जनसंख्या मन्त्रालयबाट जारी आर्थिक वर्ष २०७९।८० मा सशर्त अनुदान तर्फ स्थानीय तह कार्यक्रम मार्गदर्शन अनुसार स्वस्थ्य शाखाका कर्मचारीहरुको तलब र प्रशासनिक खर्चमात्र स्वास्थ्य शसर्ततर्फ तलब शिर्षकबाट भुक्तानी दिनुपर्दछ।पालिकाले गौ.भ.न. ९१, २०७९/१०/०४ बाट देहायबमोजिमको व्यक्तीलाई स्वास्थ्य चौकी,अस्पतालहरुमा कार्यरत कर्मचारीहरुको तलब भत्ता,पोसाक लगायत प्रशासनिक खर्च शीर्षकबाट जोखिम भत्ता वापत रु ८१९६०० खर्च लेखेको छ। मार्गदर्शनमा उल्लेखित कुन कार्यक्रममा वा के प्रयोजनमा खटिएको हो सो सम्बन्धी कागजात नभएको हुदाँ खर्चलाई पुष्टि गर्ने कागजात पेश गर्नुपर्ने अन्यथा उक्त रकम शसर्त अनुदानका रुपमा आएको हुनाले अशुल गरी संघीय सचित कोष खातामा दाखिला गर्नुपर्ने रु

| भुक्तानी पाउने | पद | रकम | करकट्टीपछिको रकम |
|---|---|---|---|
| सन्देश कुमार यादव | प्र.प्र.अ. | २१८४०० | १८५६४० |
| भुजेन्द्र प्रसाद यादव | स्वा.शाखा प्रमुख | २१८४०० | १८५६४० |
| जगन्नाथ साह | सि.अ.हे.व.अ. | २१८४०० | १८५६४० |
| सोनु कुमार सोनी | लेखापाल | १६४४०० | १३९७४० |
| | जम्मा | | ६९६६६० |

| | |
|---|---|
| प्रमाण पेश नगरेको | ६,९६,६६० |

८९ **न्यानो झोला कार्यक्रम -** स्वास्थ्य तथा जनसंख्या मन्त्रालयबाट जारी आर्थिक वर्ष २०७९।८० मा सशर्त अनुदान तर्फ स्थानीय तह कार्यक्रम मार्गदर्शनमा मा प्रसुतिका आधारमा अनुमान गरी न्यानो झोलाको लागि अस्पतालहरुले सार्वजनिक खरिद ऐन र नियमावली अनुसार तोकिएको स्पेशिफिकेशन अनुसार खरिद गरी सो अनुसार गुणस्तर भए नभएको आधिकारिक तहबाट गुणस्तर परीक्षण गर्नु पर्ने व्यवस्था छ । यस पालिका अन्तर्गतका ३ बर्थिङ सेन्टरमा गत वर्ष ४०० थानको रु३५८४३६ र यस वर्ष ५५० थान को रु. ४९३४७१ मा खरिद गरेकोमा गत वर्ष ३४९ जना र यस वर्ष ३५५ जना गरी ७०४ मात्र प्रसुति भएको अभिलेखबाट देखिन्छ।पालिकाको भण्डारमा खरिद गरिएका २४६ थान न्यानो झोला मौज्दातमा रहेका छन्।जुन संख्या दुई वर्षको प्रसुति दरका आधारमा बढी रहेको देखिन्छ। खरिद भएका त्यस्ता झोलाहरु तोकिएको स्पेशिफिकेशन अनुसार गुणस्तर भए नभएको आधिकारिक तहबाट परीक्षण गरेको देखिएन। लामो समय भण्डारण गर्दा सोको गुणस्तरमा ह्रास आउने हुनाले त्यसतर्फ समेत पालिकाले ध्यान दिनुपर्दछ । माग र आवश्यकताको वस्तुनिष्ठ आङ्कलन गरी गुणस्तरीय झोला खरिद गर्नुपर्दछ।

९० **खर्चको पुष्टाइ विवरण** - आर्थिक कार्यविधि तथा वित्तीय उत्तरदायित्व नियमावली, २०७७ को नियम ३९(५) बमोजिम सरकारी रकम खर्च गर्दा त्यस्तो खर्च पुष्टि गर्ने बिल, भरपाई, प्रमाण र कागजात संलग्न हुनु पर्ने व्यवस्था छ । खर्च गर्नु भन्दा अगाडि स्पष्ट निर्णय गराएर मात्र खर्च गर्नुपर्दछ।पालिकाले देहायको भुक्तानीमा विल भरपाइ नराखी खर्च पुष्टाइ विवरण नराखी खर्च लेखेको हुदाँ खर्चको भुक्तानी पुष्टाइ हुनुपर्ने रु.२२९४००/ प्रमाण पेश हुनुपर्ने रु.

| गौ भौ नं र मिति | विवरण | रकम | कैफियत |
|---|---|---|---|
| १५६।२०८०।२।१७ | जीवन सुरक्षा कार्ड छपाइ रु ८४४०० को र व्यागको रु ४५००० | १२९४०० | विल पेश नभएको र कार्यक्रममा व्याग किन्नु उपयुक्त नभएको |
| १५६।२०८०।२।१७ | मातृ तथा नवशिशु कार्यक्रम संचालनवापत जगन्नाथ साहलाइ भुक्तानी | १००००० | खर्च विवरण र प्रतिवेदन पेश नभएको |
| | जम्मा | २२९४०० | |

९१ **भुक्तानीमा करकट्टी** - आयकर ऐन, २०५८ को दफा ८७,८८ र ८९ मा पारिश्रमिक कर कट्टि र भुक्तानीमा कर कट्टा गर्नु पर्ने व्यवस्था छ। पालिकाले गौ भौ नं २६२,२०८०।३।३१ को जग्गनाथ शाहलाई विभिन्न सरुवारोग,नसर्ने रोग तथा मानसिक स्वास्थ्य सम्बन्धि अन्तरक्रिया कार्यक्रम तथा दिवसहरु वापत भुक्तानीमा कर कट्टा नगरेको र लेखापरिक्षणको क्रममा समेत दाखिलाको प्रमाण पेश नभएको हुदाँ पारिश्रमिक करबापत रु ३३६० र अग्रिम आयकर वापत रु ६३९ गरी जम्मा रु ३९९९ कट्टा गरी संघीय संचित कोषमा दाखिला हुनुपर्ने रु

| | |
|---|---|
| असुल गर्नुपर्ने | ३,९९९ |

९२ **पोषण कार्यक्रम** - बहुक्षेत्रीय पोषण कार्यक्रम बजेट खर्च सम्बन्धी निर्देशनमा पोषण सुधारका लागि महिलाहरुको पुर्ण सहभागिता र नेतृत्व भएका महिला सहकारीमध्ये १ छनौट गर्ने भन्ने व्यवस्था छ।यसरी छनौट भएका सहकारी वा समुहका २५ जना सदस्यलाई प्रतिसदस्य २५ हजारका दरले ६लाख २५ हजार एकमुष्ट विनियोजन गर्ने व्यवस्था छ।गौ भौ नं २७१ मिति २०८०।३।३१ को पेश्की फछ्यौंटको विवरण परीक्षण गर्दा बजेट फ्रिज हुन नदिने उद्देश्यले आर्थिक वर्षको अन्तमा मिति २०८०।३।२४ मा पेश्की दिएको देखियो।पालिकाले पोषण सुधारका लागि विपन्न समुदायका महिला समुह वा सहकारीलाई विपन्न सदस्यहरुको आय आर्जन सुधार गर्नको लागि अनुदान शीर्षकमा गादी माइ महिला कृषक समूह सँग सम्झौता गरेको देखियो।उक्त सम्झौता पत्र र भुक्तानीको लागि टिप्पणीमा मिति केरमेट गरिएको छ।सम्झौता पत्रको शर्त नं.३ मा प्राप्त भएको अनुदान सदस्यहरुलाई व्यवसायीक योजना अनुसार रकम प्रदान गरी रकम प्रदान गरेको सदस्यको नाम, निजले संचालन गर्ने व्यवसायको नाम लगायतको विस्तृत विवरण पालिकालाई उपलब्ध गराउने, त्यस्तै शर्त न. ४ मा उक्त रकम ३० दिन भित्र सदस्यहरुले व्यवसाय संचालन नगरेमा सो

रकम पालिकाको खातामा जम्मा गर्नुपर्ने शर्तनामा रहेकोमा लेखापरिक्षण अवधिसम्म उक्त सहकारीका सदस्यहरुले व्यवसाय संचालन गरेको प्रमाण पेश नगरेको र उक्त कार्यको पालिकाबाट अनुगमन प्रतिवेदन पेश नभएकोले उक्त सहकारीका सदस्यहरुले व्यवसाय संचालन गरेका छन् भन्न सक्ने अवस्था देखिएन। सहकारीलाई दिएको अनुदान सम्बन्धित लाभग्राहीले पाए नपाएको तथा सो रकमबाट बहुक्षेत्रीय पोषण कार्यविधि अनुसार काम भए/नभएको सम्बन्धमा पालिकाले यकीन गरी सम्झौता बमोजिम विवरण र प्रतिवेदन पेश गर्नु पर्ने रु

| | |
|---|---|
| प्रमाण पेश नगरेको | ६,२५,००० |

९३ **औषधि खरिद -** पालिकाकालाई आवश्यक पर्ने औषधि मध्ये पालिकाबाट खरिद गर्नुपर्ने र तालुक निकायबाट प्राप्त हुने परिमाण यकिन गरी वार्षिक आवश्यकताको परिणाम विवरण तयार गरी पुल सिस्टमको आधारमा आपूर्ति व्यवस्थापन गर्नु पर्दछ । आपूर्ति हुने औषधी वा अन्य सामानमा उत्पादन मिति , म्याद सकिने मिति, ब्याच नं., उत्पादक कम्पनीको नाम र निःशुल्क वितरणको लागि लगायतका सूचना उल्लेख रहेको हुनुपर्दछ । आपूर्ति भएका औषधिको म्याद सकिने मिति भण्डार दाखिला समयदेखि कम्तिमा २ वर्ष बाँकी हुनु पर्दछ। त्यसैगरी भण्डारमा दाखिला गर्दा समेत उल्लेखित सबै विवरण खुलाउनुपर्दछ । यसवर्ष पालिकाले संघीय शसर्त बजेट उप शिर्षकबाट औषधि र उपकरण खरिद गरी मेडिसेल्स मेडिको फर्मा भक्तपुरलाई रु१६४८२०३ भुक्तानी दिएको छ। पालिकाले औषधी खरिद गर्दा वार्षिक खरिद योजना बनाएको छैन, आवश्यकता पहिचान गरेको छैन भने पुल सिस्टमको आधारमा आपूर्ति समेत गरेको देखिएन । आपूर्ति हुने औषधी तथा औषधीजन्य सामाग्रीमा उल्लेखित सूचना पूर्ण रुपमा रहेको छैन भने औषधिको प्रयोग र मौज्दात समेत यकिन भएन। आपूर्ति भएका औषधी एंवम सर्जिकल समान स्टोर दाखिला हुनु अघि स्पेशीफिकेशन अनुसार भए/ नभएको सम्बन्धित विषय विज्ञबाट मुचुल्का उठाई राख्नुपर्दछ। पालिकाले औषधि खरिद, उपयोग र मौज्दातको अवस्था यकिन गरी औषधि खरिदलाई व्यवस्थित बनाउनुपर्दछ ।

९४ **वितरणको प्रमाण** - आर्थिक कार्यविधि तथा वित्तीय उत्तरदायित्व नियमावली,२०७७ को नियम ३९(५) मा सरकारी रकम खर्च गर्दा त्यस्तो खर्च पुष्टि गर्ने बिल, भरपाई, प्रमाण र कागजात संलग्न हुनुपर्ने व्यवस्था छ । गोश्वारा भौचर ४३७-०७९।१२।७ बाट पी.एस मल्टीपर्पोसे प्रा .लि बाट झुल खरिद गरी रु.३५०००००/ खर्च लेखेकोमा खरिद भएका झुल प्रयोगविहिन रुपमा सम्बन्धितलाई वितरण नगरी मौज्दात राखेको देखियो । लाभग्राहीलाई वितरण गर्न खरिद गरेका जिन्सी मालसामानहरु वितरण गरी सदुपयोग भएको प्रमाण पेश गर्नुपर्ने देखिएको रु.

| | |
|---|---|
| प्रमाण पेश नगरेको | ३,५०,००० |

९५ **सहकारी नियमन** - सहकारी ऐन, २०७४ को दफा ७३ अनुसार मासिक, चौमासिक, वार्षिक प्रतिवेदन बुझाउनु पर्ने र सहकारी नियमावली, २०७५ को नियम २८(४), सहकारी संस्थाहरुको सुपरीवेक्षण, निरीक्षण तथा अनुगमन निर्देशिका, २०७८ को दफा ३ मा मासिक प्रतिवेदन प्रत्येक महिना ७ गते

भित्र एकीकृत सूचना व्यवस्थापन प्रणाली (COPOMIS) दाखिला गर्नु पर्ने व्यवस्था छ। पालिकाले उपलव्ध गराएको विवरणअनुसार पालिका भित्र १८ वटा सहकारी संस्था रहेका छन् । पालिका भित्रका सहकारी संस्थाहरुले एकीकृत सूचना व्यवस्थापन प्रणाली (COPOMIS) बाट विवरण दाखिला गरेको पाइएन । त्यसैगरी पालिकाबाट अनुगमन निरीक्षण गरी तयार गरिएको प्रतिवेदन समेत लेखापरीक्षणका क्रममा पेश भएन । जसले गर्दा सहकारीको सञ्चालन अवस्था बारे अध्ययन गर्न सकिएन । तसर्थ ऐन, नियमावली र निर्देशिका अनुसार प्रणालीमा विवरण दाखिला गर्न लगाई सोको प्रभावकारी अनुगमन गर्नु पर्दछ ।

९६ **अनुदानको अनुगमन** - सार्वजनिक निकायबाट उपलब्ध गराईएको अनुदानको सही सदुपयोग भए नभएको एकीन गर्न अनुदान उपलब्ध गराउने निकायले समय समयमा अनुगमन गर्नुपर्दछ। पालिकाले देहाय अनुसारका कृषि र पशु क्षेत्रमा अनुदान बापत रु ३४२७९७० खर्च लेखेको छ । तर अनुदानको सही सदुपयोग भए नभएको सम्बन्धमा अनुगमन तथा सोबाट प्राप्त उपलब्धि मापन गरेको छैन । साथै अनुदान सम्बन्धमा स्थानीय अनुदान नीति तय गरेको छैन। तसर्थ अनुगमनलाई प्रभावकारी बनाई संघ प्रदेश तथा स्थानीय तहबाट वितरण हुने अनुदानमा दोहोरोपना नहुनेगरी अनुदान वितरण गर्नुपर्दछ। लाभग्राहीको जीवनस्तरमा सुधार आएको एकिन गरी रकमको पूर्ण सदुपयोग गराउनेतर्फ ध्यान दिनु जरुरी छ। अनुदान वितरण सम्वन्धी केही उदाहरण निम्नानुसार छन

| गो भौ नं र मिति | विवरण | फर्म / संस्थान | रकम |
|---|---|---|---|
| ६०७।८०।३।१ | हाय्ब्रिड धानको बिउ | कृषक बिज भण्डार | ३९६००० |
| ६०२।८०।३।१ | बर्षे धानको बिउ | सेतो गुरास कृषि सहकारी संस्था लि | २९४००० |
| २४१।७९।९।२९ | मकैको बिउ | कृषक बिज भण्डार | १९९२५० |
| १४४।७९।८।११ | गहुको बिउ | रौतहट किट्स | ४३२००० |
| ३८९।७९।११।१५ | चैते धानको बिउ | सेतो गुरास कृषि सहकारी संस्था लि | २४९९०० |
| २४२।७९।९।२९ | दाल र तेलहन को बिउ | न्यु कुशवा बिज तथा मलखाद भण्डार | ८२५०० |
| २२०।७९।९।२१ | दाल र तेलहन को बिउ | एग्रो इन्टरनेसनल | ९९६०० |
| ७६।७९।९।२१ | गहुको उन्नत बिउ | सेतो गुरास कृषि सहकारी संस्था लि | १३१०४०० |
| ७७।७९।९।२१ | गहुको उन्नत बिउ | प्रतिक कृषि तथा बिउ बिजन | १८०००० |
| ७८।७९।९।२१ | गहुको उन्नत बिउ | सामुदायिक कृषक समूह | ११९५२० |
| ७९।७९।९।२१ | गहुको उन्नत बिउ | विजय बिउ बिजन उद्योग | ६४८०० |

| | | | |
|---|---|---|---|
| | जम्मा | | ३४२७९७० |

९७ **सुरक्षित नागरिक आवास** - सुरक्षित नागरिक आवास कार्यान्वयन कार्यबिधि २०७५ को नियम ५ अनुसार १०८ जना लाइ प्रति ब्यक्ति रु ३०००० का दरले प्रथम किस्ता रु ३२४०००० र ६१ जना लाइ प्रति ब्यक्ति रु २०००० का दरले दोश्रो किस्ता बापत रु ६२०००० समेत रु ३८६०००० लाभग्राहिको खातामा रकम निकाशा भएको छ । सुरक्षित नागरिक आवास कार्यान्वयन कार्यबिधि २०७५ को नियम ७ मा स्थानीय तहको प्राबिधिकबाट अनुसूची३ बमोजिमको प्रतिबेदन पेश भई स्थानीय तहले प्रमाणित गरेपछि निर्माण कार्य सम्पन्न हुने ब्यबस्था छ । साथै नियम ६ मा किस्ता बमोजिमको गर्नुपर्ने कार्य प्रगति अनुदान उपलब्ध गराईएको मितिले तीन महिना भित्र नगरेमा लाभग्राहिबाट अनुदान रकम स्थानीय तहले असुल गरिने ब्यबस्थाछ । यस पालिकाले निर्देशिकाको ब्यबस्था बमोजिम प्राबिधिकबाट अनुसूची ३ बमोजिमको प्रतिबेदन तयार गरेको पाइएन । अत निर्देशिकाको ब्यबस्था बमोजिम काम सम्पन्नको अनुगमन प्रतिबेदन र प्राबिधिक मुल्याकन प्रतिबेदन तयार गरि पेश हुनु पर्ने रु

| | |
|---|---|
| प्रमाण पेश नगरेको | ३८,६०,००० |

९८ **लाभग्राही छनौट** - पालिकाले देहायका भौचरवाट विभिन्न वडामा अनुदानमा वितरण कार्यक्रम अन्तर्गत खरिद गरि रु ३४२७९७० रकम भुक्तानी गरेको छ । अनुदान पाउने लाभग्राहि जनताको छनौटको आधार स्पष्ट छैन । स्पष्ट मापदण्ड वेगर लाभग्राही छनौट गर्दा पालिकाले प्रदान गर्ने सेवामा सवैको समान पहुच पुगेको यकिन गर्न सकीएन । तसर्थ वितरणमुखी कार्यक्रम गर्दा स्पष्ट मापदण्ड तयार हुनु पर्दछ । लाभग्राही छनौट खुल्ला पारदर्शी एवं सबैको पहुँच स्थापित हुनेगरी गर्ने तर्फ पालिका को ध्यान जानु पर्दछ । यसरी बिउँ खरिद गरी बितरण गर्दा पालिका क्षेत्रभित्र कृषि कार्यमा संलग्न सबै कृषकहरु मध्येबाट केही कृषक पटक-पटक नदोहोरिने गरी तथा सबै कृषकलाई लाभको बितरण समानुपातिक तथा औचित्यपूर्ण तबरले हुने गरी कृषक छनौटको भरपर्दो र बैज्ञानिक प्रणाली बिकास गरेको पाइएन । यस्तो प्रणाली नँहुदा सूचना र कार्यालयमा पहुँच हुने केही कृषकहरुले मात्र पटक पटक लाभ प्राप्त गर्न सक्ने देखिएकोले कृषक छनौटको बिश्वसनीय र बैज्ञानिक आधार बिकास गरी कार्यान्वयन गरिनुपर्दछ ।

| गो भौ नं र मिति | विवरण | फर्म / संस्थान | रकम |
|---|---|---|---|
| ६०७।८०।३।१ | हाय्ब्रिड धानको बिउ | कृषक बिज भण्डार | ३९६००० |
| ६०२।८०।३।१ | बर्षे धानको बिउ | सेतो गुरास कृषि सहकारी संस्था लि | २९४००० |
| २४१।७९।९।२९ | मकैको बिउ | कृषक बिज भण्डार | १९९२५० |
| १४४।७९।८।११ | गहुको बिउ | रौतहट किट्स | ४३२००० |
| ३८९।७९।११।१५ | चैते धानको बिउ | सेतो गुरास कृषि सहकारी संस्था लि | २४९९०० |

| | | | |
|---|---|---|---|
| २४२।७९।९।२९ | दाल र तेलहन को बिउ | न्यु कुशवा बिज तथा मलखाद भण्डार | ८२५०० |
| २२०।७९।९।२१ | दाल र तेलहन को बिउ | एग्रो इन्टरनेसनल | ९९६०० |
| ७६।७९।९।२१ | गहुको उन्नत बिउ | सेतो गुरास कृषि सहकारी संस्था लि | १३१०४०० |
| ७७।७९।९।२१ | गहुको उन्नत बिउ | प्रतिक कृषि तथा बिउ बिजन | १८०००० |
| ७८।७९।९।२१ | गहुको उन्नत बिउ | सामुदायिक कृषक समूह | ११९५२० |
| ७९।७९।९।२१ | गहुको उन्नत बिउ | विजय बिउ बिजन उद्योग | ६४८०० |
| | जम्मा | | ३४२७९७० |

९९ **प्रधानमन्त्री रोजगार कार्यक्रम** - स्थानीयतहमा सूचीकृत बेरोजगार व्यक्तिलाई न्यूनतम रोजगारीको प्रत्याभूत गराउन एवम् सामूदायिक पूर्वाधारहरुको विकास मार्फत नागरिकको जीवनयापनमा सुधार ल्याउने उद्देश्यले स्थानीयतह भित्र प्रधानमन्त्री रोजगार कार्यक्रम सञ्चालनमा रहेको छ । यस कार्यक्रम व्यवस्थित रुपमा सञ्चालनका लागि प्रधानमन्त्री रोजगार कार्यक्रम सञ्चालन निर्देशिका, २०७५ तयार गरेको छ । यस कार्यक्रम अन्तर्गत पालिका अन्तर्गत ५ वडामा ६ योजना सञ्चालन गरी यस वर्ष ६१ जनालाई औसत ६२ दिनले ३७७२ दिन रोजगारी उपलव्ध गराई रु. २१७६७३२.५ श्रमिक ज्याला खर्च गरेको छ । पालिकाका नियमित योजना र प्रधानमन्त्री रोजगार कार्यक्रम अन्तर्गतका योजना छनौट गर्दा योजना छनौटको आधार नखुलाएकोले दोहोरो परे नपरेको सम्बन्धमा स्पष्ट हुन सकिएन । योजनामा दोहोरो नहुने गरी योजना छनौट गरी कार्यान्वयन गर्नुपर्दछ । उक्त खर्चवाट लक्षित वर्गमा अल्पकालीन रोजगारी सृजना भए तापनि कामको दीगोपना तथा दीर्घकालीन रोजगारी सिर्जना भएको देखिंदैन । तसर्थ कार्यक्रम सञ्चालन निर्देशिका बमोजिम व्यवस्थित तवरले कार्य सञ्चालन गर्नुपर्दछ ।

१०० **सार्वजनिक परीक्षण** - स्थानीय सरकार सञ्चालन ऐन, २०७४ को दफा ७८ वमोजिम स्थानीय तहले सार्वजनिक सेवा प्रवाहलाई प्रभावकारी, दिगो र भरपर्दो वनाउन कार्यक्रमको सामाजिक परीक्षण अन्तर्गत सार्वजनिक परीक्षण र सार्वजनिक सुनुवाई गर्नुपर्ने व्यवस्था बमोजिमको कार्य भएको पाइएन । तोकिए बमोजिम सार्वजनिक परीक्षण गरी पालिकाबाट हुने आर्थिक कारोबारमा जवाफदेहिता र पारदर्शिताको प्रवर्द्धन गर्नु पर्दछ।

१०१ **गरिबी निवारणका लागि लघु उद्यम कार्यक्रम -** गरिबी निवारणका लागि लघु उद्यम सम्बन्धी कार्यक्रम सञ्चालन गर्दा गरिबी निवारण निर्देशिका,२०७७ पालना गर्नुपर्ने व्यवस्था छ।पालिकाले गरिबी निवारणका लागि लघु उद्यम कार्यक्रमका लागि यस वर्ष २८ लाख ९७ हजार खर्च गरेको छ।यस सम्बन्धमा देखिएका व्यहोराहरु निम्न छन्ः

गरिबी निवारणका लागि लघु उद्यम कार्यक्रम सञ्चालन निर्देशिका,२०७७ को अनुसूची-२बमोजिम कार्ययोजना स्विकृत गर्नुपर्ने, अनुसूची ३ अनुसार संचालन गर्नुपर्ने व्यवस्था छ।पालिकाले निर्देशिका

अनुसार कार्यक्रम कार्यन्वयन गर्दा अनुसूची २ विवरण पेश गरेको छैन। निर्देशिका बमोजिम लघु उद्यममा सामाजिक परिचालन, उद्यमशीलता तालिम, प्रविधिमा पहुँच तथा हस्तान्तरण लगायतका विविध विषयहरु क्रमशः र योजनाबद्ध रुपमा सञ्चालन गर्नुपर्दछ।

१०२ **प्रतिवेदन तयारी खर्च** - अर्थ मन्त्रालयको कार्यसंचालन निर्देशिका अनुसार एक दिन भन्दा बढीको तालिम जस्ता कार्यक्रममा प्रतिवेदन तयारी वापत रु.१५००। खर्च लेख्न सकिने व्यवस्था छ। निम्न बमोजिम तालिम कार्यक्रम संचालन गरिएकोमा निर्देशिकामा उल्लेख भए भन्दा बढी प्रतिवेदन खर्च लेखेकाले पेश्की एवम् भुक्तानी लिने सम्बन्धित कर्मचारीबाट कर कट्टी पश्चात रु १४८७५ असुल गरी संघिय संचित कोषमा दाखिला गर्नुपर्ने रु.

| गो.भौ.नं. मिति | भुक्तानी पाउने | कार्यक्रम | भुक्तानी भएको | बढी | करकट्टि पछिको रकम |
|---|---|---|---|---|---|
| २६५, २०८०।०३।३१ | लोक राम भुल | बाखा पालन तालिम | ५००० | ३५०० | २९७५ |
| २६५, २०८०।०३।३१ | लोक राम भुल | साबुन सरफ बनाउने तालिम | ५००० | ३५०० | २९७५ |
| २६५, २०८०।०३।३१ | विरेन्द्र राम सार्की | सिलाइ कटाइ तालिम | ५००० | ३५०० | २९७५ |
| १७१, २०८०।०२।३० | केशराज कुमार चौधरी | वडा नं ४ र ५ मा सिप विकास तालिम | ५००० | ३५०० | २९७५ |
| २०१, २०८०।३।२० | विरेन्द्र राम सार्की | वित्तमा पहुँच अन्तरक्रिया | ५००० | ३५०० | २९७५ |
| जम्मा | | | | | १४८७५ |

| | |
|---|---|
| असुल गर्नुपर्ने | १४,८७५ |

१०३ **सीप विकास तालिम** - गरिवी निवारणको लागि लघु उद्यम विकास कार्यक्रम सञ्चालन निर्देशिका, २०७७ को बुँदा २८ मा उद्यमशीलता विकास तालिममा लिएका सहभागीहरु मध्येबाट व्यावसायिक योजना, उद्यमीको प्रकृति अनुसार विभिन्न समूहमा आबद्ध गरी सीप विकास तालिम सञ्चालन गर्नु पर्ने व्यवस्था छ । पालिकाले सीप विकास तालिम ( बाखा पालन,साबुन,सिलाइ कटाइ लगायतका) सञ्चालन गरेको छ। जेसीएमआईएस सफ्टवेयर तथ्याङ्कमा पूर्ण रुपमा अद्यावधिक नभएको र अनुसुची १६ र १७ बमोजिम प्रतिवेदन पेश नभएको कारण उद्यमशीलता सचेतना तालिम लिएका व्यक्तिहरुले मात्र सीप विकास तालिम लिएको एकीन गर्न सकिएन। निर्देशिकाले तोकेको कम्प्युटर सुचना प्रणालीमा तथ्याङ्क अध्यावधिक गर्नुपर्दछ।

१०४ **प्रविधि हस्तान्तरण** - गरिवी निवारणका लागि लघु उद्यम विकास कार्यक्रम सञ्चालन निर्देशिका, २०७७ को दफा ४१ (३) मा दफा ४० बमोजिम प्रबिधि हस्तान्तरण गर्दा कार्यक्रमको लागि विनियोजित रकमको परिधिभित्र रही आवश्यकता विश्लेषण गरी शाखाको सिफारिशको आधारमा कुल रकममा कार्यालयले प्रविधि प्राप्त गर्ने उद्यमीबाट आपूर्तिकर्ताले कबोल गरेको अङ्कको २० प्रतिशत रकम जम्मा गर्न लगाई बढीमा ८० प्रतिशत रकममा मात्र कार्यालयले आपूर्तिकर्तालाई भुक्तानी गर्नु पर्ने व्यवस्था छ।पालिकाले गरेको देहाय बमोजिमको खरिद तथा वितरणमा शत प्रतिशत कार्यालयबाट भुक्तानी भएको देखिएकोले २०% हुन आउने रकम कार्यक्रम संचालन गर्ने व्यक्तिलाई जिम्मेवार बनाई सम्बन्धित लाभग्राही उद्यमीबाट असुल गरी संघीय संचित कोषमा दाखिला गर्नुपर्ने रु

| भौ न. र मिति | विवरण | कुल खर्च रकम | २० प्रतिशत |
|---|---|---|---|
| २४०,२०८०।०३।२४ | पाठी खरिद तथा हस्तान्तरण | ८७००० | १७४०० |
| २४१,२०८०।०३।२४ | बंगुर खरिद तथा वितरण | १००,००० | २०००० |
| जम्मा | | | ३७४०० |

प्रविधि हस्तान्तरण गर्दा उद्यमीको पहिचान खुल्ने गरी नागरिकता नम्बर तथा सम्पर्क नम्बर समावेश नगरी नाममात्र उल्लेख गरी उपस्थिती तथा भरपाई गर्ने गरेको देखियो ।प्रविधि हस्तान्तरण गरी प्रवर्द्धन गरिएका लघु उद्यमीले प्रविधि उपयोगको विवरण कार्यालयमा पेश गर्नुपर्नेमा सो को विवरण पेश नगरेकोले हाल उक्त सामाग्रीहरुको सहि सदुपयोग भएको छ भन्ने कुरामा विश्वस्थ हुने अवस्था छैन। साथै पालिकाले उक्त सामाग्रीको सहि सदुपयोग भए नभएको अनुगमन गर्नुपर्ने देखिन्छ।

| | |
|---|---|
| असुल गर्नुपर्ने | ३७,४०० |

१०५ **कृषि पकेट बिकास कार्यक्रम** - कृषि पकेट बिकास कार्यक्रमः प्रधानमन्त्री कृषि आधुनिकीकरण परियोजना कार्यानवयन म्यानुअलको परिच्छेद ४ मा साना ब्यावसायीक उत्पादन केन्द्र पकेट बिकाश कार्यक्रम संचालन प्रक्रियाको व्यवस्था गरेको छ । पालिका ले राष्ट्रिय र स्थानीय महत्वका खाध्य तथा पोषण सुरक्षामा टेवा पुर्याउने बालि बस्तुको साना ब्यावसायीक कृषि उत्पादन केन्द्र पकेट पकेट बिकाश कार्यक्रम संचालन बापत निम्नासुरको कृषक समूहलाई अनुदान भुक्तानि दिएको छ । उक्त कार्यक्रम बाट कति हेक्टरमा बालि लगाई कति उत्पादन भयो सो कार्यक्रम बाट कति कृषक लाभंभित भएका छन् सो को अनुगम प्रतिबेदन पेश नभएकोले उक्त प्रत्येक कृषकको सम्बन्धमा कार्यको स्थलगत अवलोकन गरि निर्देशिका बमोजिम कार्य भए नभएको एकिन गरि अनुगमन प्रतिबेदन पेश गर्नु पर्ने रु

| कार्यक्रमको नाम | अनुदान रकम | कैफियत |
|---|---|---|
| धान बालि पकेट बिकाश कार्यक्रम | ११५०५०० | भोलेबाबा कृषि तथा पशु पालन समूह |

| | | |
|---|---|---|
| तरकारी बालि पकेट बिकाश कार्यक्रम | ५५२५०० | सहकारी संस्था लि |
| माछा पकेट बिकाश कार्यक्रम | ६५२५०० | जलपरी मस्त्य कृषक समूह |
| जम्मा | २३५५५०० | |

| | |
|---|---|
| प्रमाण पेश नगरेको | २३,५५,५०० |

१०६ **करार तथा अस्थायी कर्मचारीको महंगी भत्ता** - नेपाल सरकारको अर्थमन्त्रालयको मिति २०७९।१।२१ परिपत्रअनुसार करारको कर्मचारीलाई महंगी भत्ता पाउने व्यवस्था छैन ।पालिकाले देहायको करार कर्मचारीलाई महंगी भत्ता भुक्तानी गरेको छ ।परिपत्र विपरीत भुक्तानी भएको रु.६३००००। महंगी भत्ता सम्बन्धित कर्मचारीबाट असुल हुनुपर्ने रु

| क सं | कर्मचारीको नाम | पद | महंगी भत्ता |
|---|---|---|---|
| 1 | श्री प्रदिप चौरसिया | ईन्जिनियर | २४००० |
| 2 | श्री निर्मल कुमार सिंह | उर्जा वाता.अ | २४००० |
| 3 | श्री सोलेन्द्र पंजियार | सु.प्र.अ. | २४००० |
| 4 | श्री केशराज कुमार चौधरी | सब ईन्जि.पांचौ | २४००० |
| 5 | श्री राजकुमार प्रसाद महतो | सहायकस्तर पांचौ तह | २४००० |
| 6 | श्री कमलेश प्रसाद चौधरी | सा.प.पांचौ तह | २४००० |
| 7 | श्री रबिना कुमारी चौधरी | सा.प.चौथो तह | २४००० |
| 8 | श्री विरेन्द्र प्रसाद चौधरी | सहायकस्तर चौथो तह | २४००० |
| 9 | श्री नन्दकिशोर प्रसाद | सा.प.पांचौ तह | २४००० |
| 10 | श्री सुनिल महतो नुनिया | अमिन चौथो तह | २४००० |
| 11 | श्री प्रयाग महतो थारु | का.स.प्रथम | २४००० |
| 12 | श्री अर्जुन पंगेनी | का.स.प्रथम | २४००० |
| 13 | श्री नसरुल्लाह धुनिया | का.स.प्रथम | २४००० |
| 14 | श्री संजित प्रसाद यादव | का.स.प्रथम | २४००० |

| | | | |
|---|---|---|---|
| 15 | श्री रामेश्वर राउत अहिर | का.स.प्रथम | २४००० |
| 16 | श्री रामनरेश चौधरी | का.स.प्रथम | २४००० |
| 17 | श्री पाहु माझि मुसहर | का.स.प्रथम | २४००० |
| 18 | श्री गोविन्द भैया थारु | ना.प्रा.स. | २४००० |
| 19 | श्री मोहन दास | ना.प्रा.स. | २४००० |
| 20 | श्री कृषि थापा | पशु प्रा. | २४००० |
| 21 | श्री रमेश चौधरी | पशु प्रा. | २४००० |
| 22 | श्री प्रमोद सिलवाल | प्रा स | २८००० |
| 23 | सिमा चौधरी | कृषि अ. | २००० |
| 24 | श्री विरेन्द्र राम सार्की | उधम विकास सहजकर्ता | २४००० |
| 25 | श्री लोक राम भुल | उधम विकास सहजकर्ता | २४००० |
| 26 | श्री ओमप्रकाश महतो | एमआईएस अपरेटर | २४००० |
| 27 | श्री सोनम चौधरी | फिल्ड सहायक | २४००० |
| | जम्मा | | ६३०००० |

| | |
|---|---|
| असुल गर्नुपर्ने | ६,३०,००० |

१०७ **विभिन्न भत्तामा खर्च** - त्यस पालिकाको पदाधिकारी तथा कर्मचारीहरुलाई निम्न क्रियाकलापबाट निम्नानुसार भत्ता भुक्तानी गरेको देखियो ।

| क्रियाकलाप | कूल भत्तामा खर्च |
|---|---|
| कर्मचारी प्रोत्साहन भत्ता | ३४२५६०२ |
| कर्मचारी बैठक भत्ता | ६००००० |
| कर्मचारी अनुगमन भत्ता | ८००००० |
| पदाधिकारी बैठक र अनुगमन | ३४५२४०० |
| अन्य भत्ता | १९९४५४ |

| | |
|---|---|
| जम्मा | ८४७७४५६ |

१०७.१ **कर्मचारी प्रोत्साहन भत्ता -** ५२७-२०८०।१।२६, ७०१-२०८०।३।२४ स्थानीय सरकार सञ्चालन ऐन २०७४ को दफा ८६(१) बमोजिम स्थानीय सेवा गठन, सञ्चालन व्यवस्थापन, सेवाका शर्त तथा सुविधा सम्बन्धी आधारभूत सिद्धान्त र मापदण्ड संघीय कानुन बमोजिम हुने, दफा ८६ (२) बमोजिम स्थानीय सेवाको गठन, सञ्चालन तथा व्यवस्थापन सेवाको शर्त तथा सुविधा सम्बन्धी अन्य व्यवस्था स्थानीय तहले बनाएको कानुन बमोजिम हुने व्यवस्था छ ।त्यस्तै पालिकाले अतिरिक्त कार्य गरे वापत प्रोत्साहन भत्ता कर्मचारीलाई उपलब्ध गराउने निर्णय गरेको छ । स्थानीय तहले कानुन तथा कार्यविधि नबनाई रु.२९११७६०।प्रोत्साहन भत्ता खर्च गरेको कारण आर्थिक व्ययभार बढ्न गएको छ । पालिकाको आन्तरिक आयलाई समेत विचार गरी कानुन बमोजिम खर्च लेख्नुपर्दछ ।निम्न कर्मचारीहरुले अतिरिक्ता कार्य गरेको केहि प्रमाण रहेको देखिएन ।पालिकाले १६ जना स्थायी र करारका कर्मचारीलाई प्रोत्साहन भत्ता वापत रकम भुक्तानी गरेको छ । पालिकाले कानून तर्जुमा गरी सुचकको आधारमा प्रोत्साहन भत्ता भुक्तानी गर्नुपर्दछ ।

| कर्मचारीको पद र नाम | कर रकम |
|---|---|
| प्र प्र अ सन्देश कुमार यादव | २२२८१४ |
| स्वा शा सं भुजेन्द्र प्रसाद यादव | २२२८१४ |
| शि शा शम्भु प्रसाद यादव | २२२८१४ |
| इ प्रदिप चौरसिया | २२२८१४ |
| उ शा प्र निर्मल कुमार सिंह | २२२८१४ |
| सु प्र अ सोलेन्द्र पंजियार | २२२८१४ |
| लेखापाल सोनु कुमार सोनी | १६९३५३ |
| सई नगिना प्रसाद साह तेली | १७७१२३ |
| असई रामबाबु राय | १६७८०० |
| नासु राजकुमार प्रसाद महतो | १७७१२३ |
| सई केशराज चौधरी | १७७१२३ |
| एम आई एस अ ओम प्रकाश महतो | १७७१२३ |
| अमिन सुनिल महतो नुनिया | १६७८०० |

| | |
|---|---|
| कास संजित प्रसाद यादव | १२५९८० |
| कास निरंजन महतो | ६२९९० |
| स ए आइ ए सोनम चौधरी | ८३९०० |
| सा प नन्दकिशोर प्रसाद चौधरी | ८८५६१ |
| जम्मा | २९११७६० |

१०७.२ **बैठक भत्ता -** अर्थमन्त्रालयको कार्यसञ्चालन निर्देशिका २०७७ को दफा ७.१.१(३) बमोजिम एउटै निकाय र अन्तर्गतका पदाधिकारी/कर्मचारी मात्र बस्ने बैठकमा भत्ता प्रदान नगर्ने व्यवस्था छ ।तर पालिकाले पालिकाकै कर्मचारीहरु अर्थात एउटै निकायको कर्मचारीहरुको विभिन्न बैठकमा १४ जना कर्मचारीलाई (५ जना हुने समितिमा ८ जनासम्मको लाई भत्ता भुक्तानी गरेको) बैठक भत्ता भुक्तानी गरेको छ ।पालिकाले पालिकाको कर्मचारीहरु मात्र बैठक बसि बैठक भत्ता वापत रु.१७९७७५। भुक्तानी गरेको छ । यस्तो भत्ता भुक्तानीमा नियन्त्रण हुनुपर्दछ ।

१०७.३ **तोकिएको भन्दा बढी संख्यामा अनुगमन र बैठक वापत रकम भुक्तानी -** ५४६-२०८०।२।४, ५४७-२०८०।२।४, ६२१-२०८०।३।१७, ६४१-२०८०।३।१९ ६५७-२०८०।३।२०, ६८२-२०८०।३।२३, ६९६-२०८०।३।२३ ७४८-२०८०।३।३१, ७५२-२०८०।३।३१ ७५५-२०८०।३।३१ मधेश प्रदेश अन्तर्गतका स्थानीय तहका पदाधिकारी तथा सदस्यले पाउने सुविधा सम्बन्धी ऐन, २०७७ को दफा ८ बमोजिम जनप्रतिनिधिले मासिक ३ वटा अनुगमन र बैठक भत्ता पाउने व्यवस्था छ । गो भौ नं ३८२ र ६६३ पालिकाको सबै पदाधिकारीलाई अनुगमन र बैठकको मासिक ३ वटाको दरले वर्षभरिको ३६ वटा बैठक भत्ता भुक्तानी भएको देखियो । पालिकाले देहायको जनप्रतिनिधलाई ३६ वटा अनुगमन भत्ता भन्दा बढी भुक्तानी गरेको छ ।ऐन भन्दा बढी भुक्तानी भएको भत्ता कर कट्टी पश्चात रु.७०८६०। सम्बन्धितबाट असुल हुनुपर्ने रु.

| पदाधिकारीको नाम | अनुगमन भत्ता | बैठक भत्ता | जम्मा |
|---|---|---|---|
| गापा अध्यक्ष दिनेश कुमार चौधरी | १७४५० | ६८०० | २४२५० |
| गापा उपाध्यक्ष ममता महतो | १४१४० | ७६५० | २१७९० |
| वडा अध्यक्ष माधव प्रसाद राउत | | १२७५ | १२७५ |
| कार्यापालिका सदस्य प्रभावति देवि दुसादिनि | | ३०६० | ३०६० |
| वडा अध्यक्ष बासु पंजियार थारु | | ५१८५ | ५१८५ |

| | | | |
|---|---|---|---|
| वडा अध्यक्ष विपिन मुखिया | | ८५० | ८५० |
| कार्यपालिका सदस्य नुरवानी मियाइन | १०२०० | | १०२०० |
| कार्यपालिका सदस्य मिना देवी | | ४२५० | ४२५० |
| जम्मा | | | ७०८६० |

| | |
|---|---|
| असुल गर्नुपर्ने | ७०,८६० |

१०८ **दरबन्दी र पदपूर्ती** - पालिकाले आफ्नो नियमित कार्य संचालन गर्न कार्यबोझ, कार्य प्रकृति तथा कार्य परिमाण समेतको आधारमा संगठनात्मक सर्वेक्षण गरी दरबन्दी कायम गरेको पाइएन । संघीय मामिता तथा सामान्य प्रशासन मन्त्रालयले पठाएको दरबन्दी अनुसारको पदपुर्ति तथा रिक्तको स्थिति देखिने गरी विवरण तयार गरेको पाइएन । रिक्त पदपुर्ति गर्न के कस्तो प्रयास भएको छ सो विवरण समेत लेखापरीक्षणको क्रममा उपल्ध हुन सकेन । रिक्त पद समयमा नै पदपूर्ति गरी दरबन्दी भन्दा बढी हुनेगरी पदपूर्ति नगरी कर्मचारी व्यवस्थापनलाई चुस्त र दुरुस्त बनाउनु पर्दछ ।

१०९ **तत्कालिन जिविस र गाविस कर्मचारीको तलब** - तत्कालिन जिविस र गाविस कर्मचारीको तलबः तत्कालिन जिल्ला विकास समितिको कार्यालयबाट आएका पालिकाले कर्मचारीको तलब भुक्तानी गरेकोमा ती कर्मचारीहरु स्थायी हो होइन भनि निजको नियुक्तिको प्रमाण माग गर्दा पेश भएन ।निजलाई ग्रेड र संचय कोष समेत भुक्तानी भएकोले स्थायी नियुक्तिको प्रमाण पेश नभएकोले भुक्तानी भएको ग्रेड र संचय कोष सम्बन्धमा यकीन हुन सकिएन ।स्थायी हो भने प्रमाण पेश हुनुपर्ने अन्यथा भुक्तानी भएको ग्रेड, बीमा र संचयकोष सहितको रकम गतविगत सहितको असूल हुनुपर्दछ ।

११० **चौकीदारलाई भत्ता** - स्थानीय सरकार सञ्चालन ऐन, २०७४ को दफा ७१ बमोजिम व्ययको बजेट अनुमान आन्तरिक आयको परिधिभित्र रही औचित्यताको आधारमा विविध खर्च गर्नुपर्ने व्यवस्था छ । पालिकाले २७ जना चौकिदारलाई वर्षभरीमा रु.३,५६,४००। भत्ता वापत रकम भुक्तानी गरेको छ । चौकिदारले भत्ता दिने सुविधा पाउने कानूनी व्यवस्था नरहेकोले कानूनी व्यवस्था गरी यस्तो सुविधा प्रदान गर्नुपर्दछ ।

१११ **जिन्सी व्यवस्थापन**

१११.१ **जिन्सी निकास** - आर्थिक कार्यविधि तथा वित्तीय उत्तरदायित्व नियमावली, २०७७ मा खरिद भएको सामान माग फारम तथा हस्तान्तरण फारमको आधारमा निकासा घटाई जिन्सी खाता अद्यावधिक गर्नुपर्ने व्यवस्था छ । खरिद गरिएका सबै मालसामानहरु प्रयोगको स्थिति खुल्ने गरी माग फारम

तथा हस्तान्तरण फारम पेश नभएकोले कार्यालय सामान प्रयोग र मौज्दातको सम्बन्धमा यकीन हुन सकिएन ।यस सम्बनधमा थप विश्लेषण हुनुपर्दछ ।पालिकाले माग फारम र हस्तान्तरण फारम व्यवस्थित तरिकाले राखि खरिद गरिएका सामानको खर्च र मौज्दातको व्यवस्थित अभिलेख राख्नुपर्दछ।

१११.२ **जिन्सी अभिलेख -** विभिन्न कार्यालय सामान तथा मलसन्द खर्च देखाएकोमा माग फारामहरु राखे पनि कुनै सामानको पुरा परिमाण खर्च भएको यकीन गर्न नसकिने नदेखिएकोले को कस्ले कुन सामान प्रयोग गरेको हो यकिन गर्ने स्थित नरहेको, सामानको आवश्यकता पहिचान नगरी सामान खरिद गरेको देखियो । त्यस कार्यालयले गत विगत वर्षदेखि खरिद गरेका सम्पत्ति, सामानहरु समेत व्यवस्थापन अभिलेख PAMS मा नराखेकोले सम्पत्तिको यथार्थ स्थिति खुल्ने अवस्था नरहेकोले जिन्सी सम्बन्धमा यकिन गर्नुपर्ने देखिएको छ ।

१११.३ **जिन्सी दाखिला -** आर्थिक कार्यविधि तथा वित्तीय उत्तरदायित्व नियमावली, 2077 को नियम 78 मा कार्यालयले आफूले खरिद गरेको, निर्माण गरेको वा अन्य कुनै माध्यमबाट प्राप्त गरेको चल अचल मालसामान तथा सम्पत्ति मूल्य खुलाई खर्च भएर जाने प्रकृतिको सामान भए मले प फा नं 407 र खर्च भएर नजाने प्रकृतिको सामान, सम्पत्ति म ले प फा नं 408 को ढाँचामा अभिलेख राख्नुपर्ने व्यवस्था छ । नमुना परीक्षणको रुपमा यसवर्ष खरिद भएका निम्न सामानहरु जिन्सी दाखिला नगरी रु.१५७९६२१। भुक्तानी भएकोले PAMS मा जिन्सी दाखिला गरी प्रमाण पेश गर्नुपर्ने रु

| गो भौ नं मिति | भुक्तानी पाउने | खर्च विवरण | रकम | कैफियत |
|---|---|---|---|---|
| ३५७-२०७९।१०।२३ | हंस सन्त सप्लायर्स | मसलन्द तथा कार्यालय सामाग्री | ९, ०४ , ४८५ | |
| ४७०-२०७९।१२।१९ | चौरसिया बुक्स एण्ड जेनरल स्टोर | मसलन्द तथा कार्यालय सामाग्री | ७८,०५० | खरिद आदेश नरहेको |
| ४७१-२०७९।१२।१९ | विशाल ट्रेड कन्सर्न | मसलन्द तथा कार्यालय सामाग्री | ३९,६२० | |
| ६०८-२०८०।३।६ | चौरसिया बुक्स एण्ड जेनरल स्टोर | मसलन्द तथा कार्यालय सामाग्री | ९८,४८०.०० | |
| ६३७-२०८०।३।१९ | हलेसी जनरल सप्लायर्स | ल्याब सामग्री | २, ०० , ००० | |
| ६३८-२०८०।३।१९ | पंडित आर्टस | होडींग बोर्ड | ५८,९८६ | |
| ६३९-२०८०।३।१९ | न्यु भवानी अफसेट प्रेस | स्वास्थ्य सम्बन्धी प्रतिवेदन तथा फर्मेट छपाई | २, ०० , ००० | |

| | | | | |
|---|---|---|---|---|
| | जम्मा | | १५७९६२१ | |

| | |
|---|---|
| प्रमाण पेश नगरेको | १५,७९,६२१ |

## ११२ भ्रमण खर्च

११२.१ **भ्रमण खर्च -** पालिकाले यस वर्ष दैनिक भ्रमण भत्तामा रु.११ लाख ९९ हजार खर्च गरेको छ । मधेश प्रदेश अन्तर्गतका स्थानीय तहका पदाधिकारी तथा सदस्यले पाउने सुविधा सम्बन्धी ऐन, २०७७ तथा भ्रमण खर्च नियमावली, २०६४ बमोजिम कार्यालयको काममा कर्मचारी तथा पदाधिकारीलाई भ्रमण खर्च भुक्तानी गर्दा देखिएका व्यहोराहरु देहाय बमोजिम छन् .

• अधिकांश भ्रमणको उद्देश्य र स्पष्ट प्रयोजन कार्यालयकै कामका लागि भएको हो भनी सुनिश्चित हुने विश्वसनीय आधार नदेखिएको ।

• यातायात सुविधा प्राप्त हुने ठाउँमा एकै दिन गई फर्कने गरी सरकारी काममा काज खटि जाने पदाधिकारी वा कर्मचारीले भ्रमण खर्च नियमावली बमोजिम भुक्तानी नभएको,

• कतिपय भ्रमण आदेशहरुमा भ्रमणको उद्देश्य पनि उल्लेख नभएको ।

• कतिपय भ्रमण आदेशमा स्थान र उद्देश्य नखुलेको

• नियमानुसार भ्रमण अभिलेख खाता नरहेकाले पदाधिकारी तथा कर्मचारीको भ्रमण सम्बन्धी एकिकृत विवरण प्राप्त हुन नसकेको ।

• प्रोत्साहन भत्ता भुक्तानी भएको अवधिको दैनिक भ्रमण भत्ता भुक्तानी भएको

• भ्रमण पश्चात् तोकिए बमोजिम भ्रमण प्रतिवेदन पेश नगरी भ्रमणको भ्रमण खर्च भुक्तानी गर्ने गरेको ।

• कतिपय भ्रमणहरु पालिका वा कार्यालयसँग असम्बन्धित कर्मचारीहरुलाई खर्च भुक्तानी गर्ने गरेको ।

अतः स्पष्ट प्रयोजन र उद्देश्य बेगर भ्रमण खर्च भुक्तानी गरेको अवस्थाबाट भ्रमण खर्च भुक्तानीमा दुरुपयोगको सम्भावना देखियो । त्यसैले तोकिएको कानुनी व्यवस्थाको पालना गर्दै भ्रमण खर्चमा

हुन सक्ने अनियमितता र दुरुपयोग नियन्त्रण गर्न भ्रमण आदेश स्वीकृत गर्ने पदाधिकारीले ध्यान दिनुपर्दछ ।

११२.२ **जनप्रतिनिधिको जिल्ला बाहिरको दैनिक भ्रमण भत्ता -** संघीय मामिला तथा सामान्य प्रशासन मन्त्रालयले नमुना कानून पठाइएको सम्बन्धमा गाउँपालिका/नगरपालिकाको कार्यसंचालन निर्देशिका,२०७७ बमोजिम पालिकाले निर्देशिका तयार गर्नुपर्नेमा तयार नगरेको तथा उक्त निर्देशिका बमोजिम पालिकाको जनप्रतिनिधिहरु जिल्ला बाहिर भ्रमणमा जाँदा दैनिक भ्रमण भत्ता भुक्तानी हुनेमा कार्यपालिबाट जनप्रतिनिधिहरुको भ्रमण आदेश स्वीकृत हुनुपर्नेमा स्वीकृत भएको देखिएन । पालिकाले निर्देशिका तयार गरी उक्त कानूनअनुसार पदाधिकारीको भ्रमण आदेश कार्यपालिकाबाट स्वीकृत गराई मात्र जिल्ला बाहिरको भ्रमण भत्ता भुक्तानी हुनुपर्दछ ।

११२.३ **प्रमुख प्रशासकीय अधिकृतको दैनिक भ्रमण भत्ता नगर प्रमुखबाट स्वीकृत नभएको -** संघीय मामिला तथा सामान्य प्रशासन मन्त्रालयले नमुना कानून पठाइएको सम्बन्धमा गाउँपालिका/नगरपालिकाको कार्यसंचालन निर्देशिका,२०७७ बमोजिम पालिकाले निर्देशिका तयार गर्नुपर्नेमा तयार नगरेको तथा उक्त निर्देशिका बमोजिम पालिकाको प्रमुख प्रशासकीय अधिकृतको दैनिक भ्रमण भत्ता नगर प्रमुखबाट भ्रमण आदेश स्वीकृत हुनुपर्नेमा स्वीकृत भएको देखिएन । पालिकाले निर्देशिका तयार गरी उक्त कानूनअनुसार प्रमुख प्रशासकीय अधिकृतको भ्रमण आदेश नगर प्रमुखबाट स्वीकृत गराई मात्र भ्रमण भत्ता भुक्तानी हुनुपर्दछ ।

११३ **इन्टरनेट महसुल** - गाउँपालिकाले गापा चालु शीर्षक बाट यस वर्ष इन्टरनेट महसुलमा संचार महसुल शीर्षकबाट रु.९४३९३३।, भैपरी खर्च शीर्षकबाट रु.१२२०४०। र पत्रपत्रिका शीर्षकबाट रु.१२२०४०। गरी जम्मा रु.११८८०१३। खर्च गरेको छ । पालिकाले इन्टरनेट महसुलको खर्च भुक्तानी गर्दा पालिका, वडा कार्यालय,शाखा र स्वास्थ्य चौकीको इन्टरनेट महसुलको एकिकृत विवरण बनाई अभिलेख राख्नुपर्दछ । अभिलेख नरहेकोले उपरोक्त कार्यालयको इन्टरनेट महसुल दोहोरो भुक्तानी हुन सक्ने भएकोले भुक्तानी सम्बन्धमा यकीन हुन सकिएन । साथै विभिन्न ठाउँमा जडान भएको इन्टरनेटको जडान प्रमाण पेश हुनुपर्नेमा पेश भएको पाइएन ।पालिकाले महसुलको व्यवस्थित अभिलेख राखि खर्च नियन्त्रण गर्नुपर्दछ ।

११४ **पदाधिकारी सुविधा** - स्थानिय तहको आन्तरिक स्रोत समेतको आधारमा सम्बन्धीत सभाले पारित गरेको सुविधा तथा भत्ता भुक्तानी गर्नुपर्दछ ।पालिकाले यो वर्ष पदाधिकारीको वार्षिक सुविधामा रु.८९ लाख १५ हजार खर्च लेखेको देखिन्छ। उक्त खर्च गाउँपालिकाको यो वर्षको आन्तरिक आय रु.८७ लाख १४ हजारको तुलनामा १०२.३ प्रतिशत रहेको देखिन्छ ।आन्तरिक स्रोत समेतको आधारमा सुविधा भुक्तानी हुनुपर्नेमा पालिकाले राजस्व बाँडफाँडबाट खर्च व्यहोरेको देखिन्छ । तसर्थ पालिकाले आन्तरिक आय बढाई यस्तो खर्चलाई आन्तरिक आयको निर्दिष्ट सिमाभित्र

राख्नुपर्दछ ।

११५ **वडा संचालन खर्च** - संघीय मामिला तथा सामान्य प्रशासन मन्त्रालयले नमुना कानून पठाइएको सम्बन्धमा गाउँपालिका/नगरपालिकाको कार्यसंचालन निर्देशिका,२०७७ बमोजिम पालिकाले निर्देशिका तयार गर्नुपर्नेमा तयार नगरेको तथा उक्त निर्देशिका बमोजिम वडा कार्यालयको मासिक रु.५ हजार अतिथि सत्कार तथा चियापान खर्च भुक्तानी हुनुपर्नेमा मासिक रु.१००००। भुक्तानी गर्ने गरेको देखियो ।वडाको वडा अतिथि सत्कार तथा चियापान रु.६०००००। खर्च भएको छ । पालिकाले निर्देशिका तयार गरी उक्त कानूनअनुसार वडा कार्यालयको अतिथि सत्कार तथा चियापान खर्च भुक्तानी हुनुपर्दछ ।त्यस्तै खर्चको रकम सोझै आपूर्तिकर्तालाई भुक्तानी दिनुपर्नेमा सचिवलाई भुक्तानी दिएको छ ।वडालाई वडा संचालनको लागि मासिक कति भुक्तानी हुनुपर्ने सम्बन्धमा सभाको निर्णय पेश भएन । बिलको रकम सोझै आपूर्तकलाई भुक्तानी हुने व्यवस्था गर्नुपर्दछ ।

११६ **सुचना प्रकाशन**

११६.१ **सुचना प्रकाशन -** स्थानीय सरकार संचालन ऐन,२०७४ ले प्रमुख प्रशासकीय अधिकृतले स्वीकृत बजेट खर्च गर्दा नियमितता, मितव्ययिता, प्रभावकारीता, कार्य दक्षता र औचित्यतता समेतको आधारमा खर्च गर्नुपर्ने व्यवस्था छ ।गाउँपालिकाले यस वर्ष विभिन्न पत्रिकाहरुमा सूचना प्रकाशनमा पत्रपत्रिका छपाई तथा सुचना प्रकाशन खर्च शीर्षकबाट रु.१४ लाख १९ हजार भुक्तानी गरेको छ । पत्रिकाहरुलाई बोलपत्र सम्बन्धि सूचना दिंदा सूचनाले पत्रिकामा ओगटने क्षेत्रफल (साइज) नखुलाई सूचना दिने गरेको र पत्रिकाहरुले आफुखुसी १ पेज सम्मको सूचना प्रकाशित गरी भुक्तानी माग गर्ने गरेको देखिएको छ ।पालिकाले एकपेजको सुचना प्रकाशनमा सुचनाको लागि रु. १७७१८४। सम्म खर्च गरेको छ ।शुभकामना जस्ता विषयमा सुचना प्रकाशन खर्च भुक्तानी भएको देखियो ।साथै पत्रिकाहरुले सूचना प्रकाशनको बिलमा पेश गरेको दर कुन नर्म्सको आधारमा राखेको सो को नर्म्स पनि पेश भएको पाइएन । उस्तै प्रकृतिको विभिन्न खरिद कार्यलाई प्याकेजीङ्ग गरी सिलबन्दी दरभाउ पत्रको माध्यमबाट गराउन सकिने अवस्थामा समेत अलग अलग ससाना टुक्रा लागत अनुमान तयार नगरी सोझै खरिद गरेको छ । सुचना छपाईको आदेश दिदाँ सूचनाको आकार सहितको आदेश दिनुपर्नेमा सुचनाको साइज नखुलाई आदेश दिने गरेकोले पत्रिकाहरुले आफु खुशि अनावश्यक ठुलो साइजमा सूचना प्रकाशन गरेको देखिन्छ ।सुचना प्रकाशनमा भएको खर्च अत्याधिक देखिएकोले यस सम्बनधमा थप विश्लेषण हुनुपर्दछ । पालिकाले विज्ञापन एवम् सुचना प्रकाशन गर्दा तोकिएको नर्म्सअनुसार खरिद कार्य गरी एउटै प्रकृतिको धेरै सुचना प्रकाशन सेवा खरिदको कामलाई उपयुक्त प्याकेज बनाई सिलबन्दी दरभाउ पत्रको माध्यमद्वारा मितव्ययी तरिकाले खरिद गर्नुपर्दछ ।

११६.२ **छुट नलिएको -** राष्ट्रियस्तरको पत्रपत्रिकामा सूचना तथा विज्ञापन प्रकाशित गरे वापत २५ प्रतिशत सम्म छुट पाउने व्यवस्था छ । पालिकाले राष्ट्रिय स्तरको पत्रपत्रिकामा सुचना नछपाई विज्ञापन तथा सूचना प्रकाशन गर्दा घटी छुट लिएको देखियो । अधिकतम छुट लिने व्यवस्था मिलाउनु

पर्दछ।

## ११७ सेवा र परामर्श

११७.१ **कानूनी सल्लाहाकार -** मधेश प्रदेश अन्तर्गतका स्थानीय तहका पदाधिकारी तथा सदस्यले पाउने सुविधा सम्बन्धी ऐन, २०७७ मा यस प्रदेशमा स्थानीय तहका प्रमुख तथा उप प्रमुखले स्वकीय सचिव/सल्लाहाकार/ वकिल राख्न पाउने व्यवस्था गरेको छैन ।त्यसै गरी स्थानीय सरकार संचालन ऐन,२०७४ को दफा ८३(८) मा तोकिएको भन्दा फरक पदमा कर्मचारी पदपूर्ति गर्न नहुने उल्लेख छ । पालिकाले कानूनी सल्लाहाकारको रुपमा श्री अमय कुमार दास लाई नियुक्त गरी मासिक रु.२००००। को दरले वर्षभरिमा तलब भत्ता वापत रु.२४००००। भुक्तानी गरेको छ । हाजिरी रजिष्टर पेश नभएकोले निजले कार्यालयमा हाजिरी गरे नगरेको सम्बन्धमा यकीन हुन सकिएन।साथै कार्य प्रगति तथा विवरण पेश गरेको छैन ।यसरी कार्यालयमा नियुक्त गर्न नहुने पदमा कर्मचारी नियुक्त गरी तलब भुक्तानी गरेको तथा कार्य विवरण पेश नभएको तथा दरबन्दी बेगरको पदमा कर्मचारी नियुक्त गरी भुक्तानी भएको तलब भत्ता नियमसम्मत नदेखिएको रु.

| | |
|---|---|
| अनियमित भएको | २,४०,००० |

११७.२ **शिविर** - सार्वजनिक खरिद ऐन,२०६३ बमोजिम १ लाख भन्दा बढी खरिद कार्य गर्दा लागत अनुमान तयार गरी खरिद गर्नुपर्ने व्यवस्था छ । सार्वजनिक खरिद नियमावली, २०६४ मा सार्वजनिक निकायमा कार्यरत जनशक्तिबाट नभ्याउने र बढी दक्षता आवश्यक पर्ने कार्य परामर्श सेवाको लागत अनुमान तयार गरी प्रतिस्पर्धाको माध्यमले खरिद गर्नुपर्ने व्यवस्था छ । निम्न शिविर संचालन गर्न देहायको संस्था तथा कर्मचारीलाई रु.१०१३०००। भुक्तानी गरेको छ ।उक्त शिविरमा कति बिरामी जाँचेको प्रमाणित विवरण तथा प्रेस्किपसन रिपोर्ट पेश भएको देखिएन । संसथालाई शिविरको लागि भुक्तानी भएको रकमको लागत अनुमान नबनाई गरेको खरिद कार्य नियमसम्मत देखिएन ।पालिकाले खर्च पुष्टियाई हुने प्रमाण संलग्न गरी खरिद नियमावली बमोजिम खरिद कार्य गर्नुपर्दछ ।साथै शिविरको प्रमाणित प्रतिवेदन पेश हुनुपर्दछ ।

| गो भौ नं मिति | भुक्तानी पाउने | शिविर | खर्च रकम | थप कैफियत |
|---|---|---|---|---|
| ३५१-२०७९।१०।१९ | सुरज एण्ड निरज शिप बिकास केन्द्र प्रा.ली | आँखा शिविर | २४९५०० | |
| ५६८-२०८०।२।१६ | प्रमोद कुमार कर्ण | आँखा शिविर | ३६३५०० | |
| ६२१-२०८०।३।१७ | छैठौं जगन्नाथ साह | स्वास्थ्य शिविर | १००००० | रु.४७५००। को औषधि सोझै खरिद गरेको र औषधि खर्च र मौज्दातको |

| | | | | |
|---|---|---|---|---|
| | | | | विवरण पेश हुनुपर्ने |
| ६४१-२०८०।३।१९ | छैठौं जगन्नाथ साह | महिलाहरुको पाठेघर स्क्रिनिङ्ग तथा VIA जाँच शिविर | ३००००० | रु.१९६२००। को औषधि सोझै खरिद गरेको र औषधि खर्च र मौज्दातको विवरण पेश हुनुपर्ने |
| | जम्मा | | १०१३००० | |

**११७.३ सफ्टवेयर खरिद तथा प्रयोग -** नेपाल सरकारको सूचना प्रविधि प्रणाली (व्यबस्थापन तथा सञ्चालन) निर्देशिका, २०७१ को बुँदा नं.४.१ मा कुनै सरकारी निकायले आफ्नो कार्य विद्युतीय माध्यमबाट सञ्चालन गर्नका लागि प्रयोग गर्ने सूचना प्रविधि प्रणालीको निर्माण गर्दा त्यस्तो प्रणाली सम्बन्धी कागजात तयार गरी मानक अनुरुप भए नभएको निर्धारण गर्न सूचना प्रविधि विभागबाट स्वीकृत गराउन पर्ने व्यबस्था रहेको छ । स्थानीय तहले सम्बन्धी सफ्टवेयर खरिद गरी देहायबमोजिम रु.६७२३५०। खर्च गरेकोमा खरिद भएका सफ्टवेयरको सूचना तथा प्रविधि विभागबाट स्वीकृत लिएको देखिएन । यस्ता सफ्वेयर स्वीकृति लिई प्रयोग गर्नुपर्दछ ।खरिद भएको सफ्टवेयर लागत अनुमान तयार नगरी खरिद गरेको देखियो ।साथै खरिद भएको सफ्टवेयरको खरिद तथा संचालन सम्बन्धि संझौता, पाम्समा दाखिला गरेको प्रमाण र प्रयोग भएको प्रमाण पेश गर्नुपर्ने रु.

| गो भौ नं मिति | सफ्टवेयरको नाम | आपूर्तिकर्ता | भुक्तानी रकम |
|---|---|---|---|
| ७३१-२०८०।३।२४ | योजना शाखाको लागि सफ्टवेयर | जुपिटर टेक्नोलोजी प्रा.लि. | ३४४६५० |
| ७३३-२०८०।३।२४ | वडाको सिफारिसको लागि सफ्टवेयर | सिटिजन इन्फोटेक प्रा.लि. | ३२७७०० |
| | जम्मा | | ६७२३५० |

| | |
|---|---|
| प्रमाण पेश नगरेको | ६,७२,३५० |

**११७.४ (३७३-२०७९-११-११) राजस्व संकलनको लागि सफ्टवेयर खरिद -** स्थानीय सरकार संचालन ऐन २०७४ को दफा ७३(६) मा प्रमुख प्रशासकिय अधिकृतले स्वीकृत बजेट खर्च गर्दा नियमितता, मितव्ययिता, कार्यदक्षता, प्रभावकारीता र औचित्य कायम गर्न आवश्यक व्यवस्था मिलाउनु पर्ने व्यवस्था छ ।त्यस्तै नेपाल सरकारको सूचना प्रविधि प्रणाली (व्यबस्थापन तथा सञ्चालन) निर्देशिका, २०७१ को बुँदा नं.४.१ मा कुनै सरकारी निकायले आफ्नो कार्य विद्युतीय माध्यमबाट सञ्चालन गर्नका लागि प्रयोग गर्ने सूचना प्रविधि प्रणालीको निर्माण गर्दा त्यस्तो प्रणाली सम्बन्धी कागजात तयार गरी मानक अनुरुप भए नभएको निर्धारण गर्न सूचना प्रविधि विभागबाट स्वीकृत गराउन पर्ने व्यबस्था रहेको छ ।पालिकाले राजस्व संकलनको लागि राजस्व सुधारको लागि सफ्टवेयर जुपिटर टेक्नोलोजी प्रा लि लाई रु.४९०४२०। खरिद वापत भुक्तानी गरेको छ ।पालिकाले सफ्टवेयर

खरिदको लागि विभागाबाट स्वीकृत लिएको देखिएन ।महालेखा नियन्त्रकको कार्यालयले मिति २०७९।१०।२३ देखि सुत्रमा राजस्व मोडेल सुरु गरेकोमा सो मोडयुल समेत प्रयोग भएको देखिएन । राजस्व संकलनको सफ्टवेयर खरिद लागत अनुमान तयार नगरी र खरिद आदेश बिना सफ्टवेयर खरिद गरेको देखियो । साथै उक्त संस्थासँग सफ्टवेयर खरिद तथा संचालन सम्बन्धि संझौता समेत भएको देखिएन ।सफ्टवेयर खरिद पश्चात पाम्समा दाखिला समेत भएको देखिएन ।सफ्टवेयर खरिद पश्चात पनि यस आवको अन्त्यसम्म पनि सफ्टवेयरको प्रयोग नगरी नगदी रसिदबाट नै राजस्व संकलन गरेको देखियो । खरिद भएको सफ्टवेयरको उपयोगिता पुष्टि भएको नदेखिएकोले नियमसम्मत नदेखिएको रु

| | |
|---|---|
| अनियमित भएको | ४,९०,४२० |

११७.५ **प्रारम्भिक वातावरणीय परीक्षण प्रतिवेदन (IEE) प्रतिवेदन -** ३३०-२०७९।१०।१३, ३४०-२०७९।१०।१५ सार्वजनिक खरिद ऐन,२०६४ दफा ५ बमोजिम लागत अनुमान बनाउनु पर्ने व्यवस्था छ । त्यसै गरी आर्थिक कार्यविधि तथा वित्तीय उत्तरदायित्व नियमावली, 2077 को नियम 78 मा कार्यालयले आफूले खरिद गरेको, निर्माण गरेको वा अन्य कुनै माध्यमबाट प्राप्त गरेको चल अचल मालसामान तथा सम्पत्ति मूल्य खुलाई खर्च भएर जाने प्रकृतिको सामान भए मले प फा नं 407 र खर्च भएर नजाने प्रकृतिको सामान, सम्पत्ति म ले प फा नं 408 को ढाँचामा अभिलेख राख्नुपर्ने व्यवस्था छ ।पालिकाले सुनरस कन्सल्टेन्सी एण्ड ट्रेडर्स प्रा लि लाई गादी खोला र चित्रांश मल्टि सपोर्ट कन्सल्टेन्सी प्रा लि लाई भलुवाही र सुगौली घाट खोलाको प्रारम्भिक वातावरणीय परीक्षण प्रतिवेदन तयारीको लागि ३१६१६। घन मि र ५४६००। घन मि परिमाणको कार्यको लागि क्रमशः रु.४९७७६५। र रु.४८५०००। गरी जम्मा रु.९८२७६५। भुक्तानी गरेको छ । प्रतिवेदन जिन्सी खातामा दाखिला समेत भएको देखिएन ।उक्त कार्य गर्न सक्ने परामर्शदाताको जनशक्तिको योग्यता पेश भएको पाइएन ।यसले उक्त कार्य प्रभावकारी रुपमा भए नभएको सम्बन्धमा आश्वस्त हुन सकिएन । उक्त संस्थाहरुले पेश गरेको आर्थिक प्रस्तावमा लाग्ने जनश्क्तिको संख्या, दिन र दररेट सहितको प्रस्ताव गरेको छैन । प्रतिवेदन तयारी पश्चात उक्त प्रतिवेदनको आधारमा भलुवही खोलाको ठेक्का लागेको देखिएन । ठेक्का नलागेकोले उक्त प्रतिवेदनको औचित्यता पुष्टि भएको देखिएन । सुगौली घाट र भलुवाही खोलाको प्रतिवेदनमा पटेर्वा सुगौली गाउँपालिकाको नाम नभई जिराभवानी गाउँपालिकाको नाम रहेको देखियो ।यसले खोलाको IEE को प्रभावकारी सम्बन्धमा आश्वस्त हुन सकिएन ।एउटै प्याकेजमा गराउन सक्ने सक्ने सामान प्रकृतिको कार्य अलग अलग परामर्शदाताबाट गराएको देखियो ।जसले लागत बढने सक्ने देखिन्छ । लागत अनुमानको आधार, विज्ञको शैक्षिक योग्यता र जिन्सी दाखिलाको प्रमाण पेश हुनुपर्ने (रु६३०५। अन्य दफामा कायम ) रु

| | |
|---|---|
| प्रमाण पेश नगरेको | ९,७६,४६० |

११७.६ **क्षतिपूर्ति -** सार्वजनिक खरिद नियमावली, २०६४ को नियम १२१(क) मा परामर्शदाताको ढिलाईको कारणले खरिद सम्झौता बमोजिमको काम सो सम्झौतामा तोकिएको म्यादमा सम्पन्न हुन नसकेमा निजले सम्झौता रकमको दश प्रतिशतमा नबढ्ने गरी प्रति दिन सम्झौता रकमको ०.०५ को दरले पूर्वनिर्धारित क्षतिपूर्ति दिनुपर्ने व्यवस्था छ ।पालिकाले परामर्शदाता चित्रांश मल्टि सपोर्ट कन्सल्टेन्सी प्रा लि लाई भलुवाही खोला र सुगौली घाटको IEE को लागि रु.४८५०००। भुक्तानी गरेको छ । मिति २०७९।८।९ को संझौता बमोजिम मिति २०७९।९।१५ सम्ममा कार्यसम्पन्न गर्ने गरी सम्झौता भएकोमा २०७९।१०।११ मा फाइनल प्रतिवेदन पेश गरेकोले २६ दिनको कबोल अंकको प्रतिदिन ०.०५ प्रतिशतले रु.२४२.५ को दरले हुने पुर्वनिर्धारित क्षतिपुर्ति रु.६३०५। परामर्शदाताबाट असूल गर्नुपर्ने रु

| | |
|---|---|
| असुल गर्नुपर्ने | ६,३०५ |

११७.७ **(५५८-२०८०-२-१०)स्वास्थ्य संस्थाको लेखापरीक्षण -** आयकर ऐन,२०५८ को दफा ८८ बमोजिम सेवा शुल्कमा मु अ करमा दर्ता नभएका संस्थालाई १५ प्रतिशत कर लाग्ने व्यवस्था छ ।पालिकाले राम सदय एण्ड कम्पनीलाई निचुटा स्वास्थ्य चौकी, निचुटा स्वास्थ्य चौकी महिला स्वास्थ्य स्वयंसेविका, स्वास्थ्य चौकी पटेर्वा सुगौली महिला स्वास्थ्य स्वयंसेविका अक्षकोषको लेखापरीक्षणको लागि रु१३०५००। भुक्तानी गरेको छ ।उक्त भुक्तानीमा १५ प्रतिशत कर कट्टी रु.१९५७५। गर्नुपर्नेमा १.५ प्रतिशत रु.१९५८। मात्र कट्टी गरेकोले घटी कर कट्टी रु.१७६१७। संस्थाबाट असुल गरी आन्तरिक राजस्व कार्यालयमा दाखिला गरेको प्रमाण पेश हुनुपर्दछ । खरिद ऐन, २०६३ र नियमावली,२०६४ बमोजिम १ लाख भन्दा बढीको खरिद कार्य गर्दा लागत अनुमान तयार गर्नुपर्ने र ३ वटा कोटेसन लिई खरिद गर्नुपर्नेमा सोझै खरिद गरेको छ ।स्वास्थ्य संस्थाको लेखापरीक्षणको रकम भुक्तानी पालिकाबाट भुक्तानी हुने कानूनी व्यवस्था पेश हुनुपर्नेमा पेश भएन ।साथै उक्त लेखापरीक्षण प्रतिवेदनमा स्वास्थ्य संस्थाको व्यहोरो उल्लेख हुनुपर्नेमा शिक्षकको तलब भत्ताको बारेमा उल्लेख भएको देखियो ।लेखापरीक्षण प्रतिवेदन पाम्समा दाखिला समेत भएको देखिएन ।स्वास्थ्य संस्थाको लेखापरीक्षण प्रतिवेदनको लागि भुक्तानी भएको रकम नियमसम्मत नदेखिएको रु

| | |
|---|---|
| अनियमित भएको | १,३०,५०० |

## ११८ ईन्धन खर्च

११८.१ **ईन्धन खर्च-** अर्थमन्त्रालयको कार्यसंचालन निर्देशिका, २०७७ को दफा ७.१.१६ मा ३० जनासम्म कर्मचारी दरबन्दी रहेको कार्यालयमा मासिक १२५ लिटर डिजेल र ७५ लिटर पेट्रोल तथा प्रति मोटरसाईकल १० लिटर पेट्रोल खर्च लेख्ने व्यवस्था छ। पालिकाले ईन्धन शीर्षकबाट यस वर्ष रु. ४९,८४,४८१। र मर्मत सम्भार शीर्षकबाट रु.५७९९९०। गरी जम्मा रु.५५,६४,४७१। लाख

खर्च लेखेको छ। पालिकाले सवारी साधनको लगबुक नराखेकोले कुन सवारी साधनमा कति इन्धन रकम खर्च भएको यकीन विवरण पेश भएको पाइएन । पालिकाले पालिकाको पदाधिकारी तथा कर्मचारी बाहेक अन्य व्यक्ति, पदाधिकारीहरुको समेत इन्धन रकम भुक्तानी गरेको छ । इन्धनको बिलमा आपूर्तिकर्ता सहि र छाप पनि रहेको देखिएन । इन्धनमा भएको खर्चलाई स्वभाविक मान्न सकिने आधार देखिएन । पालिकाको कुन कुन सवारी साधनमा के कति इन्धन खर्च भएको हो विवरण पेश नभएकोले इन्धनमा भएको खर्च सम्बन्धमा आश्वस्त हुन सकिएन । यस सम्बन्धमा थप विश्लेषण हुनुपर्दछ । मापदण्ड भन्दा अस्वभाविक तवरले इन्धनमा बढी खर्च भएको हुँदा कार्यालयले यस सम्बन्धमा थप विश्लेषण गरी सुधारको प्रयास गरी इन्धन खर्चलाई नियमानुसार मितव्ययी तवरले खर्च गर्नुपर्दछ ।

| विवरण | मापदण्ड अनुसार | वार्षिक खर्च | औषत दर | रु. मा |
|---|---|---|---|---|
| ३० जना सम्म दरबन्दी भएको मापदण्ड | डिजल १०० लि. | १२०० लि | १६६.३ | १९९५६० |
| | पेट्रोल ७५ लि. | ९०० लि | १७६.४ | १५८७६० |
| २७ वटा मोटरसाईकल/स्कुटि (कर्मचारी) | १० लि. | ३२४० लि | १७६.४ | ५७१५३६ |
| गाउँपालिका अध्यक्षले पाउने सुविधा | १०० लि. | १२०० लि. | १६६.३ | १९९५६० |
| गाउँपालिका उपाध्यक्षले पाउने सुविधा | १०० लि. | १२०० लि. | १७६.४ | २११६८० |
| हुनुपर्ने खर्च रकम | | | | १३४१०९६ |
| वित्तीय विवरणमा खर्च रकम | | ५५,६४,४७१ | | |

यसका अतिरिक्त पालिकामा १ थान ट्र्याक्टर, १ थान जे सि बि, १ थान सेफ्टी टयांकी रहेकोमा उक्त साधनको लागि ईन्धन प्रयोग हुँदा समेत कार्यालयको सवारी साधन तथा उपकरणको प्रयोग र ईन्धन खर्चको तादम्यता मिल्ने देखिदैन। यस सम्बन्धमा थप विश्लेषण हुनुपर्दछ । मापदण्ड अनुसार हुने र भएको इन्धन खर्चबीच ठूलो रकम फरक परेकोले यसतर्फ पालिकाको ध्यान जानुपर्दछ ।पालिकाले मापदण्ड भित्र रहेर ईन्धन खर्च गर्नुपर्ने देखिन्छ ।

**११८.२** इन्धन खर्च लेख्दा PAMS मा प्रबिष्ट गरी लगबुक राखेर मात्र खर्च लेख्नुपर्नेमा PAMS मा प्रविष्ट नगरेको तथा लगबुक राखि खर्च लेखेको देखिएन । अभिलेख नराखेकोले कुन सवारी साधनमा कति इन्धन खर्च भएको सम्बनधमा यकीन हुन सकिएन । PAMS बाट इन्धनको अभिलेख र लगबुक व्यवस्थित गरेर मात्र ईन्धन खर्च लेख्नुपर्ने तथा खर्चको व्यवस्थित अभिलेख राख्नुपर्दछ ।

इन्धनको दरः गाउँपालिकाले यस वर्षमा इन्धनमा रु.५५,६४,४७१। खर्च गरेको छ । इन्धन आपूर्तिकर्ताले नेपाल आयल निगमबाट तोकिएको दरमा इन्धनको बिल जारी गर्नुपर्नेमा सो अनुसार नगरी लामो अवधिको एकैपटक बिल जारी गरेको र सोही अनुसार भुक्तानी भएकोले सम्बन्धित अवधिको तोकिएको दर भन्दा बढी दरमा भुक्तानी हुन सक्ने देखिन्छ । यस सम्बन्धमा थप विश्लेषण गरी बढी भुक्तानी भएको अवधिको सम्बन्धमा यकीन गर्नुपर्दछ ।

११८.३ **पदाधिकारी इन्धन -** स्थानीय तहका पदाधिकारी तथा सदस्यले पाउने सुविधा सम्बन्धि ऐन.२०७७ को दफा ४ मा पदाधिकारीलाई सवारी साधन उपलब्ध गराएकोमा त्यस्तो सवारी साधनलाई अनुसूचि बमोजिमको गाउँ अध्यक्ष तथा उपाध्यक्षलाई मासिक १०० लि. र वडा अध्यक्षलाई मासिक २५ लि. इन्धन उपलब्ध गराउने व्यवस्था छ । साथै सवारी साधन उपलब्ध नभएका पदाधिकारीलाई अनुसूचि बमोजिमको यातायात खर्च पाउने तर इन्धन खर्च नपाउने उल्लेख छ ।यस पालिकाले इन्धन पदाधिकारी शीर्षकमा रु.१८,००,०००। बजेट विनियोजन गरी रु.१८,००,०००। को इन्धनको बिल समावेश गरी खर्च गरेको छ ।पालिकाबाट प्राप्त विवरणअनुसार वडा अध्यक्षलाई यस आर्थिक वर्षमा सवारी साधन तथा मोटरसाइकल उपलब्ध नगराई यातायात खर्च भुक्तानी गरेको छ ।यसरी गाउँपालिका अध्यक्ष र उपाध्यक्षले प्रयोग गर्ने एक गाडी र एक स्कुटिको अनुसूचि बमोजिम अधिकतम डिजेलको १२०० लि को प्रति लि. औषत रु.१६६.३ को दरले रु.१९९५६०। र उपाध्यक्षको पेट्रोलको १२०० लि को प्रति लि औषत रु.१७६.४ को दरले रु.२११६८०। गरी जम्मा रु.४११२४०। इन्धनको भुक्तानी हुने देखिन्छ ।तोकिएको इन्धन कोटा भन्दा रु.१३,८८,७६०। बढी खर्च गरेको रकम नियमसम्मत नदेखिएको रु.

| | |
|---|---|
| अनियमित भएको | १३,८८,७६० |

११९ **गाडी भाडा** - सार्वजनिक खरिद नियमावली, २०६३ को नियम १३ (२) मा सवारी साधन भाडामा लिने प्रयोजनार्थ सो सम्बन्धी ज्ञान भएका दक्ष प्राविधिकहरुको समिति गठन गर्नुपर्ने व्यवस्था छ । त्यस्तै उपनियम ३ मा समितिले लागत अनुमान तयार गर्दा भाडामा लिने सवारी साधनको विवरण, स्पेशिफिकेसन, अवस्था र आयु. प्रचलित बजार दर भाडामा लिने अवधि, इन्धनको मूल्य र खपत जस्ता विषयहरुलाई विचार पुर्याउनुपर्ने उल्लेख छ । तर पालिकाले यो वर्ष कार्यालय प्रयोजनको लागी सवारी साधन भाडामा लिई रु. १७,९४,७६०। खर्च गर्दा उपर्युक्त व्यवस्था अनुरुप भाडाको लागत अनुमान तयार गरी प्रतिस्पर्धात्मक तरिकाले खरिद नगरी व्यक्ति तथा संस्थासँग सोझै सम्झौता गरेको पाइयो ।गाडी प्रयोगको लगबुक पेश गरेको देखिएन ।लगबुक पेश नभएकोले भाडामा लिएको सवारी साधन कार्यालय प्रयोजनको लागि प्रयोग भएको यकीन हुन सकिएन । खरिद कार्य नियमावलीले तोकेको प्रक्रिया अपनाएको नदेखिएकोले पालिकाले नियमावली अनुसार गाडी भाडा लिनुपर्दछ । गाडी प्रयोगको व्यवस्थित लगबुक राख्नुपर्दछ ।

१२० **अनुत्पादक खर्च** - स्थानीय सरकार संचालन ऐन, २०७४ को दफा ७३(६) मा प्रमुख प्रशासकिय

अधिकृतले स्वीकृत बजेट खर्च गर्दा नियमितता, मितव्ययिता, कार्यदक्षता, प्रभावकारीता र औचित्य कायम गर्न आवश्यक व्यवस्था मिलाउनु पर्ने व्यवस्था छ । सार्वजनिक खर्चमा मितव्ययिता कायम गर्ने सम्बन्धी मापदण्डमा सार्वजनिक निकाय तथा सार्वजनिक पद धारण गरेको व्यक्तिले खर्चमा मितव्ययिता कायम हुने गरी खर्च गर्नुपर्ने, बुँदा नं. १०२ मा स्थानीय तहले सार्वजनिक खर्चलाई थप मितव्ययी र नतिजामुखी बनाउन मितव्ययिता सम्बन्धी मापदण्ड तर्जुमा गरी लागु गर्नसक्ने व्यवस्था छ । पालिकाले मितव्ययिता सम्बन्धि मापदण्ड तर्जुमा गरी लागु गरेको छैन । कार्यालयले पुजा. महोत्सव सम्मान, शुभकामना जस्ता कार्यक्रम राखी निम्न अनुसार खर्च गरेको छ । यस्तो अनुत्पादक, प्रतिफल बिहिन खर्चमा नियन्त्रण गरी मितव्ययितातर्फ ध्यानदिनुपर्दछ । केही उदाहरण निम्न छन

| भुक्तानी पाउनेको नाम | कार्यक्रम | बजेट खर्च |
|---|---|---|
| सई केशरराज कुमार चौधरी | माघि महोत्सव | ४५०००० |
| वडा सचिव श्यामसुन्दर चौधरी | छठ पुजा | ७५००० |
| बिरेन्द्र प्रसाद चौधरी | छठ पुजा | १००००० |
| वडा सचिव अब्बदुल कादिर | इदउल फित्रमा सजावट | १२०००० |
| रामबाबु राय | होली मिलन कार्यक्रम | १००००० |
| वडा सचिव अब्बदुल कादिर अंसारी | दशैं पुजा | ३००००० |
| श्यामसुन्दर चौधरी थारु | पुजा | १, ०६ , ००० |
| वडा सचिव अब्बदुल कादिर अंसारी | पुजा | १, २० , ००० |
| अब्बदुल कादिर अंसारी | तिज कार्यक्रम | १९९५०० |
| अब्बदुल कादिर अंसारी | छठ पुजा | ४००००० |

१२१ **अनुदान निकासा** - पटेर्वा सुगौली गाउँपालिकाको गाउँ सभाबाट बार्षिक नीति तथा कार्यक्रममा र अन्य शीर्षकबाट देहायका विद्यालयलाई निम्न प्रयोजनका लागि अनुदान रकम उपलब्ध गराउने गरी पारित भएको छ । सो अनुदान उपलब्ध गराउँदा कार्यविधि बनाई खर्चका आधार तोकी शशर्त अनुदान खर्चका लागि निकासा दिनु पर्नेमा सो बेगर रकम निकासा दिएको अनुदानको उपयोगको स्थिती एकिन हुने गरी भौतिक प्रगती सहितको अनुगमन प्रतिवेदन र बिल भरपाई समेत प्राप्त नभएकोले अनुदान खर्च तोकिए अनुसार भएको एकीन भएन ।नमुना परीक्षणको रुपमा कार्यविधि

बेगर अनुदान दिएको तथा अनुदानको उपभोग सम्बन्धमा अनुगमन गरी निर्णय र बिल भरपाई सहित प्रतिवेदन पेश हुनुपर्ने रु.

| गो भौ.नं र मिति | संस्था | प्रयोजन | रकम |
|---|---|---|---|
| ९६-२०७९।७।४, ४०७-२०७९।११।८, ६३४-२०८०।३।१९ | श्री नेपाल राष्ट्रिय माध्यमिक विद्यालय निचुटा | उच्च मा.बि. संचालन अनुदान १०+२ | १२००००० |
| | श्री नेपाल राष्ट्रिय माध्यमिक विद्यालय रंगपुर टांडी | | १२००००० |
| | श्री नेपाल राष्ट्रिय माध्यमिक विद्यालय सुगौली दा प पर्सा | | १२००००० |
| ५०४-२०८०।१।८ | विभिन्न २४ वटा विद्यालय | विधार्थी अभियान | १, ४७ , ००० |
| ४३६-२०७९।१२।५ | श्री दिपनारायण आदर्श नमुना माध्यमिक विद्यालय | अवलोकन भ्रमण | ३०००० |
| | श्री नेपाल राष्ट्रिय माध्यमिक विद्यालय निचुटा | | ३०००० |
| | श्री नेपाल राष्ट्रिय माध्यमिक विद्यालय रंगपुर टांडी | | ३०००० |
| | श्री नेपाल राष्ट्रिय माध्यमिक विद्यालय सुगौली दा प पर्सा | | ३०००० |
| | जम्मा | | ३८६७००० |

| प्रमाण पेश नगरेको | ३८,६७,००० |
|---|---|

१२२ **खर्च पुष्टयाईको प्रमाण** - आर्थिक कार्यविधि तथा वित्तीय उत्तरदायित्व नियमावली, २०७७ को नियम ३९(५) बमोजिम सरकारी रकम खर्च गर्दा त्यस्तो खर्च पुष्टि गर्ने बिल, भरपाई, प्रमाण र कागजात संलग्न हुनु पर्ने व्यवस्था छ ।पालिकाले देहायको रकम भुक्तानी गरेकोमा खर्चको बिल भरपाई, वितरण भरपाई र खर्च पुष्ट प्रमाण पेश भएको देखिएन ।नियमावलीमा भएको व्यवस्था अनुसार रु.३,७७०,९३२।को खर्च पुष्टियाईको बिल भरपाई तथा प्रमाण कागजात पेश नभएकोले प्रमाण पेश हुनुपर्ने अन्यथा सम्बन्धितबाट असुल हुनुपर्ने रु (विस्तृत विवरण अनुसूचिमा रहेको)

| प्रमाण पेश नगरेको | ३७,७०,९३२ |
|---|---|

**(विस्तृत विवरण बेरूजु दफा १२२ सँग सम्बन्धित अनुसूचीमा संलग्न छ ।)**

१२३ **राजस्व बाँडफाँडबाट शिक्षकको तलब भत्ता** - अन्तर सरकारी वित्त व्यवस्थापन ऐन, २०७४ को दफा ९ ले स्थानीय तहलाई स्वीकृत दरबन्दी भित्रका शिक्षकको तलब भत्ता बापत सशर्त अनुदान

उपलब्ध गराउने व्यवस्था छ । साविकको जिल्ला शिक्षा कार्यालयबाट अनुमति प्राप्त गरी सञ्चालनमा रहेका र कुनै पनि दरबन्दी तथा राहत अनुदान कोटा प्राप्त नगरेका विद्यालयलाई शिक्षक व्यवस्थापन गर्ने गरी शैक्षिक सत्र २०७९ का लागि सहयोग अनुदान दिन सकिने व्यवस्था छ । तर पालिकाले निजी शिक्षकलाई राजस्व बाँडफाँडबाट रु.२२,६०,०००। तलब भत्ता भुक्तानी गरेको पाईयो ।साथै ति शिक्षकहरु के कसरी नियुक्त गरिएको हो सो सम्बन्धमा शिक्षक नियुक्तिको प्रक्रिया लेखापरीक्षणको क्रममा पेश भएन । भुक्तानी भएको तलब भत्ता नियमसम्मत नदेखिएको रु.

| गो भौ नं मिति | विद्यालयको नाम | रकम |
|---|---|---|
| ११५, १५५, ३७१, | श्री अरुणोदय कोपिला आधारभूत विद्यालय | ६०००० |
| ६१०, ६३५,४०९ | श्री गादीमाई आधारभूत विद्यालय पश्चिम देकुली | १२०००० |
| | श्री जयदुर्गे दलित आधारभूत विधालय मोरटोल पटेर्वा सुगौली -५ | १२०००० |
| | श्री नेपाल राष्ट्रिय आधारभूत विद्यालय कंचनपुर | ६०००० |
| | श्री नेपाल राष्ट्रिय आधारभूत विद्यालय पटेर्वा सुगौली-२ थरघटी | १२०००० |
| | श्री नेपाल राष्ट्रिय आधारभूत विद्यालय फरदवा | ६०००० |
| | श्री नेपाल राष्ट्रिय आधारभूत विद्यालय रंगपुर विश्रामटोल | ६०००० |
| | श्री नेपाल राष्ट्रिय आधारभूत विद्यालय रामपुर पर्सा | ६०००० |
| | श्री नेपाल राष्ट्रिय आधारभूत विद्यालय रामभौरी भाठा | २६५००० |
| | श्री नेपाल राष्ट्रिय आधारभूत विद्यालय लक्ष्मीपुर पर्सा | १२०००० |
| | श्री नेपाल राष्ट्रिय आधारभूत विद्यालय वेलवा | २६७००० |
| | श्री नेपाल राष्ट्रिय प्राथमीक विद्यालय पूर्व देकुली | १८०००० |
| | श्री नेपाल राष्ट्रिय माध्यमिक विद्यालय निचुटा | ३२४००० |
| | श्री नेपाल राष्ट्रिय माध्यमिक विद्यालय रंगपुर टांडी | १७७००० |
| | श्री नेपाल राष्ट्रिय माध्यमिक विद्यालय सुगौली दा प पर्सा | १४७००० |
| | श्री वनदेवी आधारभूत विद्यालय भतौडा | १२०००० |
| | जम्मा | २२६०००० |

| अनियमित भएको | २२,६०,००० |
|---|---|

१२४ **विविध खर्च** - स्थानीय सरकार सञ्चालन ऐन, २०७४ को दफा ७१ बमोजिम व्ययको बजेट अनुमान आन्तरिक आयको परिधिभित्र रही औचित्यताको आधारमा विविध खर्च गर्नुपर्ने व्यवस्था छ ।महालेखा नियन्त्रक कार्यालयद्वारा जारी एकिकृत आर्थिक संकेत तथा वर्गीकरण र व्याख्या,२०७४ मा खर्च संकेत नं २२७११ विविध खर्चको व्याख्यामा स्वीकृत भएका मनोरञ्जन, प्रदर्शन, निमन्त्रण तथा भोजहरु सम्बन्धि खर्च कार्यालय सुरक्षा सम्बन्धि आवश्यक खर्च, प्रतिनिधि मण्डलको स्वागत र अतिथि, सत्कार खर्च र अन्य कुनै शीर्षकमा नभएका खर्चहरु समावेश हुने उल्लेख छ । ।पालिकाले यस वर्ष पालिकातर्फ खाना, खाजा लगतायको शीर्षकमा रु.२० लाख ५२ हजारमा र वडा तर्फको वडा संचालन खर्च अन्तर्गत भुक्तानी भएको रकम मध्ये अधिकांश रकम खाजामा नै खर्च गरेको छ ।उक्त खर्चलाई पुष्टि गर्ने प्रमाण कागजात संलग्न गरेको देखिएन । पालिकाले यस वर्ष प्राप्त भएको आन्तरिक आय रु.८७ लाख १४ हजारको तुलनामा २३.५४ प्रतिशत रकम खाना खाजामा खर्च गरेको छ । उक्त व्याख्या र वर्गीकरण अनुसार खर्च पुष्टि हुने आधार प्रमाण संलग्न गरी मितव्ययी तवरले खर्च गर्नुपर्दछ । त्यस्तै सभा संचालन कार्यमा रु.७ लाख खर्च भएको छ।सभा संचालनमा भएको खाजा र खानाको खर्च उपस्थिति भन्दा बढी भुक्तानी भएको देखियो । पालिकाले खाना र खाजा खर्च मितव्ययी तरिकाले खर्च गर्नुपर्दछ ।

१२५ **बढी भुक्तानी** - आर्थिक कार्यविधि तथा वित्तीय उत्तरदायित्व नियमावली, २०७७ को नियम ३९(५) बमोजिम सरकारी रकम खर्च गर्दा त्यस्तो खर्च पुष्टि गर्ने बिल, भरपाई, प्रमाण र कागजात संलग्न हुनु पर्ने व्यवस्था छ ।पालिकाले देहायको शिर्षकमा बढी भुक्तानी गरेको छ । बढी भुक्तानी भएको रकम रु.७०५६९। सम्बन्धितबाट असुल हुनुपर्ने रु

| असुल गर्नुपर्ने | ७०,५६९ |
|---|---|

**(विस्तृत विवरण बेरूजु दफा १२५ सँग सम्बन्धित अनुसूचीमा संलग्न छ ।)**

१२६ **पशु बीमा** - आर्थिक कार्यविधि तथा वित्तीय उत्तरदायित्व नियमावली, २०७७ को नियम ३९(५) बमोजिम सरकारी रकम खर्च गर्दा त्यस्तो खर्च पुष्टि गर्ने बिल, भरपाई, प्रमाण र कागजात संलग्न हुनु पर्ने व्यवस्था छ ।पालिकाले पशु बिमा कार्यको लागि पशु प्राविधिक कृष्ण थापालाई रु.२७५०००। पेश्की रकम फस्योँट गरेकोमा १२७ पशुको रु.१२७४२०। को बिल भरपाई मात्र पेश भएको छ ।सो पशुको बीमाको बीमा कम्पनिले पेश गरेको बिलमा पेश भएको दररेट कुन आधारमा पेश गरेको सो को प्रमाण समेत पेश भएन ।साथै पशु प्राविधिकबाट लाभग्राहीको पशु छनौटको आधार समेत भएन ।दररेटको आधार, लाभग्राहीको छनौटको आधार, बीमा कम्पनिसँग भएको संझौता पेश हुनुपर्ने र बढी भुक्तानी भएको रकम रु.१४७५८०। को प्रमाण पेश हुनुपर्ने अन्यथा असूल हुनुपर्ने रु

| | |
|---|---|
| प्रमाण पेश नगरेको | १,४७,५८० |

१२७ **दिवस**

१२७.१ धान दिवसः स्थानीय सरकार संचालन ऐन, २०७४ को दफा ७३(६) मा प्रमुख प्रशासकिय अधिकृतले स्वीकृत बजेट खर्च गर्दा नियमितता, मितव्ययिता, कार्यदक्षता, प्रभावकारीता र औचित्य कायम गर्न आवश्यक व्यवस्था मिलाउनु पर्ने व्यवस्था छ ।पालिकाले धान दिवस मनाउनको लागि सिमा चौधरीलाई रु१५००००। भुक्तानी गरेको छ ।यस मध्ये खाजामा रु.३००००। र भेस्ट छपाईमा रु.१०५०००। खर्च गरेको छ ।खाजामा खर्च र भेस्ट छपाई गरी दिवस मनाउने कार्य उपलब्धि मुलक देखिएन। पालिकाले आवश्यकता, प्रभावकारी र मितव्ययीतालाई ध्यान दिदै दिवसमा खर्च गर्नुपर्दछ ।

१२७.२ **(५४६-२०८०-२-४)महिला दिवस -** स्थानीय सरकार संचालन ऐन, २०७४ को दफा ७३(६) मा प्रमुख प्रशासकिय अधिकृतले स्वीकृत बजेट खर्च गर्दा नियमितता, मितव्ययिता, कार्यदक्षता, प्रभावकारीता र औचित्य कायम गर्न आवश्यक व्यवस्था मिलाउनु पर्ने व्यवस्था छ ।पालिकाले महिला दिवस मनाउनको लागि सि अ हे व जगनाथ साहलाई रु.३०००००। भुक्तानी गरेको छ ।यस मध्ये खाजा र खानामा रु.१६००००। जम्मा खर्चको ५३.३३ प्रतिशत खाना र खाजा मात्र गरेको छ ।खाना र खाजामा ठुलो रकम खर्च गरी दिवस मनाउने कार्य उपलब्धि मुलक देखिएन। पालिकाले आवश्यकता, प्रभावकारी र मितव्ययीतालाई ध्यान दिदै दिवसमा खर्च गर्नुपर्दछ ।

१२८ **महिला स्वयमसेविकालाई प्रोत्साहन भत्ता** - महिला स्वयमसेविकालाई प्रोत्साहन भत्ताः— स्थानीय सरकार सञ्चालन ऐन, २०७४ को दफा ७१ बमोजिम व्ययको बजेट अनुमान आन्तरिक आयको परिधिभित्र रही औचित्यताको आधारमा विविध खर्च गर्नुपर्ने व्यवस्था छ । पालिकाले ३६ जना महिला स्वयमसेविकालाई वर्षभरीमा रु.१०,८०,०००। भत्ता वापत रकम भुक्तानी गरेको छ । महिला स्वयमसेविकाले भत्ता दिने सुविधा पाउने कानूनी व्यवस्था नरहेकोले कानूनी व्यवस्था गरी यस्तो सुविधा प्रदान गर्नुपर्दछ ।

१२९ **बढी गाडी भाडा भुक्तानी** - पर्सा जिल्लाको दररेटअनुसार स्कारपियोको प्रति दिन रु.४९५०। को दरले भाडा भुक्तानी हुने जिल्ला दररेट तोकिएको छ ।पालिकाले देहायको गाडी धनिलाई सार्वजनिक बिदाको दिन यकीन नगरी संझौता गरेको देखियो ।पालिकाले सवारी प्रयोग भएको प्रति दिनको हिसाबमा लागत अनुमान तयार गरी प्रतिस्पर्धा मार्फत गाडी भाडा सेवा खरिद गर्नुपर्नेमा सार्बजनिक बिदाको दिन यकीन नगरी एकमुष्ट मासिक रुपमा संझौता गरेकोले गाडी भाडा वापत रु.323700।बढी भुक्तानी भएको देखियो । गाडि भाडामा लिदा आवश्यक्ताको आधारमा मितव्यीता कायम हुने गरी जिल्ला दर रेट भन्दा वढी नहुने गरी लिनु पर्ने देखिन्छ ।

| गो भौ नं मिति | गाडी | महिना | सार्वजनिक बिदा (गृह | संझौता हुनुपर्ने | संझौता भएको | बढी भुक्तानी |
|---|---|---|---|---|---|---|

| | | | | | | |
|---|---|---|---|---|---|---|
| | धनि | | मन्त्रालय र मधेश प्रदेश सरकारको सुचना अनुसार) | | रकम | भएको रकम |
| १३,८६,१४२,२०८,<br>२३९,३७२,३९५,<br>४७३,५५१,६०६,६५५ | राजेश प्रसाद कुर्मी | २०७९ श्रावण देखि २०७९ आषाढसम्म | साउन ५ दिन, भदौ ५ दिन, असोज १३ दिन, कार्तिक ९ र १ दिन, मंसिर ५ र १ दिन, पुष ७ दिन, माघ ६ र १ दिन, फागुन ८ र २ दिन, चैत्र ४ र १ दिन , बैशाख ९ र २, जेष्ठ ५, असार ५ | २०७९ साउन रु.१२८७००<br>।,भदौ रु.१२८७००, असोज रु.८९१००, कार्तिक रु.९९०००।, मंसिर रु,११३८५०। पुष रु.११३८५०, माघ रु.१०३९५०।, फागुन रु.९९०००।, चैत्र रु.१२३७५०।, बैशाख रु.९९०००।,जेष्ठ रु.१३३६५०।र आषाढ रु.१२३७५०। जम्मा हुनुपर्ने रु. १३५६३००। | मासिक रु१४००००।को दरले आषाढसम्म रु.१६८००००<br>। | ३२३७०० |

१३० **शीर्षक फरक पारी खर्च** - महालेखा नियन्त्रक कार्यालयले एकीकृत आर्थिक संकेत वर्गिकरण र व्याख्या, २०७४ बमोजिम खर्च शिर्षक अनुसार सम्बन्धित प्रयोजनको खर्च सम्बन्धित शिर्षकबाट लेख्नुपर्ने व्यवस्था छ ।नमुना परीक्षणको रुपमा पालिकाले देहायको रकम जुन शीर्षकको लागि विनियोजन भएको हो सो शीर्षकमा खर्च नगरी अन्य शीर्षकमा खर्च गरेको छ ।गाउँपालिकाले बजेटमा स्वीकृत शीर्षकको रकम सोही शीर्षकमा खर्च गर्नुपर्दछ । केहि उदाहरण निम्न छन्

| गो भौ नं मिति | खर्च हुनुपर्ने शीर्षक | खर्च भएको | खर्च रकम |
|---|---|---|---|

| | | | |
|---|---|---|---|
| | | शीर्षक | |
| ४२८-२०७९।१२।२ | मसलन्द तथा कार्यालय सामाग्री | मोबाइल मर्मत | १९९५० |
| ५४९-२०८०।२।४ | पत्रपत्रिका छपाई तथा सुचना प्रकाशन खर्च | इन्टरनेट शुल्क | १२२०४० |
| ६९३-२०८०।३।२३ | चेक साट्न बाकी , कर दाखिला तथा भुक्तानी बाकी | औषधि खरिद | ९४७६० |
| | जम्मा | | ८१६७४० |

१३१ **जडानको प्रमाण -** सार्वजनिक खरिद नियमावली,२०६४ को नियम १२३ बमोजिम सामान जडानको नापी किताब पेश हुनुपर्दछ ।नमुना परीक्षणको रुपमा पालिकाले बिजुलि बति सामान खरिद वापत रु.७४६४६४। खर्च गरेको छ ।नमुना परीक्षणको रुपमा परीक्षण गरिएकोमा उक्त सामग्री कहाँ कुन ठाउँमा जडान भएको सो को विवरण पेश भएको पाइएन ।साथै खरिद भएको सामानहरु स्पेसिफिकेसनअनुसार गुणस्तर परीक्षण समेत भएको देखिएन ।बाँकीको सम्बन्धमा तहाँ कार्यालयबाट यकीन गरी जडानको प्रमाण श्रेस्तामा संलग्न गरी राख्नुपर्दछ।सम्बन्धित पदाधिकारी स्टोर प्रमुखलाई जिम्मेवार बनाई जडान भएको प्रमाण र गुणस्तर परीक्षण प्रतिवेदन पेश हुनुपर्ने रु

| गो भौ नं मिति | प्रयोजन | सामानको नाम | रकम |
|---|---|---|---|
| ६-२०७९।५।१५ | कार्यालयसम्बन्धि | तार | ३९५०५ |
| ८१-२०७९।७।२ | अब्बदुल कादिर अंसारी | सडकहरुमा नयाँ बती जडान , मर्मत | ८२,४७८ |
| ४५६-२०७९।१२।१४ | | सिसिटिभि | ९९३२७ |
| ६७३-२०८०।३।२३ | वायरिंग सम्बन्धि कार्य | विद्युतिय सामग्री | ८७१२३ |
| ६७४-२०८०।३।२३ | | | ९१,४१७ |
| ६७५-२०८०।३।२३ | | | ४१,८८९ |
| ६७६-२०८०।३।२३ | बिधुत जडान श्री ने.रा.आ.बि. रामपुर , महेन्द्रपुर | | ५९,९४६ |
| ६७७-२०८०।३।२३ | मनिहर्वा विद्यालय भवनकाे वायरिंग | | ९९,७९० |
| ६७८-२०८०।३।२३ | कार्यालय भवनको वायरिंग | | १, ४४ , ९८९ |
| | जम्मा | | ७४६४६४ |

## १३२ सार्वजनिक सुनुवाई

**१३२.१ सार्वजनिक सुनुवाई -** स्थानीय सरकार सञ्चालन ऐन, २०७४ को दफा ७८ वमोजिम स्थानीय तहले सार्वजनिक सेवा प्रवाहलाई प्रभावकारी, दिगो र भरपर्दो वनाउन कार्यक्रमको सामाजिक परीक्षण अन्तर्गत सार्वजनिक परीक्षण र सार्वजनिक सुनुवाई गर्नुपर्ने व्यवस्था छ ।पालिकाले सार्वजनिक सुनुवाइको कार्यक्रम प्रसारणको लागि ए वन टेलिभिजन नेटवर्क प्रा लि लाई रु.२९७३४५। भुक्तानी गरेको छ । तोकिए बमोजिम सार्वजनिक परीक्षण गरी पालिकाबाट हुने आर्थिक कारोबारमा जवाफदेहिता र पारदर्शिताको प्रवर्द्धन गर्नु पर्दछ।

**१३२.२** सार्वजनिक खरिद ऐन,२०६३ को दफा ५ बमोजिम रु. १ लाख भन्दा बढीको खरिद कार्य गर्दा लागत अनुमान तयार गरी खरिद गर्नुपर्दछ ।पालिकाले सार्वजनिक सुनुवाईको कार्यक्रम प्रस्तुतको लागि ए वन टेलिभिजन नेटवर्क प्रा लि लाई रु.२९७३४५। भुक्तानी गरेकोमा सो कार्यको लागि लागत अनुमान तयार नगरी खरिद कार्य गरेको देखियो ।लागत अनुमान तयार नभएकोले संस्थाले पेश गरेको दररेट सम्बन्धमा यकीन हुन सकिएन ।खरिद ऐन अनुसार लागत अनुमान तयार गरी खरिद कार्य गर्नुपर्दछ ।

**१३३ अवलोकन भ्रमण खर्च -** स्थानीय सरकार संचालन ऐन,२०७४ ले प्रमुख प्रशासकीय अधिकृतले स्वीकृत बजेट खर्च गर्दा नियमितता, मितव्ययिता, प्रभावकारीता, कार्य दक्षता र औचित्यतता समेतको आधारमा खर्च गर्नुपर्ने व्यवस्था छ ।नमुना परीक्षणको रुपमा पालिकाले देहायको कर्मचारीलाई अलोकन भ्रमण वापत रु.१९५००००। भुक्तानी गरेको छ । भुक्तानी भएको रकम मध्ये अधिकाँश रकम खाजा र खानामा खर्च भएको छ । अवलोकन भ्रमण पश्चात पालिकामा कृषि तथा अन्य कुन कुन क्षेत्रमा के परीवर्तन, सुधार तथा कृषि उत्पादनमा वृद्धि भए नभएको सम्बन्धमा यकीन नभएको तथा सो को प्रतिवेदन पेश भएको पाइएन । अध्ययन अबलोकनमा गएको सहभागीहरुलाई के कसरी छनौट गरेको सोको आधार समेत पेश भएको देखिएन । पालिकाले खर्चको उपादेयता पुष्टि हुने गरी खर्चको प्रतिवेदन पेश पश्चात मात्र भुक्तानी दिनुपर्दछ ।

| गो भौ नं मिति | भुक्तानी पाउने | प्रयोजन | स्थान | खर्च रकम | थप |
|---|---|---|---|---|---|
| ६४-२०७९।६।३० | अब्बदुल कादिर अंसारी | अवलोकन भ्रमण | | ३००००० | |
| १०७-२०७९।७।६ | इन्जिनियर प्रदिप चौरसिया | नखुलेको | दार्जिङ्ग र इलाम | ३००००० | |
| ७४०-२०८०।३।३१ | संजित प्रसाद यादव | | | ३००००० | |

| | | | | | |
|---|---|---|---|---|---|
| ७४३-२०८०।३।३१ | पशु प्राविधिक कृष्ण थापा | अवलोकन भ्रमण | | ४००००० | गाडी भाडा वापत रु१७००००। भुक्तानि गरेकोमा सो को आधार पेश हुनुपर्ने |
| ७५३-२०८०।३।२१ | ना प्रा स मोहन दास | | | ३००००० | गाडी भाडा वापत रु१६००००। भुक्तानि गरेकोमा सो को आधार पेश हुनुपर्ने |
| ७५४-२०८०।३।३१ | छैठौं जगन्नाथ साह | | | ३५०००० | |
| | जम्मा | | | १९५०००० | |

१३४ **अबण्डा बजेट -** स्थानीय सरकार सञ्चालन ऐन, २०७४ बमोजिम स्थानीय आर्थिक अवस्था समेतको आधारमा बजेट तथा कार्यक्रमको प्राथमिकीकरणका आधार तयार गरी स्रोत अनुमान तथा सीमा निर्धारणका आधारमा अबण्डा नराखी आय—व्ययको अनुमान पेस गर्नुपर्ने व्यवस्था छ । गाउँसभाबाट अबण्डाको रुपमा भैपरी मा रु.२९,२९,०००। बजेट राखी विभिन्न योजना बनाइ रु.२८,३५,८४८। खर्च गरेको छ । बजेट अबण्डमा राखी खर्च गर्ने प्रक्रियामा नियन्त्रण गर्नुपर्दछ ।

१३५ **बाल बिबाह दाईजो प्रथा बिरुद्ध जनचेतना मूल्क कार्यक्रम -** सार्वजनिक खरिद ऐन,२०६३ को दफा ५ बमोजिम रु. १ लाख भन्दा बढीको खरिद कार्य गर्दा लागत अनुमान तयार गरी खरिद गर्नुपर्दछ ।पालिकाले बाल बिबाह दाईजो प्रथा बिरुद्ध जनचेतना मूल्क कार्यक्रमको लागि रंगपुर युवा समाजलाई रु. १,९८,५००। भुक्तानी गरेकोमा सो कार्यको लागि लागत अनुमान तयार नगरी खरिद कार्य गरेको देखियो ।लागत अनुमान तयार नभएकोले संस्थाले पेश गरेको दररेट सम्बन्धमा यकीन हुन सकिएन ।खरिद ऐन अनुसार लागत अनुमान तयार गरी खरिद कार्य गर्नुपर्दछ ।

१३६ **पेश्की व्यवस्थापन -** आर्थिक कार्यविधि तथा वित्तिय उत्तरदायित्व नियमावली२०७७ को नियम ४७ बमोजिम सरकारी कामको लागि पेश्की लिनु पर्दा कुन कामको लागि के कति रकम चाहिने त्यसको यकीन विवरण खुलाई सम्बन्धित कार्यालयमा निवेदन दिनुपर्ने व्यवस्था छ ।पालिकाले विभिन्न कर्मचारीलाई पेश्की रकम दिदा के कति रकम चाहिने हो त्यसको यकिन नगरी हचुवाको आधारमा पेश्की रकम भुक्तानी दिने गरेको छ । पालिकाले नियमावलीमा भएको व्यवस्था अनुसारमात्र पेश्की रकम दिनुपर्दछ ।

**पेश्कीमाथि पेश्की** - कार्यालयले कर्मचारीलाई कार्यक्रम संचालन गर्न दिएको पेश्की रकम कार्यक्रम संचालन गरी पेश्की फछ्र्यौट पश्चात मात्र नियमानुसार अर्को पेश्की दिनुपर्नेमा पहिले दिएको पेश्की

फछ्र्यौट नगरिनकन पुन पेश्की दिने गरेको पाईयो ।यसमा सुधार हुनुपर्दछ ।

१३७ **विद्युत जरिवाना -** सार्वजनिक खर्चमा मितव्ययित तथा प्रभावकारी बनाउने सम्बन्धि मापदण्ड, २०७८ को दफा १५ बिजुली महसुल समयमा भुक्तानी नगरी जरिवाना तिर्नुपर्ने अवस्था आएमा त्यस्तो जरिवाना वापतको रकम सम्बन्धित कार्यालय प्रमुख र लेखा प्रमुखबाट असुल उपर गर्नुपर्ने व्यवस्था छ । पालिका र मातहतका विभिन्न कार्यालयहरुको नमुना परीक्षणको रुपमा परीक्षण गर्दा विद्युत महसुल समयमा नै भुक्तानी नगरी रु.३१९३३।जरिवाना तिरेको छ । विद्युत महसुल बुझाउने सम्बन्धित पदाधिकारीलाई जिम्मेवारी बनाउदैं विद्युत महसुल समयमा नै भुक्तानी गरी छुट लिने व्यवस्था मिलाउनुपर्दछ ।

१३८ **क्यालेन्डर छपाई कार्य -** सार्वजनिक खर्चमा मितव्ययिता कायम गर्ने सम्बन्धि मापदण्ड,२०७८ को दफा ६(२) बमोजिम सुचना तथा प्रसारण विभाग बाहेक अन्य सरकारी निकायले क्यालेन्डर र डायरी छपाई गर्न पाउने छैन ।तर पालिकाले १००० थान क्यालेन्डर रु.१४१२५०। मा खरिद गरेको छ ।धेरै संख्यामा क्यालेन्डर खरिद गर्नुको प्रयोजन पुष्टि हुनुपर्दछ ।मापदण्ड विपरीत क्यालेन्डरमा गरेको खर्च रु. १४१२५०। खरिद कार्य नियमसम्मत देखिएन ।यसमा नियन्त्रण हुनुपर्दछ ।

१३९ **अन्य कार्यालयको खर्च -** स्थानीय सरकार सञ्चालन ऐन, २०७४ को दफा ७६ वितरणमुखी खर्चलाई नियन्त्रण गर्दै संघ तथा प्रदेश सरकारबाट प्राप्त रकमलाई स्थानीय पूर्वाधार विकास तथा दीर्घकालीन पुजी निर्माण हुने कार्यमा खर्च गर्नुपर्दछ ।नमुना परीक्षणको रुपमा स्थानीय तहले यो वर्ष विभिन्न कार्यालयको कार्यालय व्यवस्थापन खर्चका लागि रु.४४४०७३। भुक्तानी गरेको छ ।पालिकाले आफ्नो कार्य क्षेत्र भन्दा बाहिरको कार्यालय तथा संघ संस्थाको लागि बजेट विनियोजन गरी गरिएको निम्नानुसार खर्च मितव्ययी र बजेट प्रभावकारी भएको देखिएन ।पालिकामा यस्तो प्रकृतिको खर्चले थप व्ययभार बढदै जाने देखिन्छ ।यस्तो प्रकृतिको खर्चमा नियन्त्रण हुनुपर्दछ ।

| क्र सं | कार्यालय वा संस्थाको नाम | कामको प्रकृति | भुक्तानी रकम |
|---|---|---|---|
| १ | जिल्ला प्रशासन कार्यालय | तलब भत्ता | १२०००० |
| २ | मालपोत कार्यालय पर्सा | श्रेस्ता बाइन्डिंग गर्न | १९७८६३ |
| ३ | नेपाल शिक्षक संघ | विविध खर्च | १२६२१० |
| | जम्मा | | ४४४०७३ |

१४० **जिल्ला दररेट भन्दा बढीमा बिउँ खरिद -** जिल्ला दररेट भन्दा बढीमा बिउँ खरिदः सार्वजनिक खरिद ऐन,२०६३ को दफा ५ बमोजिम रु. १ लाख भन्दा बढीको खरिद कार्य गर्दा लागत अनुमान तयार गरी खरिद गर्नुपर्दछ ।पालिकाले जै र बर्षिम घाँसकोको बिउँ खरिदको लागि यु एन जी एग्रो फर्मलाई रु. १,९०,५००। भुक्तानी गरेकोमा सो कार्यको लागि लागत अनुमान तयार नगरी खरिद

कार्य गरेको देखियो ।पर्सा जिल्लाको दररेट भन्दा बढीमा बिउँ खरिद गरेको छ । खरिद ऐन अनुसार लागत अनुमान तयार गरी खरिद कार्य गर्नुपर्दछ ।साथै जिल्ला दररेट भन्दा बढीमा खरिद गरेकोले पालिकाले रु.४२४५०। बढी व्यभार परेको रु.

| क्र सं | बिउँ | परिणाम (के.जी) | जिल्ला दररेट (प्रति के.जी) | खरिद दर (प्रति के.जी) | बढी दर | बढी रकम |
|---|---|---|---|---|---|---|
| १ | जैं घास | १२०० | ८४ | ११५ | ३१ | ३७२०० |
| २ | वर्षिम | १५० | ३१५ | ३५० | ३५ | ५२५० |
| | जम्मा | | | | | ४२४५० |

| | |
|---|---|
| अनियमित भएको | ४२,४५० |

१४१ **गत वर्षको भुक्तानी -** आर्थिक कार्यविधि तथा वित्तीय उत्तरदायित्व नियमावली, २०७७ को ३९ (१३) मा चालु वर्षमा भुक्तानी हुन नसकेको रकम आगामी वर्षमा भुक्तानी दिने गरी महालेखापरीक्षकबाट स्वीकृत ढाँचामा भुक्तानी दिन बाँकीकी विवरण तयार गरी आर्थिक वर्ष समाप्त भएको सात दिनभित्र कोष तथा लेखा नियन्त्रक कार्यालयबाट प्रमाणित गराइ राख्नुपर्ने व्यवस्था छ ।पालिकाले गत वर्षको बिल भरभाइको आधारमा रु.५ लाख ५८ हजार भुक्तानी गरेकोमा नियमावलीको व्यवस्था बमोजिमको आन्तरिक लेखापरीक्षकबाट भुक्तानी दिन बाँकीको बिबरण तयार गरेको छैन ।गाउँसभाबाट भुक्तानी दिन बाँकीको विवरण भनि शीर्षकगत बजेट नराखि एकमुष्ट गत वर्षको भुक्तानी बाँकी भनि बजेट विनियोजन गरेको देखियो । नियमावलीमा भएको व्यवस्थाअनुसार गत वर्षको भुक्तानी हुनुपर्दछ । गत वर्षको भुक्तानी दिन बाँकीले चालु आर्थिक वर्षको विकास निर्माण तथा कार्यक्रममा असर पर्ने भएकोले पालिकाले सम्बन्धित वर्षको खर्च उक्त वर्षमा समयमा नै भुक्तानी गरी चालु आर्थिक वर्षमा विकास निर्माण कार्यलाई प्रभावकारी बनाउनुपर्दछ ।

१४२ **श्रेस्ता पेश नभएको -** आर्थिक कार्यविधि तथा वित्तीय उत्तरदायित्व नियमावली,२०७७ बमोजिम सरकारी खर्चको श्रेस्ता तयार गरी लेखा राख्नुपर्ने व्यवस्था छ । पालिकाले देहायको खर्च लेखेकोमा लेखापरीक्षणको क्रममा रु.८७७२९८३। को श्रेस्ता पेश भएन ।बाँकी श्रेस्ता सम्बन्धमा तहाँ कार्यालयबाट यकीन गरी श्रेस्ताहरु फाइलमा सिलसिलेबर रुपमा व्यवस्थित तरिकाले अभिलेख राख्नुपर्दछ । नियमावलीमा भएको व्यवस्था अनुसार श्रेस्ता पेश हुनुपर्ने रु

| गो भौ नं मिति | भुक्तानी पाउने | खर्च रकम |
|---|---|---|
| ८-२०७९।५।१५ | सन्देश कुमार यादव | ३७,९८५ |
| ३९-२०७९।६।१२ | राजकुमार प्रसाद महतो | १,५६ ,२४२ |
| ९३-२०७९।७।४ | नव नेपाल मिडिया नेटवर्क प्रा.लि. | ४,८८ ,१६० |
| ९८-२०७९।७।४ | समय ट्रेड सप्लायर्स | ४,७२ ,२९८ |

| | | |
|---|---|---|
| १०५-२०७९।७।४ | शिवदुलारी सप्लायर्स प्रा. लि. | २, ४५ , ५०३ |
| १२७-२०७९।७।२५ | दिल्ली ट्रेडिङ्ग | २, ८४ , ७६० |
| १४१-२०७९।८।२ | दृष्टि ईन्जिनियरिङग् प्रा.लि. | ४, ९२ , ६८० |
| १४५-२०७९।८।१७ | सन्देश कुमार यादव | ५६,८८० |
| २१६-२०७९।९।१२ | जय नेपाल फर्निचर उद्योग | ९३,२२५ |
| २१७-२०७९।९।१२ | हंस सन्त सप्लायर्स | ६१,०२० |
| ३१७-२०७९।१०।६ | रामसेवक राउत अहिर | १४,१५३ |
| ३२३-२०७९।१०।१० | नेपाल विधुत प्राधिकरण | १, ५९ , ६६७.८९ |
| ३३९-२०७९।१०।१५ | नारायणी ल फर्म | ८०,००० |
| ३४१-२०७९।१०।१६ | नेपाल विधुत प्राधिकरण | ७७,०४५ |
| ३५६-२०७९।१०।२३ | श्रीराम जानकी आयल सेन्टर | ८, ५७ , ६५५ |
| ४३७-२०७९।१२।७ | पि.एस. मल्टीप्रपोज प्रा.लि. | ३, ५० , ००० |
| ४४५-२०७९।१२।८ | अमय कुमार दास | १, ६० , ००० |
| ४९६-२०८०।१।५ | जय गादीमाई ईन्टरप्राइजेज | २७,७५० |
| ५५२-२०८०।२।४ | कम्फर्ट होस्टेल प्रा. लि. | ६४,८०० |
| ५६५-२०८०।२।१४ | ईन्टरनेशनल मन्टेश्वरी ट्रेनिङ्ग सेन्टर प्रा.लि. | ९१,३५० |
| ५९३-२०८०।२।३१ | कामेश्वर प्रसाद कलवार | ३४,९२० |
| ६४५-२०८०।३।२० | ॐ निर्माण सेवा | २, ८९ , १९० |
| ६६०-२०८०।३।२० | युनाइटेड इन्जिनियरिङग कन्सल्टेन्सी | ४, ९७ , ७६५ |
| ६६५-२०८०।३।२१ | सन्देश कुमार यादव | १, ५६ , २५६ |
| ६७२-२०८०।३।२२ | कट्टी रकम दाखिला | ९, ०० , १२४.६० |
| ६८१-२०८०।३।२३ | निर्मल कुमार सिंह | २९,५०० |
| ६९०-२०८०।३।२३ | विधुत उपभोक्ता समिति गादी | १, १७ , ५२२ |
| ७०२-२०८०।३।२४ | प्रमोद सिलवाल | ८७,४६६ |
| | मोहन दास | ६५,५६७ |
| | सोलेन्द्र पंजियार | ८०,१४१ |
| ७१६-२०८०।३।२४ | चिन्ता देवी | ९,६०० |

| | | |
|---|---|---|
| ७२३-२०८०।३।२४ | गादीमाई पोली किल्निक | १,८५ ,५२० |
| ७२५-२०८०।३।२४ | समय ट्रेड सप्लायर्स | १,८० ,८०० |
| ७२६-२०८०।३।२४ | डाइनामीक टेक्नोसफ्ट प्रा.लि. | ९२,४३८ |
| ७४१-२०८०।३।३१ | रामेश्वर राउत अहिर | ३,०० ,००० |
| ७४५-२०८०।३।३१ | श्यामसुन्दर चौधरी थारु | ७५,००० |
| ७४७-२०८०।३।३१ | निर्मल कुमार सिंह | १,०० ,००० |
| ७४९-२०८०।३।३१ | निर्मल कुमार सिंह | १,०० ,००० |
| ७५१-२०८०।३।३१ | रमेश चौधरी | २,०० ,००० |
| ७५७-२०८०।३।३१ | पशु प्राविधिक कृष्ण थापा | ५०,००० |
| ७५८-२०८०।३।३१ | खा.प.स.टे.राम बाबु राय | ७,०० ,००० |
| ७६०-२०८०।३।३१ | गोबिन्द भैया थारु | २००००० |
| ७६१-२०८०।३।३१ | गोबिन्द भैया थारु | ५०००० |
| | जम्मा | ८७७२९८३ |

| | |
|---|---|
| प्रमाण पेश नगरेको | ८७,७२,९८३.४९ |

१४३ **भाडामा लिएको/ दिएको सम्पत्तिको अभिलेख किताब -** भाडामा प्रयोग भएका सामानहरुको आय व्ययको नियन्त्रण र अभिलेख राख्न मलेप फारम नं ४१६ को ढाँचामा अभिलेख किताब राख्नुपर्ने व्यवस्था छ ।पालिकाले विभिन्न प्रयोजनको लागि घर भाडा वापत रु.७ लाख ७८ हजार र कार्यालय प्रयोजनको लागि गाडी भाडा वापत रु.१७ लाख ९५ हजार गरी जम्मा रु.२७ लाख ७३ हजार खर्च गरेको छ ।पालिकाले सम्पत्ति अभिलेख किताब नराखेकोले भाडामा भएको खर्च रकम नियन्त्रण भएको देखिएन ।सार्वजनिक खरिद नियमावली,२०६४ को नियम ९४ बमोजिम घर भाडा लिने सम्बन्धि विभिन्न कानूनी व्यवस्था भएकोमा गाउँपालिकाले घर भाडा लिदा तोकिएका प्रक्रियाहरु अबलम्बन गरेको देखिएन । स्वीकृत मलेप फारम प्रयोग गरी भाडामा भएको खर्चको नियन्त्रण तथा व्यवस्थित अभिलेख राख्नुपर्ने तथा खरिद नियमावलीमा तोकिएको प्रक्रिया अपनाई खरिद कार्य गर्नुपर्दछ ।

**घरभाडा-** पालिकाले यो वर्ष कार्यालय प्रयोजनको लागि भनी घरभाडा शिर्षकमा रु.७ लाख ७८ हजार खर्च लेखेको देखिन्छ । घरभाडाको दर निर्धारण गर्दा दर रेट निर्धारण समितिबाट नगरेको तथा कुनै वैज्ञानिक आधार पनि लिएको देखिदैंन ।घरभाडाको दर कायम गर्दा दर निर्धारण

समितिबाट दर कायम गरेर मात्र सम्झौता गरी खर्च गर्नुपर्दछ ।

## १४४ मर्मत खर्च

१४४.१ **मर्मत खर्च -** सरकारी निकायले स्थायी सम्पत्तिको मर्मत सम्भार गर्दा म.ले.प. फारम नं ४१५ अनुसारको ढाँचामा मर्मत संभार अभिलेख खाता राख्नु पर्ने व्यवस्था छ ।पालिकाबाट पेश भएको विवरणको आधारमा पालिकाले १ थान स्कारपियो, १ थान ट्र्याक्टर, १ थान जे सि बि, १ थान सेफ्टी टयांकी, २७ थान मोटरसाइकल गरी जम्मा ३१ थान सवारी साधन तथा मेशिनरी औजारमा वर्षभरीमा सवारी साधन मर्मत शीर्षकबाट रु.२० लाख ९९ हजार र मेशिनरी तथा औजार मर्मत सम्भार तथा संचालन खर्च शीर्षकबाट रु.७ लाख ८० हजार गरी जम्मा रु.२८ लाख ७९ हजार मर्मत खर्च गरेकोमा मर्मत अभिलेख राखेको पाइएन । अभिलेख नराखेकोले एउटै सामान बारम्बार मर्मत हुनाले एउटै सामान फेरिएको बिल पेश हुने भएकोले बढी रकम खर्च भएको हुन सक्छ ।मर्मत अभिलेख नरहेकोले कुन सवारी साधनमा वर्षभरिमा के कति मर्मत खर्च भएको सो सम्बन्धमा आश्वस्त हुन सकिएन । पालिकाले मर्मत कार्यमा उपरोक्त खर्च गर्दा खरिद नियमावली,२०६४ बमोजिम खरिद प्रक्रिया नअपनाई सोझै खरिद गरेको छ ।पेश भएको कतिपय मर्मतको बिलमा सवारी साधन नम्बर उल्लेख नभएकोले कार्यालयकै सवारी साधनको बिलको रकम भुक्तानी भएको सम्बन्धमा यकीन हुन सकिएन ।पालिकाले कतिपय कार्यालयसँग असम्बन्धित सवारी साधनको पनि मर्मतबिल भुक्तानी गरेको देखियो ।मर्मतको लागि कर्मचारीहरु पेश्की समेत गरेको देखियो ।कतिपय मर्मतको बिलमा आपुर्तिकर्ताको बिलमा सहि र छाप रहेको देखिएन ।मर्मतको भुक्तानी सोझै पार्टीलाई भुक्तानी हुनुपर्नेमा दुइ पांग्रेको मर्मतको बिल पार्टिलाई भुक्तानी हुनुपर्नेमा कर्मचारी मार्फत हुन गरेको देखियो ।यसले खर्चको भुक्तानीमा पारदर्शिता देखिएन । यस सम्बन्धमा तहाँ कार्यालयबाट थप विश्लेषण गरी यकीन हुनुपर्ने देखिएको छ । मर्मत कार्य प्रतिस्पर्धा मार्फत गराई मितव्ययी तरिकाले खरिद गरी तोकिएको मलेप फारम प्रयोग गरी मर्मत कार्यलाई व्यवस्थित बनाउनु पर्छ । खर्चमा मितव्ययिता कायम गर्नेतर्फ पालिकाले ध्यान दिनुपर्दछ । मर्मत आवेदन र मर्मत अभिलेख नरहेको केहि खर्चको भुक्तानी निम्न छनः

| गो भौ नं मिति | भुक्तानी पाउने | सवारी नम्बर | मर्मतमा खर्च रकम |
|---|---|---|---|
| १५-२०७९।५।३० | नागेन्द्र दास थारु | सवारी नं १६६४ | ९५४२८ |
| १२४-२०७९।७।२४ | अजहरुदीन अटो सप्लायर्स | सवारी नं १६६४ | २, ६३ , १७७ |
| ४२८-२०७९।१२।२ | नेपाल टाईम सेन्टर | प्रमुख प्रशासकीय अधिकृत र गापा अध्यक्ष मोबाइल मर्मत | ३९,८५० |
| ४३८-२०७९।१२।८ | द बाइक हव एण्ड बुलेट रिपेयरिङ्ग सेन्टर | सवारी नम्बर उल्लेख नभएको | १०४८०० |

| | | | |
|---|---|---|---|
| ५५३-२०८०।२।५ | नागेन्द्र दास थारु | सवारी नं १६६४ | ३७,९७० |
| ६१३-२०८०।३।१० | द बाइक हव एण्ड बुलेट रिपेयरिङ्ग सेन्टर | सवारी नम्बर उल्लेख नभएको | १, ३५ , ५५५ |
| ६१८-२०८०।३।१३ | एम.ए.डब्ल्यू.अर्थ मुभर्स प्रा.लि. | | २, ४४ , ८७१ |
| ६५४-२०८०।३।२० | डायनामिक इन्टरप्राइजेज | | ९८३९७ |

१४४.२ **कार/जीप र मोटरसाइकलको मर्मत खर्चः** संघीय मामिला तथा सामान्य प्रशासन मन्त्रालयले नमुना कानून पठाइएको सम्बन्धमा गाउँपालिका/नगरपालिकाको कार्यसंचालन निर्देशिका,२०७७ बमोजिम पालिकाले निर्देशिका तयार गर्नुपर्नेमा तयार नगरेको तथा उक्त निर्देशिका बमोजिम कार/जीपको वार्षिक रु.५० हजार र स्कुटि/मोटरसाइकलको लागि वार्षिक रु.१० हजार नबढने गरी मर्मत खर्च उपलब्ध गराउनुपर्नेमा पालिकाले पालिकाको एउटा चारपांग्रेको लागि रु.४ लाख भन्दा बढी र मोटरसाइकलको लागि वार्षिक रु.४५ हजार सम्म खर्च उपल्बध गराएको देखियो । पालिकाले निर्देशिका तयार गरी उक्त कानूनअनुसार चारपांग्रेर मोटरसाइकल/स्कुटिको मर्मत खर्च उपलब्ध गराउनुपर्दछ । त्यस्तै खर्चको रकम सोझै आपूर्तिकर्तालाई भुक्तानी दिनुपर्नेमा कर्मचारी मार्फत भुक्तानी हुने गरेको देखियो । बिलको रकम सोझै आपूर्तिकर्तालाई भुक्तानी हुने व्यवस्था गर्नुपर्दछ ।

१४४.३ पालिका र वडा तर्फ मर्मत खर्च लेख्दा PAMS बाट मर्मत आवेदन फारमको आधारमा मर्मत अभिलेख खातामा मर्मत गरीएका सामानहरु प्रबिष्ट गरी मात्र खर्च लेख्नुपर्नेमा PAMS मा प्रविष्ट नगरेको तथा मर्मत अभिलेख खाता राखि खर्च लेखेको देखिएन ।PAMS बाट मर्मत आवेदन फारमको अभिलेख र अभिलेखखाता व्यवस्थित गरेर मात्र मर्मत खर्च लेख्नुपर्ने तथा खर्चको व्यवस्थित अभिलेख राख्नुपर्दछ ।

१४४.४ **कार्यालय प्रमुखको मोबाइल मर्मत -** १४-२०७९।५।३०, ४२८-२०७९।१२।२ स्थानीय सरकार संचालन ऐन २०७४ को दफा ७३(६) मा प्रमुख प्रशासकिय अधिकृतले स्वीकृत बजेट खर्च गर्दा नियमितता, मितव्ययिता, कार्यदक्षता, प्रभावकारीता र औचित्य कायम गर्न आवश्यक व्यवस्था मिलाउनु पर्ने व्यवस्था छ । पालिकाले प्रमुख प्रशासकीय अधिकृत सन्देश कुमार यादवको मोबाइल मर्मतको लागि रु.५३७००। र रु.१९९५० गरी रु.७३६५०। भुक्तानी गरेको छ ।उक्त रकममा नयाँ मोबाइल खरिद गर्न सक्ने अवस्थामा मर्मतमा उक्त रकम खर्च गर्नु मितव्ययी देखिएन ।मर्मतको सक्कल बिल समेत पेश भएको देखिएन ।मर्मत गर्नु भन्दा अगाडि मर्मत आवेदन दिई मर्मत पश्चात मर्मत अभिलेख राख्नुपर्नेमा सो प्रक्रिया नपुर्याई मर्मत खर्च भुक्तानी गरेको छ । मर्मतमा भएको

खर्च मितव्ययी नदेखिएको तथा सो खर्चको सक्कल बिल पेश हुनुपर्ने रु.

| | |
|---|---|
| प्रमाण पेश नगरेको | ५३,७०० |

१४५ **घर भाडा** - संघीय मामिला तथा सामान्य प्रशासन मन्त्रालयले नमुना कानून पठाइएको सम्बन्धमा गाउँपालिका/नगरपालिकाको कार्यसंचालन निर्देशिका,२०७७ बमोजिम पालिकाले निर्देशिका तयार गर्नुपर्नेमा तयार नगरेको तथा उक्त निर्देशिका बमोजिम घर भाडा लिंदा कार्यपालिकाको निर्णयको आधारमा घर भाडा लिनुपर्दछ ।पालिकाले देहायको घर धनिको घर भाडामा लिदा कार्यपालिका निर्णयको आधारमा घर भाडा लिएको देखिएन ।पालिकाले निर्देशिका तयार गरी उक्त कानूनअनुसार घर भाडा लिनुपर्दछ ।

| क सं | घर धनि | खर्च रकम |
|---|---|---|
| १ | तरीफन नेसा | ९२४०० |
| २ | कुवरी थरुनी | ३१४१६० |
| ३ | अभिषेक चौधरी | १८४००० |
| ४ | शिवजन्म प्रसाद | ६९००० |
| ५ | हरिदेव प्रसाद दास | ४२००० |
| ६ | ब्रहमनारायण प्रसाद दास | ७७००० |
| | जम्मा | ७७८५६० |

१४६ **कर्मचारीलाई भुक्तानी** - नेपाल सरकार अर्थ मन्त्रालयको बजेट कार्यान्वयन सम्वन्धी मार्गदर्शनको निर्देशन नं ४५ मा सवै प्रकारका कारोवारको भुक्तानी दिदा अनिवार्य रुपमा बैंक मार्फत भुक्तानी दिनुपर्ने व्यवस्था छ।नमुना परीक्षणको रुपमा पालिकाले यस वर्ष देहायको खर्चको भुक्तानी दिदा सम्बन्धित सप्लायर्सको वैंक खातामा भुक्तानी नदिई विभिन्न कर्मचारीलाई नगद भुक्तानी दिएको छ। कर्मचारीलाई नगद शोधभर्ना दिदा सम्वन्धितले पाएको सुनिस्चित हुन नसक्ने तथा पारदर्शिता समेत देखिएन। सार्वजनिक खर्चको भुक्तानी दिदा सम्वन्धित व्यक्ति, फर्म वा सप्लायर्सको वैंक खातामा भुक्तानी दिने व्यवस्था कार्यान्वयन गर्नुपर्दछ।केहि उदाहरण निम्न छनः

| कर्मचारीको नाम | प्रयोजन | रकम |
|---|---|---|
| नागनेद्र दास थारु | मर्मत, इन्धन र खाजा | ३५३०९३ |
| कामेश्वर प्रसाद कलवार | मर्मत | ९९८५४ |
| शम्भु प्रसाद साह तेली | मर्मत र संचार | २०८७० |
| | | |

| | | |
|---|---|---|
| गोबिन्द भैया थारु | | |
| राजकुमार प्रसाद महतो | खाजा खर्च | २५४४२ |
| रामेश्वर राउत अहिर | खाजा खर्च | १३,६५० |
| निर्मल कुमार सिंह | खाजा खर्च | ३११०६ |

**१४७ तालिम तथा कार्यक्रम**

**१४७.१ नर्म्सभन्दा बढी सहभागीलाई मसलन्द खर्च -** अर्थ मन्त्रालयको कार्यसंचालन निर्देशिका अनुसार तालिम जस्ता कार्यक्रममा सहभागीको मसलन्द खर्च बापत प्रति व्यक्ति रु.७५। खर्च लेख्न सकिने व्यवस्था छ । पालिकाले देहायको कर्मचारीलाई स्टेशनरी खर्च वापत बढी भुक्तानी गरेको छ । निर्देशिकामा उल्लेख भए भन्दा बढी रु.१२९०३। मसलन्द खर्च लेखेकाले उपरोक्तको संस्थाबाट असुल गरी स्थानीय संचित कोषमा दाखिला गर्नुपर्ने रु.

| | |
|---|---|
| असुल गर्नुपर्ने | १२,९०३ |

**(विस्तृत विवरण बेरूजु दफा १४७.१ सँग सम्बन्धित अनुसूचीमा संलग्न छ ।)**

**१४७.२ संयोजक भत्ता -** अर्थमन्त्रालयको कार्यसंचाल निर्देशिका,२०७७ बमोजिम कार्यक्रममा संयोजकलाई तालिम तथा कार्यक्रममा प्रति दिन रु.३००। खर्च लेख्न सकिने व्यवस्था छ ।नमुना परीक्षणको रुपमा निम्न बमोजिम कार्यक्रम संचालन गरिएकोमा कार्यविधिमामा उल्लेख भए भन्दा बढी संयोजक भत्तामा खर्च लेखेकाले भुक्तानी लिने सम्बन्धितबाट कर कट्टी पश्चात रु.१९२१०।असुल गरी स्थानीय संचित कोषमा दाखिला गर्नुपर्ने रु

| | |
|---|---|
| असुल गर्नुपर्ने | १९,२१० |

**(विस्तृत विवरण बेरूजु दफा १४७.२ सँग सम्बन्धित अनुसूचीमा संलग्न छ ।)**

**१४७.३ प्रशिक्षक भत्ता -** अर्थमन्त्रालयको कार्यसंचाल निर्देशिका,२०७७ बमोजिम कार्यक्रममा प्रशिक्षकलाई तालिम तथा कार्यक्रममा कार्यपत्रको रु७०० र कक्षा संचालनको रु६००। गरी प्रति कक्षा रु.१३००। खर्च लेख्न सकिने व्यवस्था छ ।नमुना परीक्षणको रुपमा निम्न बमोजिम तालिम लगायतका कार्यक्रम संचालन गरिएकोमा कार्यविधिमामा उल्लेख भए भन्दा बढी प्रशिक्षक खर्च लेखेकाले भुक्तानी लिने सम्बन्धितबाट कर कट्टी पश्चात रु.६५०१।असुल गरी स्थानीय संचित कोषमा दाखिला गर्नुपर्ने रु

| | |
|---|---|
| असुल गर्नुपर्ने | ६,५०१ |

**(विस्तृत विवरण बेरूजु दफा १४७.३ सँग सम्बन्धित अनुसूचीमा संलग्न छ ।)**

१४७.४ **प्रतिवेदन तयारी खर्च - (७४८-२०८०-३-३१)** अर्थमन्त्रालयको कार्य संचालन निर्देशिका,२०७७ बमोजिम प्रतिवेदन तयार वापत १ दिन कार्यक्रम रु.१०००। र १ दिन भन्दा बढीको अवधिको प्रति दिन रु.५००। थप को एउटा कार्यक्रममा बढीमा रु.३०००। प्रतिवेदन वापत पारीश्रमिक पाउने व्यवस्था छ ।नमुना परीक्षणको रुपमा कृ अ सोनम चौधरीलाई व्यक्तिगत घटना अनलाईन दर्ता तालिमको रकम भुक्तानी गरेकोमा ३ दिनको कार्यक्रमको प्रतिवेदन वापत रु.२०००। भुक्तानी हुनुपर्नेमा रु.५०००। भुक्तानी भएको छ । बढी भुक्तानी भएको रकम रु.३०००। निजबाट असूल हुनुपर्ने रु

| | |
|---|---|
| असुल गर्नुपर्ने | ३,००० |

१४७.५ **सामग्री खरिद -** तालिम तथा कार्यक्रममा तालिम तथा कार्यक्रम संचालनको सामग्री खरिदको लागि भुक्तानी भएको रकम तालिम तथा कार्यक्रम सम्पन्न पश्चात पालिकामा फिर्ता भई दाखिला हुनुपर्दछ ।पालिकाले विभिन्न कार्यक्रम तथा तालिममा संस्थाले सामग्री खरिद गरी खर्च गरेकोमा सो तालिम तथा कार्यक्रममा सम्पन्न भए पश्चात सामग्रीहरु पालिकामा फिर्ता भएको देखिएन ।पालिकाले थप विश्लेषण गरी सो सामग्री फिर्ता गरेको नभए सो सामग्री पालिकामा फिर्ता ल्याउनेतर्फ पहल गर्नुपर्दछ।

**यातायात खर्च -** संघीय मामिला तथा सामान्य प्रशासन मन्त्रालयले नमुना कानून पठाइएको सम्बन्धमा गाउँपालिका/नगरपालिकाको कार्यसंचालन निर्देशिका,२०७७ दफा १४(छ) बमोजिम ५ कि मि नजिकको यातायात खर्च पाउने व्यवस्था छ ।नमुना परीक्षणको रुपमा परीक्षण गरिएको कार्यक्रममा वडामा उल्लेखित दुरी भन्दा कम तथा सहभागिको बासस्थान भएकै ठाउँमा कार्यक्रम संचालन भएको तालिममा यातायात खर्च भुक्तानी गरेको छ ।पालिकाले यस्तो खर्चमा दुरी यकीन गरी यातायात खर्च भुक्तानी गर्नुपर्दछ ।

**अनुगमन प्रतिवेदन -** स्थानीय सरकार संचालन ऐन, २०७४ बमोजिम पालिका भित्र संचालित कार्यक्रमको अनुगमन अनुगमन समितिले अनुगमन गरी प्रतिवेदन पेश हुनुपर्दछ ।पालिका भित्र संचालित कुनै पनि तालिम तथा कार्यक्रमको अनुगमन समितिले गरेको देखिएन ।अनुगमन गरी प्रतिवेदन पेश नभएकोले संचालित तालिम तथा कार्यक्रमको प्रभावकारीता सम्बन्धमा आश्वस्त हुन सकिएन ।पालिकाले ऐनमा भएको व्यवस्थाअनुसार अनुगमन समितिबाट तालिम तथा कार्यक्रमको अनुगमन हुनुपर्ने व्यवस्था मिलाउनुपर्दछ ।

१४८ **कम कर कट्टी भएको -** कम कर कट्टी भएकोः आयकर ऐन, २०५८ अनुसार सामान भाडामा १०, अग्रिम करमा १.५ प्रतिशत, र सेवा शुल्कमा १५ प्रतिशत कर लाग्ने व्यस्था छ । पालिकाले देहायको विभिन्न शीर्षकमा कर कट्टी गरी दाखिला गरेको देखिएन । पालिकाक अधिकांश पेश्की फस्यौंटमा नियमानुसार हुने कर कट्टी रकम दाखिला गरेको देखिएन ।बाँकी सम्बन्धमा तहाँ कार्यालयबाट यकीन हुनुपर्दछ । कम कर कट्टी तथा कट्टी नभएको रकम रु.१४३१७१। सम्बन्धितबाट असुल गरी आन्तरिक राजस्व कार्यालयमा दाखिला गरेको प्रमाण पेश हुनुपर्ने रु

| | |
|---|---|
| प्रमाण पेश नगरेको | १,४३,१७१ |

**(विस्तृत विवरण बेरूजु दफा १४८ सँग सम्बन्धित अनुसूचीमा संलग्न छ ।)**

१४९ **मूल्य अभिवृद्धि कर कट्टी -** आर्थिक ऐन, २०७६ ले गरेको व्यवस्था अनुसार सरकारी कार्यालयले २०७८।२। १६ देखिको ठेक्का वा करार अन्तर्गतको भुक्तानीमा मू. अ. कर रकमको ३० प्रतिशत सम्बन्धीत राजस्व शीर्षकमा र बाँकी ७० प्रतिशत सम्बन्धीत फर्मलाई भुक्तानी दिनुपर्ने उल्लेख छ । तर पालिकाले नमुना परीक्षणको रुपमा देहायको भुक्तानीमा नियमानुसार ३० प्रतिशत रकम रु.९६९४८। कट्टी नगरी फर्मलाई मु.अ.कर भुक्तानी दिएको देखिन्छ । यसरी कट्टि गर्नुपर्ने रकम नगरेकोले सम्बन्धीत आन्तरिक राजस्व कार्यालयबाट कर समायोजनको प्रमाण पेश हुनुपर्ने रु

| गो भौ नं मिति | संस्थाको नाम | खर्च रकम | मु अ कर रकम | ३० प्रतिशत रकम |
|---|---|---|---|---|
| ८२-२०७९।७।२ | स्पीड नेटवर्क | १२२०४० | १४०४० | ४२१२ |
| ३३७-२०७९।१०।१५ | | १२२०४० | १४०४० | ४२१२ |
| ५४९-२०८०।२।४ | | १२२०४० | १४०४० | ४२१२ |
| ५९७-२०८०।३।१ | ए.वन.टेलिभिजन नेटवर्क प्रा.लि | २९७३४५ | ३४२०८ | १०२६२ |
| ३४०-२०७९।१०।१५ | चित्रांश मल्टि सपोर्ट कन्सल्टेन्सी प्रा.लि. | ४८५००० | ५५७९६ | १६७३९ |
| ३३०-२०७९।१०।१३ | सुनरस कन्सल्टेन्सी एण्ड ट्रेडर्स प्रा.लि. | ४९७७६५ | ५७२६५ | १७१८० |
| ३७३-२०७९।११।११ | जुपिटर टेक्नोलोजी प्रा.लि. | ४९०४२० | ५६४२० | १६९२६ |
| ७३१-२०८०।३।२४ | जुपिटर टेक्नोलोजी प्रा.लि. | ३४४६५० | ३९६५० | ११८९५ |
| ७३३-२०८०।३।२४ | सिटिजन इन्फोटेक प्रा.लि. | ३२७७०० | ३७७०० | ११३१० |
| | जम्मा | | | ९६९४८ |

| प्रमाण पेश नगरेको | ९६,९४८ |
|---|---|

१५० **बैंकको प्रतिवेदन -** सामाजिक सुरक्षा भत्ता वितरण कार्यविधि,२०७७को दफा १८ बमोजिम स्थानीय तहले भत्ता वापत निकासा प्राप्त भएको रकम आर्थिक वर्ष समाप्त हुनुभन्दा कम्तीमा सात दिन अगावै वितरण कार्य सम्पन्न गरी आर्थिक कारोबार बन्द गर्नु पर्नेछ।सोही दफाको उपदफा (२) बमोजिम आर्थिक कारोवार बन्द गरेपछि प्रचलीत कानून बमोजिम निकासा र खर्चको लेखा अद्यावधिकसँगको हिसाब मिलान गरी बाँकी रहेको रकम कोष तथा लेखा नियन्त्रक कार्यालयमा फिर्ता गर्नु पर्नेछ।लेखापरीक्षणको क्रममा पालिकाले माग गरिएअनुसार वितरणको बैंक स्टेटमेन्ट र फिर्ता रकम दाखिला भएको प्रमाण पेश गरेको छैन।पालिकाको अनुसार बैंकले उपलब्ध गराएको देहायवमोजिमको निकासा र वितरण रकमको बैंक स्टेटमन्ट माग गरी निष्क्रिय खातामा रहेको रकम,लगत कट्टा र बैकले फिर्ता गर्नुपर्ने रकमसहित भिडान गर्नुपर्दछ।बैंकको पत्र अनुसार फिर्ता गर्न बाँकी रकम रु.२०३,०१८/ संघीय संचित कोषमा फिर्ता गर्नुपर्ने रु.

| किस्ता | निकासा रकम | वितरण रकम | बाँकी रकम(फिर्ता भएको) | कैफियत |
|---|---|---|---|---|
| पहिलो | १८५४६७१४ | १८३६१०५२ | १८५६६२ | फिर्ता भएको |
| दोस्रो | १८९०६९५५ | १८७६५६५० | १४१३०५ | फिर्ता भएको |
| तेस्रो | १८८५८५९९ | १८७३८८८६ | ११९७१३ | फिर्ताको भौचर पेश नभएको |
| चौथौ | १९४७१६९९ | १९३८८३९४ | ८३३०५ | फिर्ताको भौचर पेश नभएको |
| | ७५७८३९६७ | ७५२५३९८२ | ५२९९८५ | |

| प्रमाण पेश नगरेको | २,०३,०१८ |
|---|---|

१५१ **पारदर्शिता -** सामाजिक सुरक्षा भत्ता वितरण कार्यविधि, २०७७ को दफा ३२ बमोजिम स्थानीय तहले लाग्राहीको नाम दर्ता तथा नवीकरण प्रकृया, भत्ताको दर, प्राप्त हुने बैंक, लाभग्राहीले पूरा गर्नुपर्ने प्रकृया सम्बन्धी स्थानीय सामाजिक संघसंस्था तथा गैर सरकारी संस्थाको सहयोग लिएर अनिवार्य रुपमा प्रचार प्रसार गर्ने र सो सम्बन्धी सूचना स्थानीय एफ.एम लगायत संचार माध्यमहरुबाट प्रचार प्रसार गर्ने र भत्ता प्राप्त गर्ने लाभग्राहीहरुको नाम नामावली स्थानीयतहले आफ्नो वेभसाईटमा राख्ने व्यवस्था रहेको छ । यसवर्ष पालिकाले सो बमोजिम कार्य गरेको देखिएन।कार्यविधिमा भएको व्यवस्था कार्यान्वयन गर्नुपर्दछ।

१५२ **अनुगमन तथा निरीक्षण -** सामाजिक सुरक्षा भत्ता वितरण कार्यविधि, २०७७ को दफा २७ बमोजिम मन्त्रालय, विभाग, प्रदेश मन्त्रालय तथा पालिकाका प्रमुख वा प्रमुख प्रशासकीय अधिकृतले भत्ता वितरण कार्य प्रकृयाको निरीक्षण तथा अनुगमन गर्नुपर्ने व्यवस्था छ । सो बमोजिम पालिकाले कसैले दोहोरो हुनेगरी र सरकारी सुविधा लिने ब्यक्तीले भत्ता लिए नलिएको र निकासा रकम सदुपयोग सम्बन्धमा अनुगमन गरी प्रतिवेदन दिएको देखिएन । अनुगमन मुल्याङ्कन गरि भत्ता वितरणलाई व्यवस्थित गर्नुपर्दछ ।

१५३ **निकासा ,फर्वाड फिड र रिभर्सफिड -** सामाजिक सुरक्षा भत्ता वितरण कार्यविधि,२०७७ को दफा १४(५) बमोजिम फरवार्ड फिडको आधारमा भत्ता वितरण गरी भत्ता वितरण गरेको प्रमाण रिभर्स फिड पालिकालाई उपलब्ध गराउनु पर्ने व्यवस्था छ।बैंकले उपलब्ध गराएको पत्रको विवरण, एम आइ एस बाट सृजित हुने अनुसूची ६ (नियम २३ को उपनियम (१) सगँ सम्बन्धित) को विवरण CGAS को विवरण र रिभर्स फिडको विवरण मेल नखाएकोले के कति रकम वितरण भएको र कति बाँकी रहेको सम्बन्धमा यकीन हुन सकिएन । पालिकाले दिएको विवरण हेर्दा सामाजिक सुरक्षा भत्ता वितरणको विवरणमा देहायबमोजिम फरक परेको हुदाँ सो सम्बन्धमा पालिकाबाट एकिन हुनुपर्दछ।

| फर्वाड फिड र निकासा | अनुसुची ६बमोजिम<br>वितरण रकम | फरक रकम | रिभर्स फिड | फरक रकम |
|---|---|---|---|---|
| ७५७८३९६७ | ७४९७८२२२ | ८०५७४५ | ७४९३४२२२ | ८४९७४५ |

# अनुसूचीहरू

अनुसूची - १

## आर्थिक कारोबारको स्थिति

**आर्थिक बर्षः २०७९/८०**

**कार्यालय र स्थान :** पटेर्वा सुगौली गाउँपालिका, पर्सा

| पद | नाम | कार्यकाल सुरु मिति | कार्यकाल समाप्त मिति |
|---|---|---|---|
| कार्यालय प्रमुख | संदेश कुमार यादव | २०७८-५-१ | २०८०-३-३१ |
| लेखा प्रमुख | सोनु कुमार सोनी | २०७८-१०-१२ | हाल सम्म कार्यरत |

**बेरुजु वर्गीकरणः**

| असूल गर्नुपर्ने | अनियमित भएको | प्रमाणका कागजात पेश नभएको | जिम्मेवारी नसारेको | सोधभर्ना नलिएको | जम्मा पेश्की |
|---|---|---|---|---|---|
| १,९००,५१० | ४,५५२,१३० | ६३,२४४,४०८.०९ | ० | ० | ४,६०९,१७५ |
| | | | | **प्रारम्भिक प्रतिवेदनबाट देखिएको बेरुजू रु.** | ७४,३०६,२२३.०९ |
| | | | | **प्रारम्भिक प्रतिवेदन उपर फछ्र्यौट गरी संपरीक्षण भएको रकम रु.** | ० |
| | | | | **संपरीक्षणबाट थप भएको बेरुजू रु.** | ० |
| | | | | **लेखापरीक्षण प्रतिवेदनमा कायम बेरुजू रु.** | ७४,३०६,२२३.०९ |

**स्थानीय तह :**

| | | | |
|---|---|---|---|
| **गत बर्षको जिम्मेवारी** | | ५०९२०६६३.८१ | |
| **आम्दानी** | | **खर्च** | |
| **संघीय सरकारबाट अनुदान** | २८६२९०००० | **चालु खर्च** | २१९४२९७६३.२२ |
| **प्रदेश सरकारबाट अनुदान** | १४९४८००० | **पूँजीगत खर्च** | १६०५५१६२८ |
| **राजश्व बाँडफाँट** | ६८०३१४७४.०३ | **वित्तीय/अन्य व्यवस्था** | १४६६४८९७८.६४ |
| **आन्तरिक आय** | ८७१४४४६.७२ | | |
| **अन्य आय** | १३०३१६७१८.९४ | | |
| **कुल आय** | ५०८३००६३९.६९ | **कुल खर्च** | ५२६६३०३६९.८६ |
| **बाँकी मौज्दात** | | ३२५९०९३३.६४ | |

**बेरूजु दफा ४१ सँग सम्बन्धित विवरण - अनुसूची -२**

| पेश्कीको विवरण | पेश्की लिने ब्यक्ती फर्म वा कम्पनीको नाम | कर्मचारी भए पद | म्याद नाघेको पेश्की रकम |
|---|---|---|---|
| भैपरी आउने चालु खर्च | श्री नेपाल राष्ट्रिय माध्यमिक विद्यालय निचुटा | | २००००० |
| विद्यालय कक्षा कोठा निर्माण अनुदान (२ कोठे तथा ४ कोठे भवन) | श्री जनता आधारभुत विधालय पथरैया | | ६७५००० |
| विद्यालय कक्षा कोठा निर्माण अनुदान (२ कोठे तथा ४ कोठे भवन) | श्री जनता आधारभुत विधालय पथरैया | | ११२५००० |
| विद्यालय कक्षाकाेठा निर्माण अनुदान (२ कोठे तथा ४ कोठे भवन) | श्री जनता आधारभुत विधालय पथरैया | | ४५०००० |
| आचार/पापड/भुजीया सम्बन्धी उद्यमी महिला समूहलाई तालिम | रामेश्वर राउत अहिर | कार्यालय सहयाेगी | ५००००० |
| सस्थागत क्षमता विकासपरीक्षा | रामा शंकर प्रसाद | प्र अ | १०९१७५ |

| | | | |
|---|---|---|---|
| सञ्चालन एवम् विद्यार्थी मुल्याङ्कन | | | |
| मर्मत संभार कोष | राजकुमार प्रसाद महतो | | ३००००० |
| दिगो वन व्यवस्थापन तथा वृक्षरोपण कम्पोनेन्ट ( नीजि तथा सार्वजनिक क्षेत्रमा वृक्षरोपण) | सोनाली सिंह पटेल | वन प्राविधिक | २५०००० |
| साक्षर नेपाल अभियान सन्चालनका लागि स्थानीय तहका लागि साझेदारीमा आधारित प्राेत्साहन अनुदान | सोलेन्द्र पंजियार | | ५००००० |
| कर्मचारी तालिम खर्च | केशराज कुमार चौधरी | | ५००००० |
| जम्मा | | | ४६०९१७५ |

**बेरूजु दफा ५६ सँग सम्बन्धित विवरण - अनुसूची -३**

| गो भा न र मिति | योजनाको नाम | सामाग्री | विलमा तिरेको मु अ कर | भुक्तानी भएको मुल्य अभिवृद्धि कर | वढी भुक्तानी |
|---|---|---|---|---|---|
| २।२०८०।३।२३ | वडा न. २ को राम कुमार नेपालको घर देखी पश्चिम सडक ढलान उ . स | सिमेन्ट | ७४४११ | १०९२८२ | ४१४४० |
| “ | “ | डण्डी | ६६२२१ | ७१९९१ | ५७७० |
| “ | “ | फर्म वर्क | ० | ३७१० | ३७१० |
| ७५, ७८ | वैरिया देखी कञ्चनपुर जाने सडक ढलान उ. स | सिमेन्ट | ४२८६७ | ६१४२२ | १८५५५ |
| १३२।०८०।३।२३ | अधुरो सडक ढलान उ. स | सिमेन्ट | ५३००१ | ६९८८८ | १६८८७ |

**बेरूजु दफा ६० सँग सम्बन्धित विवरण - अनुसूची -४**

| गो भा न र मिति | योजनाको नाम | वर्ग मि. | विलमा तिरेको मु अ कर | भुक्तानी भएको मुल्य अभिवृद्धि कर | वढी भुक्तानी |
|---|---|---|---|---|---|
| | | | | प्रति व. मि | |
| २९।२०७९।१०।१६ | विश्राम टोलमा रहेको खाल्टो पुरी | ११६.८८ | ० | ५४.६ | ६३८१ |

| | | | | | |
|---|---|---|---|---|---|
| | नाला निर्माण उ. स | | | | |
| ५९।२०७९।११।१५ | निचुता मस्जिदको छत ढलान उ. स | २०३.७२ | ० | ५४.६ | १११२३ |
| ६३।२०७९।११।१६, ११३।०८०।१।६ | ने\. रा आधारभुत विद्यालय अधुरो भवन निर्माण | २०६.६७ | ० | ५४.६ | ११२८४ |
| ८०।२०७९।१२।५ | दुर्गा मन्दिर देखी पुर्व नाला निर्माण | १३३.३९ | ० | ५४.६ | ७२८३ |
| १०८।२०८०।१।६, ०७९।१२।१३ | गुहेश्वरनाथ सडक | २७०.७२ | ० | ५४.६ | १४७८१ |
| १२६।२०८०।१।२८ | भुमरीमाइमा अधुरो सामुदायिक भवन निर्माण उ. स . | ३११.५२ | ० | ५४.६ | १७००८ |
| १४३।२०८०।२।१६ | वडा न. ४ पथरैयामा वासुदेव | ३२२.५ | ० | ५४.६ | १७६०८ |
| १४७।२०८०।२।२३ | दिनेश साहको घरवाट नयन कुमारको घरसम्म मोजाक टायल तथा नाला निर्माण उ. स | ११३.५९ | ० | ५४.६ | ६२०२ |
| १४९, १४४ , २०८०।३।२० | आकवा नौरंगियाघाट निर कल्भर्ट निर्माण कार्य उ. स . | १४४.३८ | ० | ५४.६ | ७८८३ |
| १७२।२०८०।३।१३ | मनकामना टोलकको अधुरो नाला निर्माण उ. स | १६५.९६ | ० | ५४.६ | ९०२८ |
| १७४।२०८०।३।१७ | दुर्गा मन्दिर निर्माण उ. स . | १५३.१४ | ० | ५४.६ | ८३६१ |
| १८४।२०८०।३।२० | आकवा नौरगिया घाट निर कल्भर्ट निर्माण | १६२.५६ | ० | ५४.६ | ८८७५ |
| २०१।२०८०।३।२३ | | ४२८.६८ | ० | ५४.६ | २३४०५ |
| २१३।२०८०।३।२३ | वडा नं. १ र ३ चौक देखी विर समशेरको घर हुदै पुरैना कुलो सम्म नाला निर्माण उ . स | ७३६.७४ | ० | ५४.६ | ४०२२६ |
| जम्मा | | | | | १८९४४८ |

**बेरूजु दफा ६५ सँग सम्बन्धित विवरण - अनुसूची -५**

| क्र सं | गो. भा . न | कामको विवरण | परामर्शदाता | भुक्तानि रु. |
|---|---|---|---|---|
| १ | २०७९।१२।१२ | पालिका भवन निर्माण | ईकोटेक सिभिल कन्सल्टेन्ट | १९६०५५० |

| | | | | |
|---|---|---|---|---|
| २ | १४४।०८०।२।११ | वडा न. ५ मा ० . ५ मेगावाटको ग्रिड कनेक्ट सोलार परियोजनाको सम्भाव्यत अध्ययन | Highland Associates Nepal प्रा . लि | १३९७८१०।०० |

**बेरूजु दफा १२२ सँग सम्बन्धित विवरण - अनुसूची -६**

| गो भौ नं मिति | भुक्तानी पाउने | प्रयोजन | भुक्तानी रकम | कैफियत |
|---|---|---|---|---|
| ५-२०७९।५।१५ | करिसमा निर्माण सेवा | | ३७,५७३ | बिल भरपाई पेश हुनुपर्ने |
| ४९-२०७९।६।१४ | जय माँ भवानी भेट कन्सर्न | औषधि खरिद | ५, ९९ , ९८९ | खरिद प्रक्रियाको कागजात, जिन्सी दाखिला, खर्च तथा मौज्दातको विवरण पेश हुनुपर्ने |
| ५७-२०७९।६।२७ | निर्मल कुमार सिंह | गाडी भाडा | १५००० | कुन प्रयोजनको लागि भुक्तानी ,लगबुक पेश हुनुपर्ने, संझौता पेश हुनुपर्ने |
| ६१-२०७९।६।२८ | श्री विधुत उपभोक्ता समिति | एम्बुलेन्स सेवा वापत भुक्तानी | २, ५० , ००० | संझौतानुसार सेवा दिएको बिरामीको त्रैमासिक प्रतिवेदन पेश हुनुपर्ने |
| ९२-२०७९।७।४ | स्वस्तिक प्रेस | छपाई सम्बन्धि रसिद र किताब खरिद | ४६७२५५ | खरिद प्रक्रियाको कागजात, जिन्सी दाखिला, खर्च तथा मौज्दातको विवरण पेश हुनुपर्ने |
| १६०-२०७९।८।२० | नेपाल रेडक्रस रक्त संचार केन्द्र | ब्लड बैंकमा अनुदान | १, ०० , ००० | संझौतानुसार बिरामिलाई उपलब्ध गराएको रगतको हिसाब पालिकाले पेश हुनुपर्नेमा पेश नभएकोले पेश हुनुपर्ने |
| ३६१-१०।२६ | स्वस्तिक प्रेस | प्रश्न पत्र छपाई | २४८५६१ | खरिद प्रक्रियाको कागजात, जिन्सी दाखिला, खर्च तथा मौज्दातको विवरण र विद्यार्थी संख्या पेश हुनुपर्ने |
| ४२९-२०७९।१२।५ | श्री जनता आधारभुत विधालय पथरैया | कक्षा कोठा मर्मत | ६०,९७४ | लागत अनुमान, कार्यसम्पन्न प्रतिवेदन, नापि किताब र रु.३४५७४। को सक्कल बिल पेश हुनुपर्ने |
| ४९७-२०८०।१।६ | अलिसा एण्ड अरुण इम्पेक्स | खेलकुद सामग्री | २, ९९ , ०५४ | वितरण भरपाई पेश हुनुपर्ने |

| | | | | |
|---|---|---|---|---|
| ५१९-२०८०।१।१४ | नेपाल विधुत प्राधिकरण | पोल सार्ने कार्य | १, ०२ , ३७७ | लागत अनुमानको तयारको आधार पेश हुनुपर्ने |
| ४७८-२०७९।१२।२२ | ओबाई दुल्लाह देवान | गाडी भाडा | ५५००० | कुन प्रयोजनको लागि भुक्तानी ,लगबुक पेश हुनुपर्ने, संझौता पेश हुनुपर्ने |
| ६४०-२०८०।३।१९ | मंजित एग्रोभेट सिड सेन्टर | मिक्स मिनिकिट | १६०००० | वितरण भरपाई पेश हुनुपर्ने |
| ६४९-२०८०।३।२० | श्री नेपाल राष्ट्रिय आधारभुत विद्यालय पटेर्वा | बृक्षारोपण कार्यक्रम | ३९३५४ | बृक्षारोपण संख्या र प्रतिवेदन पेश हुनुपर्ने |
| ६८५-२०८०।३।२३ | रेयाज खान | विद्युत महसुल | ६५,९२५ | विद्युत प्राधिकरणलाई विद्युत महसुल बुझाएको प्रमाण पेश हुनुपर्ने |
| ६९५-२०८०।३।२३ | श्री जयदुर्गे दलित आधारभूत विधालय मोरटोल पटेर्वासुगौली -५ | बुक कर्नर, बालविकास अनुदान, लेखापरीक्षण, पोर्टफोलियो, EGRP, नपुग पाठ्यपुस्तक | ८३३१४ | बिल भरपाई र प्रतिवेदन पेश हुनुपर्ने |
| ६९८-२०८०।३।२३ | मानसरोवर मेडिहेल्थ प्रा लि | औषधि खरिद | ४९९५०३ | खरिद प्रक्रियाको कागजात, दाखिला, खर्च र मौज्दातको विवरण पेश हुनुपर्ने |
| ७२०-२०८०।३।२४ | दाखिला | | ३७१०५४ | दाखिला भौचर पेश हुनुपर्ने |
| ७३४-२०८०।३।२४ | सारधा सप्लायर्स | विभिन्न सामग्री खरिद | १२१५९९ | खरिद प्रक्रियाको कागजात, दाखिला, खर्च तथा मौज्दातको विवरण पेश हुनुपर्ने |
| ७५२-२०८०।३।३१ | छैठौं जगनाथ साह | सुनौलो हजार दिन सम्बन्धि तालिम | १९४४०० | सुनौलो हजार दिनको महिलाको नामावली पेश हुनुपर्ने |
| | जम्मा | | ३,७७०,९३२ | |

**बेरूजु दफा १२५ सँग सम्बन्धित विवरण - अनुसूची -७**

| गो भौ नं मिति | भुक्तानी पाउने | प्रयोजन | भुक्तानी हुनुपर्ने | भुक्तानी भएको रकम | बढी |
|---|---|---|---|---|---|

| | | | | | |
|---|---|---|---|---|---|
| | | | रकम | | |
| ६४४-२०८०।३।२० | रंगपुर युवा समाज | कार्ययक्रम (साउण्ड सिस्टममा बढी रकम भुक्तानी) | १९००० | २५००० | ६००० |
| | | कार्ययक्रम (अतिथि सहभागि नास्ता बढी रकम भुक्तानी) | २४००० | ४५००० | २१००० |
| ५५७-२०८०।२।१० | श्रीराम जानकी आयल सेन्टर | इन्धन | ४५२००४ | ४६१५१२ | ९५०८ |
| ६५९-२०८०।३।२० | | | ८५०५१७ | ८५८९७८ | ८४६१ |
| ७५२-२०८०।३।३१ | छैठौं जगनाथ साह | सुनौलो हजार दिन सम्बन्धि तालिम | ३५४४०० | ३६००० | ५६०० |
| ७२२-२०८०।३।२४ | पाहु माझी मुसहर | संचार महसुल | २०००० | ४०००० | २०००० |
| | जम्मा | | | | ७०५६९ |

**बेरूजु दफा १४७.१ सँग सम्बन्धित विवरण - अनुसूची -८**

| गो.भौ.नं. मिति | भुक्तानी पाउने | कार्यक्रम | भुक्तानी हुनुपर्ने | भुक्तानी भएको | बढी | कर कट्टी पश्चात रकम |
|---|---|---|---|---|---|---|
| ७५५-२०८०।३।३१ | सई केशराज कुमार चौधरी | प्र अ र शिक्षक तालिम | १८०० | ३६०० | १८०० | १७७३ |
| ६९६-२०८०।३।२३ | विरेन्द्र राम सार्की | लघु उद्यम विकास कार्यक्रम (डायरी, पेन , क्लियर ब्याग , डायरी , पेन १३ जना सहभागि भएकोले १३ थानको खर्च लेख्नुपर्नेमा ३५ थानको खर्च भुक्तनी) | | | ११३०० | १११३० |
| | जम्मा | | | | | १२९०३ |

**बेरूजु दफा १४७.२ सँग सम्बन्धित विवरण - अनुसूची -९**

| गो.भौ.नं. मिति | भुक्तानी पाउने | कार्यक्रम | भुक्तानी | भुक्तानी | बढी | कर कट्टी |
|---|---|---|---|---|---|---|

| | | | हुनुपर्ने | भएको | | पश्चात रकम |
|---|---|---|---|---|---|---|
| ७४८-२०८०।३।३१ | कृ अ सोनम चौधरी | व्यक्तिगत घटना अनलाईन दर्ता तालिम | १२०० | ४००० | २८०० | २३८० |
| ७५०-२०८०।३।३१ | राजकुमार प्रसाद महतो | लिजा कार्यक्रम | ६०० | २४०० | १८०० | १५३० |
| ७५२-२०८०।३।३१ | छैठौं जगनाथ साह | सुनौलो हजार दिन सम्बन्धि तालिम | ३००० | १४००० | ११००० | ९३५० |
| ५४७-२०८०।२।४ | छैठौं जगन्नाथ साह | वडा स्तरीय पोषण तथा खाध सुरक्षा निर्देशक समिति बैठक | ३००० | १०००० | ७००० | ५९५० |
| | जम्मा | | ० | | ० | १९२१० |

**बेरूजु दफा १४७.३ सँग सम्बन्धित विवरण - अनुसूची -१०**

| गो.भौ.नं. मिति | भुक्तानी पाउने | कार्यक्रम | भुक्तानी हुनुपर्ने | भुक्तानी भएको | बढी | कर कट्टी पश्चात रकम |
|---|---|---|---|---|---|---|
| ७४८-२०८०।३।३१ | कृ अ सोनम चौधरी | व्यक्तिगत घटना अनलाईन दर्ता तालिम (कार्यपत्र नरहेको) | ९६०० | १२००० | २४०० | २३६४ |
| ७५०-२०८०।३।३१ | राजकुमार प्रसाद महतो | लिजा कार्यक्रम (कार्यपत्र नरहेको) | ४८०० | ९००० | ४२०० | ४१३७ |
| | जम्मा | | | | | ६५०१ |

**बेरूजु दफा १४८ सँग सम्बन्धित विवरण - अनुसूची -११**

| गो भौ नं मिति | भुक्तानी पाउने | कर लाग्ने रकम | कर कट्टी हुनुपर्ने | कर कट्टी भएको | कम |
|---|---|---|---|---|---|
| ११-२०७९।५।३० | अब्बदुल कादिर अंसारी | ६०००० | ६००० | ० | ६००० |
| | | १२००० | ३०० | ० | ३०० |
| | | १०९५०० | १६४२ | | १६४२ |
| ३५२-२०७९।१०।१९ | सई केशरराज कुमार चौधरी | १२०००० | १२००० | ६४९० | १०१५२ |
| | | २७०००० | ४०५० | | |
| | | ६०००० | ६०० | | |

| | | | | | |
|---|---|---|---|---|---|
| ४७४-२०७९।१२।२१ | वडा सचिव अब्बदुल कादिर अंसारी | १६०७०० | १६०७० | | १६०७० |
| ४७५-२०७९।१२।२१ | | १४६६०० | १४६६० | | १४६६० |
| | | ३८२०० | ३८२ | | ३८२ |
| | | १५२०० | २२८ | | २२८ |
| ५४६-२०८०।२।४ | छैठौं जगनाथ साह | ३५००० | ३५०० | ५२५ | २९७५ |
| ५६६-२०८०।२।१६ | सि अ हे व जगनाथ साह | ७८००० | ७८०० | ११७० | ६६३० |
| ५६८-२०८०।२।१६ | प्रमोद कुमार कर्ण | ९०००० | ९००० | १३५० | ७६५० |
| ६४४-२०८०।३।२० | रंगपुर युवा समाज | ५१५०० | ५१५० | ७७२ | ४३७७ |
| ७०७-२०८०।३।२४ | वडा सचिव अब्बदुल कादिर | १२०००० | ९६५० | ० | ९६५० |
| ७०८-२०८०।३।२४ | | ९९००० | ९९०० | ० | ९९०० |
| | | १९२०० | २८८ | ० | २८८ |
| ७३९-२०८०।३।३१ | वडा सचिव अब्बदुल कादिर अंसारी | ३००००० (अग्रिम कर, सामाजिक सुरक्षा कर, बहाल कर, ढुवानी कर) | ११४९० | ० | ११४९० |
| ७४०-२०८०।३।३१ | संजित प्रसाद यादव | ९१००० | ९१०० | ० | ९१०० |
| | | २०९००० | ३१३५ | ० | ३१३५ |
| ७४२-२०८०।३।३१ | श्यामसुन्दर चौधरी थारु | १२००० | १२०० | ० | १२०० |
| ७४६-२०८०।३।३१ | बिरेन्द्र प्रसाद चौधरी | ४९७०० | ४९७० | ० | ४९७० |
| | | १७२३५ | २५८ | ० | २५८ |
| ७५२-२०८०।३।३१ | छैठौं जगनाथ साह | | ८५१२ | ० | ८५१२ |
| ७५४-२०८०।३।३१ | छैठौं जगन्नाथ साह | २४०१४४ | ३६०२ | ० | ३६०२ |
| | | ७५००० | ७५०० | ० | ७५०० |
| ७५६-२०८०।३।३१ | कृ अ सिमा चौधरी | १००००० | १५०० | ० | १५०० |
| | | १०००० | १००० | | १००० |
| | जम्मा | | | | १४३१७१ |

नोटः प्रारम्भिक लेखापरीक्षण प्रतिवेदन (PAR) र अन्तिम लेखापरीक्षण प्रतिवेदन (FAR) मा जारी भएको दफाको क्रम संख्या हेरफेर हुन सक्नेछ ।